"हामी दिप्रुङ चुईचुम्माली !
ल्याउँछौं समृद्धि अनि खुशियाली !!"

# दिप्रुङ चुईचुम्मा गाउँपालिका
# आवधिक गाउँ बिकास योजना

(आ.व.२०७६/७७ - २०८०/८१)



## दिप्रुङ चुईचुम्मा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार, खोटाङ्ग, प्रदेश नं. १, नेपाल

असार २०७५

**"हामी दिप्रुङ चुईचुम्माली !
ल्याउँछौं समृद्धि अनि खुशियाली !!"**

# दिप्रुङ चुईचुम्मा गाउँपालिका

# आवधिक गाउँ बिकास योजना

(आ.व.२०७६/७७ - २०८०/८१)

# दिप्रुङ चुईचुम्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**याङसोलाटार, खोटाङ्ग, प्रदेश नं. १, नेपाल**

**असार २०७५**

## दिप्रुङ चुईचुम्मा गाउँपालिकाको आवधिक गाउँ बिकास योजना (आ.व.२०७६/७७ - २०८०/८१)

**प्रकाशकः** दिप्रुङ चुईचुम्मा गाउँपालिका
गाउँ कार्यपालिका कार्यालय
याङसोलाटार, खोटाङ ।
सम्पर्क फोन
वेभसाइटः
इमेल :
**सर्वाधिकारः** प्रकाशकमा
**प्रकाशन वर्षः २०७६**
**मुद्रकः**

# प्राक्कथन

.................................................

**भूपेन्द्र राई**

**अध्यक्ष**

**दिप्रुङ चुईचुम्मा गाउँपालिका, खोटाङ**

# मन्तब्य

................................................

**सपना राई**

**उपाध्यक्ष**

**दिप्रुङ चुईचुम्मा गाउँपालिका, खोटाङ**

# मन्तब्य

.................................................

**भीम प्रसाद दाहाल**

**प्रमुख प्रशासकीय अधिकृत**

**दिप्रुङ चुईचुम्मा गाउँपालिका, खोटाङ**

# विषय सूची

**परिच्छेद १** १२

**परिचय** १२

*१.१ पृष्ठभूमि* १२

*१.२ योजना तर्जुमाको उद्देश्य* १२

*१.३ कानुनी तथा नीतिगत व्यवस्था* १३

*१.४ आवधिक योजना तर्जुमा तथा प्रक्रिया* १४

*१.५ सीमा* १५

**परिच्छेद २** १७

**गाउँपालिकाको वस्तुस्थिति** १७

*२.१ गाउँपालिकाको संक्षिप्त परिचय* १७

*२.१.१ भौगोलिक अवस्था, क्षेत्रफल एवं प्रशासनिक विभाजन* १७

*२.१.२ गाउँपालिकाको जनसंख्या बनौट* १८

*२.२ गाउँपालिकाको आर्थिक तथा सामाजिक अवस्था* २०

**परिच्छेद ३** २१

**संभावना र अवसर विश्लेषण** २१

*३.१ संभावना तथा अवसर* २१

*३.२ समस्या र चुनौती* २२

**परिच्छेद ४** २३

**दीर्घकालीन सोच, लक्ष्य तथा उद्धेश्य** २३

*४.१ विकासको दीर्घकालीन सोच* २३

*४.२ समष्टिगत लक्ष्य* २३

*४.३ विषयक्षेत्रगत बृहत उद्धेश्यहरु* २३

*४.४ प्राथमिकता तथा रणनीतिहरु* २४

**परिच्छेद ५** २५

**आर्थिक विकास योजना** २५

*५.३.१ कृषि विकास* २६

*५.३.२ सिंचाई* २९

*५.३.३ पशु विकास* ३०

*५.३.४ उद्योग, व्यापार तथा व्यवसाय* ३२

*५.३.५ पर्यटन विकास* ३४

*५.३.६ बैंक, वित्तीय संस्था एवं सहकारी* ३६

**परिच्छेद ६** ४०

**सामाजिक विकास योजना** ४०

*६.३ सामाजिक विकासको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम* ४०

*६.३.१ शिक्षा विकास* ४१

*६.३.२ आधारभूत स्वास्थ्य* ४३

*६.३.३ खानेपानी तथा सरसफाई* ४६

*६.३.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण* ४७

*६.३.५ युवा तथा खेलकूद* ५०

*६.३.६ भाषा, साहित्य, कला र संस्कृति* ५२

**परिच्छेद ७** ५४

**पूर्वाधार विकास योजना** ५४

*७.३ पूर्वाधार विकासको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम* ५४

*तालिका २४: पूर्वाधार विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)* ५४

*७.३.१ सडक, पुल तथा यातायात* ५५

*७.३.२ आवास, वस्ति विकास, सार्वजनिक निर्माण तथा वजार व्यवस्थापन* ५६

*७.३.३ विद्युत तथा वैकल्पिक उर्जा* ५८

*७.३.४ सूचना तथा संचार प्रविधि* ५९

**परिच्छेद ८** ६१

**वन, वातावरण तथा विपद् व्यवस्थापन** ६१

*८.३ वन, वातावरण तथा विपद व्यवस्थापनको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम* ६१

*८.४.१ वन तथा जैविक विविधता* ६२

*८.४.२ भू तथा जलाधार व्यवस्थापन* ६३

*८.४.३ वातावरण तथा स्वच्छता* ६५

*८.४.४ विपद व्यवस्थापन* ६६

**परिच्छेद ९** ६९

**सुशासन तथा संस्थागत विकास** ६९

*९.३ सुशासन तथा संस्थागत विकासको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम* ६९

*९.४.१ सुशासन, ऐन नियम तथा जवाफदेहिता* ७०

*९.४.२ संस्थागत संरचना तथा मानव संसाधन विकास* ७१

*९.४.३ वित्तीय श्रोत परिचालन* ७३

*९.४.४ योजना व्यवस्थापन* ७४

*परिच्छेद १०* ७६

**वित्तीय व्यवस्थापन योजना** ७६

*१०.१ विषय प्रवेश* ७६

*१०.२ वर्तमान अवस्था* ७६

*१०.३ अवसर तथा चुनौतीहरु* ७६

*१०.४ वित्तीय श्रोत परिचालन रणनीति* ७६

*१०.५ वजेट खर्च रणनीति* ७७

*१०.६ आय प्रक्षेपण* ७७

*१०.७ व्यय प्रक्षेपण* ७८

**परिच्छेद ११** ८०

**कार्यान्वयन योजना** ८०

*११.१ आवधिक योजना कार्यान्वयन* ८०

*११.२ मार्गदर्शन तयारी* ८०

*११.३ कार्यान्वयन विधिको छनोट* ८०

*११.४ अख्तियारी* ८०

*११.५ अनुगमनको प्रतिवेदन र समीक्षा* ८१

**परिच्छेद १२** ८२

**अनुगमन तथा मूल्याङ्कन योजना** ८२

*१२.१ पृष्ठभूमि* ८२

*१२.२ वर्तमान अवस्था* ८२

*१२.३ अवसर र चुनौती* ८२

*१२.४ उद्देश्य* ८२

*१२.५ रणनीति* ८३

*१२.६ कार्यक्रम* ८३

*१२.७ अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवार निकाय* ८३

*अनुसूची १: एकीकृत वार्षिक योजना तर्जुमाको ढाँचा* ८५

*अनुसूची २: विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम* ८६

*अनुसूची ३: आवधिक विकास योजना तर्जुमा कार्यमा संलग्न विषयगत समितिको विवरण* ८७

*अनुसूची ४: आवधिक विकास योजना तर्जुमा गोष्ठीका सहभागीको विवरण* ८९

तालिका सूची

*तालिका १: वडा कार्यालय सम्वन्धी विवरण* १७

*तालिका २: वडागत घरधुरी संख्या र जनसंख्या सम्वन्धी विवरण* १८

*तालिका ३: उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण* १८

*तालिका ४: वडागत रुपमा मातृभाषा सम्वन्धी विवरण* १९

*तालिका ५: मुख्य धर्म अनुसार घरधुरी संख्याको विवरण* १९

*तालिका ६: वडागत रुपमा जातियता सम्वन्धी विवरण* १९

*तालिका ७: मूख्य पेशा सम्वन्धी विवरण* २०

*तालिका ८: लक्ष सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)* २३

*तालिका ९: आर्थिक विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)* २६

*तालिका १०: कृषि विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)* २६

*तालिका ११: सिंचाई विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)* २९

*तालिका १२: पशुपंछी विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)* ३०

*तालिका १३: उद्योग, व्यापार तथा व्यवसाय विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)* ३३

तालिका १४: पर्यटन व्यवसाय विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ३५
तालिका १५: बैंक, वित्तीय सेवा तथा सहकारी विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ३६
तालिका १६: बैदेशिक रोजगारी तथा सुरक्षित आप्रवासनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ३८
तालिका १७: सामाजिक विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ४०
तालिका १८: शैक्षिक विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ४१
तालिका १९: आधारभूत स्वास्थ्य सेवाको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ४४
तालिका २०: खानेपानी तथा सरसफाईको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ४६
तालिका २१: सामाजिक समावेशीकरणको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ४८
तालिका २२: युवा तथा खेलकूद विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ५१
तालिका २३: कला, भाषा, साहित्य तथा संस्कृति विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ५२
तालिका २५: सडक तथा यातायात पूर्वाधार विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ५५
तालिका २६: आवास तथा वस्ति विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ५७
तालिका २७: बिद्युत तथा उर्जा विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ५८
तालिका २८: संचार तथा सूचना प्रविधि विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ५९
तालिका २९: वन, वातावरण तथा विपद व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ६१
तालिका ३०: वन तथा जैविक विविधता विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ६२
तालिका ३१: भूमि तथा जलाधार व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ६४
तालिका ३२: वातावरण व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ६६
तालिका ३३: विपद व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ६७
तालिका ३४: सुशासन तथा संस्थागत विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ६९
तालिका ३५: सुशासन तथा जवाफदेहिताको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ७०
तालिका ३६: मानव संस्थागत विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ७२
तालिका ३७: वित्तीय श्रोत परिचालनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ७३
तालिका ३८: योजना व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ७५
तालिका ३९: प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट ७७
तालिका ४०: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट ७८
तालिका ४१ : स्थानीय गौरवका आयोजनाको अनुमानित वजेट रकम ७९
तालिका ४२: आवधिक योजनाको अनुमगन तथा मूल्यांकन प्रक्रिया ८४

## शब्द संक्षेप

| | | |
|---|---|---|
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभूत विद्यालय |
| कि.मि. | : | किलोमिटर |
| गा.पा. | : | गाउँपालिका |
| जिसस | : | जिल्ला समन्वय समिति |
| नपा | : | नगरपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| मेट | : | मेट्रिक टन |
| रु. | : | रुपैंयाँ |
| लि | : | लिटर |
| हे. | : | हेक्टर |

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान तथा स्थानीय तह संचालन सम्बन्धी संघीय कानुन स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्थाको आधिनमा रही योजना तर्जुमा सम्बन्धमा यस अघि भए गरेका प्रयास एवं अभ्यास, विभिन्न कार्यविधि तथा निर्देशिका तथा गाउँपालिकाले तयार गरेको पार्श्वचित्र समेतको आधारमा गाउँ विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी दिप्रुङ चुईचुम्मा गाउँपालिकाले यो एकीकृत प्रथम आवधिक गाउँ विकास योजना (२०७६/०७७-२०८०/८१) तर्जुमा गरिएको छ ।

यो योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी वातावरण, बालमैत्री शासन, सुशासन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित पक्षलाई समेत मनन गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को भावना अनुसार योजना तर्जुमा गर्दा आर्थिक बिकास, गरिबी निवारण, रोजगार, आय वृद्धि, दीगो बिकास, स्थानीय साधन श्रोत र सीपको अधिकतम उपयोग, छिट्टै प्रतिफल प्राप्त हुन सक्ने क्षेत्र र कम लागत एवं स्थानीय वासिन्दाहरुको सहभागिता जुट्न सक्ने पक्षहरुलाई प्राथमिकता दिइएको छ । यसै गरी योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम गाउँ सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, गाउँपालिका क्षेत्रमा क्रियाशिल राजनीतिक दलहरू, नागरिक समाज तथा अन्य सरोकारवालापक्षको सहभागिता सुनिश्चित गरिएको छ ।

आवधिक गाउँ विकास योजना तर्जुमाका क्रममा यस गाउँपालिकाको विकास प्रयासमा विभिन्न विषयगत क्षेत्रको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी संभावना र अवसरको पृष्ठभूमिमा गाउपालिकाको दिर्घकालिन सोच वा दूरदृष्टि, आवधिक लक्ष्य, क्षेत्रगत उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमहरु तर्जुमा गरिएको छ । यस योजनाले गाउपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि अवलम्वन गर्नुपर्ने नीति, कार्यक्रम र श्रोत बिनियोजनको लागि मार्गदर्शन तथा उपलव्धीहरुको अनुगमनको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षका लागि लक्ष्य किटान गरी त्यसका लागि श्रोत परिचालनको खाका तय गरिएको छ । गाउपालिकाले आगामी वर्षहरुको बार्षिक योजना तर्जुमाको क्रममा यो आवधिक गाउँ विकास योजना महत्वपूर्ण मार्गदर्शक सावित हुने विश्वास गरिएको छ ।

## १.२ योजना तर्जुमाको उद्देश्य

गाउँपालिका क्षेत्रको समष्टिगत आर्थिक सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधि भित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँपालिकालाई आफूले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोऱ्याउने काम गर्दछ । गाउँपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रबाट गाउँपालिकाको विकासका लागि लगानी हुने श्रोत साधनलाई एक स्थानमा ल्याई एकीकृत, समन्वयित तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक गाउँ विकास योजना तर्जुमाको मूख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु देहायअनुसार छन् ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा आवधिक गाउँ बिकास योजना तर्जुमा गर्ने
- सहभागितामूलक पद्धतिबाट गाउँको समग्र बिकासको दीर्घकालीन सोच, आवधिक लक्ष्य निर्धारण गरी आधार सूचक र लक्ष्य परिमाणको आधारमा उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रमहरुको खाका बनाई गाउँपालिकाको वार्षिक कार्यक्रम तयार पार्न सहज बनाउने

- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा महत्वपूर्ण बिकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्गनिर्देशित गर्ने
- समष्टि र विषय क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) तयार गर्न र बिकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने
- गाउँपालिकामा लगानी गर्न आन्तरिक तथा बाह्य श्रोतसाधन परिचालनको खाका (Frame) तयार हुने

## १.३ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश कानुन र नीति तथा तथा स्थानीय कानुन र नीति बमोजम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनुपर्ने हुन्छ। नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । नेपाल सरकारबाट अन्तर्राष्ट्रिय सभा सम्मेलन मार्फत प्रतिवद्धता जनाइएका विकाससंग सम्बन्धित विषयहरुलाई र सन् २०३० सम्म उपलब्धि हासिल गरिनुपर्ने दीगो विकासका लक्षलाई स्थानीयकरण गरी कार्यान्वयन गरिनुपर्ने भएकोले तदानुसार समेत रणनीति तय गरिएको छ। स्थानीय शासन संचालन सम्बन्धी संघीय कानुन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नुपर्ने समेत व्यवस्था गरेकाले ती विषयलाई मनन् गरी कार्य गरिएको छ।

- मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरिएको।
- स्थानीय बुद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराईएको, ।
- कार्यक्रम र प्रमुख आयोजनाहरुको स्रोत साधनको पूर्वानुमान र योजना कार्यान्वयन तालिका तयार गरिएको।
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोगको अपेक्षा गरिएको।
- स्थानीयस्तरका विकास आयोजनाहरुको वार्षिक योजना तर्जुमा गर्दा आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको गाउँपालिकाबाट प्रतिवद्धता प्राप्त भएको।
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने व्यवस्था रहेकोले वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा उक्त प्रकृया अवलम्बन गर्ने सबै सरोकारवालाहरुको प्रतिवद्धता रहेको पाईएको।

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनैपनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने गरी नीतिको परिपालना भई अधिकतम श्रोत परिचालनमा ध्यान पुर्‍याउने प्रतिवद्धता नेतृत्वबाट जाहेर भएको ।

संवैधानिक दायित्व तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानुनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानुनी तथा नीतिगत दस्तावेजमा उल्लिखित यस गाउँपालिकाका सन्दर्भमा उपयुक्त हुने विषयहरुलाई स्थानीयकरण गर्ने आधार समेत लिइएको छ : दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय भू उपयोग नीति, २०६९, विषयगत ऐन तथा नीतिहरू, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु, राष्ट्रिय योजनाबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका, राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू ।

## १.४ आवधिक योजना तर्जुमा तथा प्रक्रिया

यस गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक गाउँ विकास योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ ।

### १.४.१ योजना अभिमुखीकरण कार्यशाला गोष्ठी

आवधिक योजना तर्जुमा गर्ने गाउँपालिकाको निर्णय बमोजिम गाउँपालिकाको

आयोजनामा २०७५ साल पौष २४, २५ र २६ गते आवधिक योजना तर्जुमा र गाउ पार्श्वचित्र निर्माण बिधि, प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यशाला सम्पन्न गरी योजना तर्जुमा कार्य अगाडि बढाइयो ।

| आवधिक विकास योजना तर्जुमा प्रक्रिया | |
|---|---|
| **चरण** | **गतिविधि** |
| पहिलो | आवधिक योजना तर्जुमाका गर्ने सम्बन्धी निर्णय र पूर्व तयारी |
| दोश्रो | योजना अभिमुखीकरण कार्यशाला गोष्ठी |
| तेश्रो | आधारवर्ष सूचना तथा तथ्यांक विश्लेषण |
| चौथो | योजना तर्जुमा कार्यशाला गोष्ठी (अवधारणा विकास) |
| पाँचौ | योजना तर्जुमा कार्यशाला गोष्ठी ( विषय क्षेत्रगत रणनीति र कार्यक्रम बिकास) |
| छैटौ | एकीकृत योजना दस्तावेज तयारी |
| सातौं | योजना प्रमाणीकरण कार्यशाला |
| आठौ | अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन |

### १.४.२ आधारवर्ष सूचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमा कार्यमा सघाउने महत्वपूर्ण सूचनाको आधारको रुपमा गाउँपालिकाको पार्श्वचित्रमा उल्लेखित वस्तुगत विवरण अनुसारको गाउँपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरिएको थियो ।

### १.४.३ आवधिक योजना तर्जुमा गोष्ठी

विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा २०७६ साल बैशाख २९, ३० र ३१ गते योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरियो । गाउँपालिकाको नेतृत्व तथा विषयगत समितिहरुका संयोजक, गाउँ विकासका सरोकारवालाको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न योजना तर्जुमा गोष्ठीमा गाउँ विकासको दीर्घकालीन सोच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objectives) तथा रणनीति (Strategies), संभावना तथा समस्या विश्लेषण, विषय क्षेत्रगत रणनीतिक उद्धेश्य (Outputs) एवं लक्ष्य निर्धारण (Targets) एवं वार्षिक कार्यान्वयन तालिका निर्धारण गर्ने कार्य सम्पन्न गरिएको थियो ।

यस क्रममा सवै विषयक्षेत्रगत विकास अवधारणा, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य र आवश्यक श्रोतमा सहमति गरिएको थियो । गाउँपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न गाउँपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी ५ बर्ष अवधिको योजना प्रारम्भिक मस्यौदा तयार गरिएको थियो । योजनालाई बार्षिक योजना (बार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र

नियमित अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरिएको छ ।

### १.४.४ योजना दस्तावेज तयारी

आवधिक योजना तयारीका क्रममा विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवं निश्कर्षका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ । योजना दस्तावेजलाई मूख्य बाह्र परिच्छेदमा विभाजन गरिएको छ जसअनुसार परिचय, गाउँपालिकाको वस्तुस्थिति, संभावना तथा अवर विश्लेषण, दीर्घकालीन सोच, लक्ष्य तथा उद्धेश्य, आर्थिक विकास योजना, सामाजिक विकास योजना, पूर्वाधार विकास योजना, वन, वातावरण तथा विपद् व्यवस्थापन योजना, सुशासन तथा संस्थागत विकास योजना, वित्तीय व्यवस्थापन योजना, कार्यान्वयन योजना र अनुगमन तथा मूल्यांकन योजना रहेका छन् । आवधिक योजनाको प्रारम्भिक लेखन विभिन्न सरोकारवाला समितिहरुबाट भएको र त्यस प्रारुपलाई योजनाविद् तथा विषयविज्ञहरुको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा आवधिक योजना दस्तावेज परिमार्जन गरिनुका साथै स्थानीय तहका अधिकार क्षेत्रका प्राय सबै विषय एवं प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढंगबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ ।

### १.४.४ योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

गाउँपालिकामा प्रस्तुत गरेको ढाँचा सहभागितामूलक कार्यशाला तथा परामर्श, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार गरेको योजनाको दस्तावेजलाई स्थानीय तहका सरोकारवाला माझ प्रस्तुत गरी वृहत छलफल पश्चात प्राप्त सुझाव समेतलाई समावेस गरी अन्तिम रुप दिएको यो आवधिक गाउ बिकास योजना  गाउँ सभाबाट प्राप्त अधिकार अन्तर्गत गाउ कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

### १.५ सीमा

यस आवधिक गाउँ विकास योजना तर्जुमाका सीमाहरू निम्नबमोजिम रहेका छन्

- आवधिक गाउँ विकास योजना तर्जुमा क्रममा गरिने वस्तुस्थिति बिश्लेषणको लागि आवश्यक आधार तथ्याङ्क तथा सूचना श्रोतको रुपमा गाउँ पार्श्वचित्रलाई लिइएको छ । यस गाउँपालिकाको सन्दर्भमा पनि घरधूरी तहको हकमा घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क, वडातह र संस्थागत क्षेत्रबाट प्राप्त तथ्याङ्क सूचनालाई नै आधार बनाउने अधिकतम प्रयास गरिएको छ । बिषय क्षेत्रगत तथ्याङ्क तथा सूचनामा कुनै दुविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ । यसका साथै केन्द्र, प्रदेश तथा जिल्ला तह लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ ।
- आवधिक गाउँ विकास योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको रणनीतिक र मार्गदर्शक योजनाको खाका मात्र भएकोले गाउँपालिकाको वस्तुस्थिति विश्लेषणको आधारमा दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयगत क्षेत्र, उद्देश्य, रणनीति, प्राथमिकता क्षेत्र निर्धारणको आधारमा मूख्य मूख्य कार्यक्रम तहसम्म मात्र केन्द्रित छ ।  प्रचलित कानुन बमोजिम स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक वार्षिक योजना तर्जुमा पद्धतिबाट कार्यक्रम छनोट गर्नु पर्ने व्यवस्थालाई दृष्टिगत गरी समुदाय तथा वडास्तरका कार्यक्रमले समेटिनु पर्ने क्रियाकलाप तहका परियोजनाहरु समावेश गरिएको छैन ।
- प्रदेशस्तरमा प्रदेश सरकारले प्रादेशिक योजना तर्जुमाको क्रममा रहेको हुँदा प्रादेशिक र संघीय सरकारका विषय क्षेत्रभित्रका साझा अधिकारका क्षेत्रभित्र पर्ने योजना तथा कार्यक्रम यकिन गर्न सकिने अवस्था भइनसकेको हुँदा यो आवधिक योजनाले समेटेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइसकेको अवस्था नहुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन ।


- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिकाले उक्त श्रोत साधनको प्रक्षेपण गरिनसकेकोले योजना तर्जुमाको यथार्थ श्रोत साधनको प्रक्षेपण हुन सकेन र अनुमानित श्रोतमात्र प्रक्षेपण गरिएको छ ।
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापनको यथार्थ प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद २
# गाउँपालिकाको वस्तुस्थिति विश्लेषण

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

चाम्लिङ राईको वाहुल्यता रहेको यस गाउँपालिकाको नामाकरण चाम्लिङ भाषाबाट भएको पाईन्छ। चाम्लिङ राई भाषामा दिप्रुङको अर्थ 'लेक' भन्ने हुन्छ। सुवेदार हर्कमान चाम्लिङको चाम्लिङ नेपाली अंग्रेजी शव्दकोष अनुसार खेतीपाती तथा पशुपालनका लागि लेकमा गोठ वनाई बस्ने चलन अनुसार वेंशीबाट लेकतर्फ अस्थाई वसाईसराई गर्ने क्रममा लेकलाई दिप्रङ भन्न थालिएको हुन सक्छ। त्यस्तै चाम्लिङ भाषामा डाँडालाई 'चुङ' वा 'चुङमा' भन्ने गरिन्छ। त्यही 'चुङमा' शव्द अपभ्रंश हुदै 'चुम्मा' भएको देखिन्छ। तसर्थ दिप्रुङ र चुम्मा मिलेर गाउँपालिकाको नामाकरण भएको मान्न सकिन्छ।

### २.१.१ भौगोलिक अवस्था, क्षेत्रफल एवं प्रशासनिक विभाजन




खोटाङ जिल्लाका ८ वटा गाँउपालिकाहरु मध्ये दिप्रुङ चुइचुम्मा गाउँपालिका प्राकृतिक स्रोत साधन र सुन्दरताले भरिपूर्ण गाउँपालिका हो। यो गाउँपालिकाको सदरमुकाम खोटाङ जिल्ला सरदरमुकाम दिक्तेल ( रुपाकोट मझुवागढी नगरपालिका) देखि दक्षिण भेगमा करीव २१ कोष (६७.२ कि.मि.)को दूरीमा अवस्थित छ। साविकका याम्खा, टेम्मा, डाँडागाँउ, छोरम्बु, बतासे, छितापोखरी र सत्तेश्वर छितापोखरी गा.वि.सहरु समावेश भएर वनेको यस गाउँपालिकाका ७ वटा प्रशासनिक वडामा बिभाजन गरिएको छ भने कुल क्षेत्रफल १३६.५० वर्ग किमी रहेको छ । यस गाँउपालिकाको पूर्वमा साकेला गाँउपालिका, उत्तरमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका र साकेला गाँउपालिका, पश्चिममा हलेशी तुवाचुङग नगरपालिका र उदयपुर जिल्लासँग र दक्षिणमा खोटेहाङ गाँउपालिका रहेको छ।

सात वटा वडामा बिभाजित दिप्रुङ चुइचुम्मा गाउँपालिकामा क्षेत्रफलका हिसावले सवैभन्दा ठूलो वडा नं. ४ हो भने सवैभन्दा सानो वडा नं. ३ हो। गाउँपालिकाको प्रशासनिक विभाजन तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १: वडा कार्यालय सम्वन्धी विवरण**

| वडा नं | वडा कार्यालय रहेको स्थान | क्षेत्रफल बर्ग किमी | स्वामित्व |
|---|---|---|---|
| १ | १ नं. वडा कार्यालयको भवन, याम्खा | १७.३ | आफ्नै |
| २ | २ नं. बडा कार्यालय भवन, डाँडागाँउ | १४.३९ | आफ्नै |
| ३ | ३ नं. बडा कार्यालय, छोरम्बु | १०.७७ | आफ्नै |
| ४ | ४ नं. बडा कार्यालय, बतासे | ३७.२३ | आफ्नै |
| ५ | ५ नं. वडा कार्यालय, सप्तेश्वर छितापोखरी | १५.७४ | आफ्नै |
| ६ | ६ नं. वडा कार्यालय, छितापोखरी | २३.१७ | आफ्नै |
| ७ | ७ नं. वडा कार्यालय, टेम्मा | १७.९ | आफ्नै |
| | जम्मा | १३६.५० | |

*श्रोत: दिप्रुङ चुइचुम्मा गाउँपालिका २०७५*

पहाडी भूभाग भएका कारण यस गाउँपालिकाको जमिन भिरालो प्रकृतिको छ भने यहाँ सुख्खा जमिन ०.०७ वर्ग किमि, झाडी १.७६ वर्ग किमि, कृषियोग्य जमिन ७६.९१ वर्ग किमि, वन ५२.०६ वर्ग किमि, चरन ४.४६ वर्ग किमि, वालुवा ०.५६ वर्ग किमि, र पानीढलो ०.६५ वर्ग किमि रहेको छ।

### २.१.२ गाउँपालिकाको जनसंख्या बनौट

कुल २२३८७ जनसंख्या तथा ३७५२ घरधुरी रहेको दिप्रुङ चुइचुम्मा गाउँपालिकामा सवैभन्दा वढी जनसंख्या वडा नं. ७ मा (४३७६) र सबैभन्दा कम जनसंख्या वडा नं. ६ मा (२३२६) रहेको छ। त्यस्तै यस गाउँपालिकाको वडागत घरधुरी संख्या सबैभन्दा बढी वडा नं. ७ मा ६८८ र सबैभन्दा कम वडा नं. ६ मा ३८५ रहेको छ। जनसंख्या तथा घरधुरी संख्या सम्वन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २: वडागत घरधुरी संख्या र जनसंख्या सम्वन्धी विवरण**

| वडा नं. | घरघुरी | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५२६ | १५४६ | १४६४ | १ | ३०११ |
| २ | ५११ | १५३२ | १४६९ | | ३००१ |
| ३ | ४७१ | १४२० | १३०७ | | २७२७ |
| ४ | ६५९ | २०१६ | १९५७ | | ३९७३ |
| ५ | ५१२ | १५२२ | १४५१ | | २९७३ |
| ६ | ३८५ | १२३१ | १०९५ | | २३२६ |
| ७ | ६८८ | २२४९ | २१२७ | | ४३७६ |
| **जम्मा** | **३७५२** | **११५१६** | **१०८७०** | **१** | **२२३८७** |

*श्रोतः दिप्रुङ चुईचुम्मा गाउँपालिकाको पार्श्वचित्र २०७५*

उमेरगत जनसंख्याकाको सन्दर्भमा दिप्रुङ चुइचुम्मा गाउँपालिकामा सवैभन्दा बढी जनसंख्या २० देखि २४ वर्ष उमेर समूह अन्तरगत रहेको देखिन्छ। जसअनुसार महिलाको जनसंख्या १२७१ तथा पुरुषको जनसंख्या १२२१ गरी कूल जनसंख्या २४९२ छ। त्यसैगरी सवैभन्दा कम जनसंख्या ६५ देखि ६९ उमेर समुह अन्तरगत रहेको देखिन्छ। उमेर समूह तथा लिङ्ग अनुसार गाउँपालिकाको जनसंख्यालाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३: उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण**

| उमेर समुह (वर्ष) | महिला | पुरुष | तेस्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|
| ० – २ | ४२० | ५०१ | | ९२१ |
| २ – ४ | ५३७ | ५३४ | | १०७१ |
| ५ – ९ | १०६५ | ११६१ | | २२२६ |
| १० – १४ | १२७१ | १२२१ | | २४९२ |
| १५ – १९ | ११९० | १२५२ | | २४४२ |
| २० – २४ | ११४७ | १३१६ | १ | २४६४ |
| २५ – २९ | १००८ | ११११ | | २११९ |
| ३० – ३४ | ७३८ | ९०० | | १६३८ |
| ३५ – ३९ | ६४६ | ६९७ | | १३४३ |
| ४० – ४४ | ५४४ | ५९४ | | ११३८ |
| ४५ – ४९ | ४३२ | ४२२ | | ८५४ |
| ५० – ५४ | ४४७ | ४४१ | | ८८८ |
| ५५ – ५९ | ३४४ | ३२६ | | ६७० |
| ६० – ६४ | ३४९ | ३५२ | | ७०१ |
| ६५ – ६९ | २११ | २११ | | ४२२ |
| ७० – ७४ | २५० | २०७ | | ४५७ |
| ७५ भन्दा माथि | २७१ | २७० | | ५४१ |
| **जम्मा** | **१०८७०** | **११५१६** | **१** | **२२३८७** |

*श्रोतः दिप्रुङ चुईचुम्मा गाउँपालिकाको पार्श्वचित्र २०७५*

मातृभाषाका आधारमा दिप्रुङ चुइचुम्मा गाउँपालिकामा नेपाली भाषी कूल जनसंख्याको ६७ प्रतिशत तथा किँरात भाषी १८.२३ प्रतिशत रहेका छन । मातृभाषाका आधारमा गाउँपालिका भित्र रहेको घरधुरी संख्यालाई तालिका ४ मा देखाईएको छ ।

### तालिका ४: वडागत रुपमा मातृभाषा सम्वन्धी विवरण

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ४३२ | ४५७ | १६२ | ६४२ | ४९६ | १६१ | १७४ | **२५२४** | ६७.२७ |
| २ | राई | ६८ | ३७ | २२० | १६ | १५ | १२२ | २०६ | **६८४** | १८.२३ |
| ३ | मगर | ८ | - | १० | - | - | ९ | २०४ | **२३१** | ६.१५ |
| ४ | तामाङ | - | १७ | ५८ | | १ | ७८ | - | **१५४** | ४.१० |
| ५ | नेवारी | १८ | - | २१ | १ | - | - | - | **४०** | १.०६ |
| ६ | अन्य | - | - | - | - | - | १५ | १०४ | **११९** | ३.१७ |
| | **जम्मा** | **५२६** | **५११** | **४७१** | **६५९** | **५१२** | **३८५** | **६८८** | **३७५२** | **१००.००** |

*श्रोत: दिप्रुङ चुईचुम्मा गाउँपालिकाको पार्श्वचित्र २०७५*

### तालिका ५: मुख्य धर्म अनुसार घरधुरी संख्याको विवरण

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हिन्दु | ४८७ | ४३४ | २८६ | ६५५ | ४९६ | १८० | १७६ | **२७१४** | ७२.३३ |
| २ | बौद्ध | - | ३३ | २९ | १ | ८ | ८३ | २०६ | **३६०** | १७.७७ |
| ३ | किराँत | ३९ | ४३ | १५४ | ३ | ८ | १२२ | २९८ | **६६७** | ९.५९ |
| ४ | क्रिस्चियन | - | १ | २ | - | - | - | ८ | **११** | ०.२९ |
| | **जम्मा** | **५२६** | **५११** | **४७१** | **६५९** | **५१२** | **३८५** | **६८८** | **३७५२** | १०० |

*श्रोत: दिप्रुङ चुईचुम्मा गाउँपालिकाको पार्श्वचित्र २०७५*

जातिगत आधारमा हेर्दा खासगरी मंगोलियन र आर्य सम्प्रदाय अन्तर्गतका विभिन्न जातजातिहरू वाहुल्यता रहेको यस गाउँपालिकामा राई, क्षेत्री, तामाङ्ग, मगर, गुरूङ्ग, आदि मुख्य जातजाती रहेका छन् । गाउँपालिकाका मुख्य जातजातिको विवरण तालिका ८ मा प्रस्तुत गरिएको छ ।

### तालिका ६: वडागत रुपमा जातियता सम्वन्धी विवरण

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | राई | १२६ | ५५ | ११८ | ३०६ | ८६ | १२२ | ३१३ | **११२६** | ३०.०१ |
| २ | क्षेत्री | २२६ | २५८ | ८८ | ११६ | ३१३ | १४२ | ८४ | **१२२७** | ३२.७० |
| ३ | मगर | १६ | २ | १२ | १ | - | ९ | २०७ | **२४७** | ६.५८ |
| ४ | तामाङ्ग | - | ३६ | ५८ | १२ | २० | ७७ | - | **२०३** | ५.४१ |
| ५ | भुजेल | १९ | ८ | १५ | २८ | १५ | १६ | ६ | **१०७** | २.८५ |
| ६ | नेवार | ३५ | २२ | ३१ | ६७ | २२ | - | - | **१७७** | ४.७१ |
| ७ | ब्राम्हण | ४९ | १८ | १ | ७ | ६ | - | ११ | **९२** | २.४५ |
| ८ | दमाई | १० | ४० | १२ | ७ | २० | २ | १५ | **१०६** | २.८२ |
| ९ | बि.क. / कामी | २० | ३८ | ७ | ६१ | १५ | १२ | २२ | **१७५** | ४.६६ |
| १० | अल्पसंख्यक(चाम्लिङ्ग / वान्तवा / कुलुङ्ग / थुलुङ्ग | - | ११ | १०३ | - | - | - | - | **११४** | ३.०३ |
| ११ | सार्की | २४ | १४ | १९ | १५ | - | - | २७ | **९९** | २.६३ |
| १२ | योगी / गिरी / सन्यासी / भारती / वन | - | ८ | ७ | १७ | १५ | - | - | **४७** | १.२५ |
| १३ | माझी | - | १ | - | २१ | - | - | - | **२२** | ०.५८ |
| १४ | गुरुङ्ग | १ | - | - | १ | - | - | १ | **३** | ०.०७ |
| १५ | लामा | - | - | - | - | - | १ | - | **१** | ०.०२ |
| १६ | अन्य | - | - | - | - | - | ४ | २ | **६** | ०.१५ |
| | **जम्मा** | **५२६** | **५११** | **४७१** | **६५९** | **५१२** | **३८५** | **६८८** | **३७५२** | **१००.००** |

*श्रोत: दिप्रुङ चुईचुम्मा गाउँपालिकाको पार्श्वचित्र २०७५*

## २.२ गाउँपालिकाको आर्थिक तथा सामाजिक अवस्था

नेपालमा ग्रामीण अर्थतन्त्र तथा रोजगारीको अधिकांश हिस्सा कृषि तथा पशुपालनले धानेको छ भने पछिल्ला बर्षहरुमा बैदेशिक रोजगार पनि मूख्य हिस्साको रुपमा रहेको देखिन्छ । यस गाउँपालिकाको हकमा पनि कृषि तथा वैदेशिक रोजगारी नै मूख्य पेशाको रुपमा रहेको सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले वताउँछ जस अनुसार यहाँ सवैभन्दा वढी कृषिमा ४१.८१ प्रतिशत, वैदेशिक रोजगारमा ४.४८ प्रतिशत, नोकरीमा २.७८ प्रतिशत, तथा व्यापार व्यवसायमा ०.८७ प्रतिशत जनसंख्या आश्रित रहेको देखिन्छ ।

**तालिका ७: मूख्य पेशा सम्वन्धी विवरण**

| विवरण /वडा न. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| कृषि | १३८९ | ९११ | ११९३ | १८६५ | १०८२ | ९२७ | १९९६ | ९३६२ | ४१.८१ |
| पशुपालन | ४ | १ | ७ | ० | ६ | २ | ८ | २८ | ०.१२ |
| कुखुरापालन | ० | ० | १ | ० | ३। | ० | २ | ६ | ०.०२ |
| माछापालन | ० | १ | ३ | ० | ० | ० | २ | ६ | ०.०२ |
| व्यापार | ६ | ४१ | १७ | १५ | ६३ | २८ | २६ | १९६ | ०.८७ |
| उद्योग | १ | ५ | १ | १४ | १ | १ | ७ | ३० | ०.१३ |
| नोकरी | ९१ | १८० | ९५ | २६ | ३८ | १०८ | ८५ | ६२३ | २.७८ |
| श्रमिक (सीपयुक्त) | ३ | ६० | ५ | ११ | ९ | ३४ | २३ | १४५ | ०.६४ |
| बैदेशिक रोजगार | १०३ | २०० | ५४ | १२९ | १२४ | १४२ | २५३ | १००५ | ४.४८ |
| श्रमिक | १६ | ८५ | २८ | ३२ | ३० | ९ | २९ | २२९ | १.०२ |
| विद्यार्थी | १२०४ | ९४७ | ९२८ | १८६१ | १२२९ | ९४० | १३१४ | ८४२३ | ३७.६२ |
| बेरोजगार | २१ | ५६५ | २६५ | १८ | ३२ | ५२ | ८८ | १०४१ | ४.६५ |
| अन्य | १७३ | ५ | १३० | २ | ३५६ | ८३ | ५४३ | १२९२ | ५.७७ |
| **जम्मा** | **३०११** | **३००१** | **२७२७** | **३९७३** | **२९७३** | **२३२६** | **४३७६** | **२२३८७** | **१००** |

*श्रोत: दिप्रुङ चुईचुम्मा गाउँपालिकाको पार्श्वचित्र २०७५*

दिप्रुङ चुईचुम्मा गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुसार गाउँपालिकाको साक्षरता प्रतिशत ८३ रहेको देखिन्छ । साक्षरमात्र भएको जनसंख्याको प्रतिशत १८.७३, आधारभूत शिक्षा पूरा गर्ने ३६.४१ प्रतिशत, माध्यमिक वा सो भन्दा बढी योग्यता हासिल गर्नेको प्रतिशत २८.५९ रहेको देखिन्छ । विद्यालय भर्ना नभएका र वीचैमा विद्यालय छोडेका वालवालिकाहरुको संख्या १०२७ जना रहेको देखिन्छ। गाउँपालिकाभित्र २३ वटा वाल विकास केन्द्र र ४९ वटा विद्यालय संचालनमा रहेका छन् ।

गाउँपालिकाभित्र जम्मा ७ वटा स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गरिरहेका छन् । यस क्षेत्रमा ३ वटा बर्थिङ्ग सेन्टर संचालनमा रहेका छन् भने स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको प्रतिशत ४१ रहेको छ ।

# परिच्छेद ३

# संभावना र अवसर विश्लेषण

दिप्रुङ चुईचुम्मा गाउँपालिका प्राकृतिक स्रोत साधन र सुन्दरताले भरिपूर्ण रहेको छ । पहाडी भू भागमा अवस्थित यस गाउँपालिकामा रहेको दिप्रुङ झरना र छितापोखरी जस्ता प्राकृतिक सम्पदा तथा यहाँ रहेका वन जंगल तथा अन्य प्राकृतिक दृष्यावलोकलन गर्न सकिने क्षेत्रहरुले यस क्षेत्रको विकासका लागि उल्लेख्य योगदान दिन सकिने अवस्था रहेको छ । सदरमुकाम दिक्तेल जोड्ने सडक तथा दक्षिणतर्फ खोटेहाङ गाउँपालिका हुँदै उदयपुर जिल्लाको गाईघाटसंगको सहज सडक पहुँचले यस गाउँपालिकाको आर्थिक रुपान्तरणमा टेवा पुग्न सक्ने देखिन्छ । जस अन्तर्गत साकेला र खोटेहाङ गाउँपालिका जोड्ने तावा-टुवाखोला सडक, दिप्रुङ चुईचुम्मा गाउँपालिकाबाट तराई जोड्ने रमाईलो-छितापोखरी सडक र दि.चु.गा.पा.बाट एयरपोर्ट हुँदै सदरमुकाम जोड्ने सडक रहेका छन् । गाउँपालिकाको भू वनोट तथा अन्य उपलव्ध आर्थिक सामाजिक पूर्वाधारहरुको अवस्थाले गर्दा आम जतनाको चाहना तथा आवश्यकता पूरा गर्न समस्या परिरहेको अवस्था विद्यमान छ । वर्षायाममा अवरोध हुने सडकको अवस्था, श्रोत साधन एवं सम्पदाहरुको पहिचान एवं सदुपयोग हुन नसक्नु तथा व्यवसायिक गतिविधिहरु पर्याप्त हुन नसक्दा गाउँपालिकाको समग्र विकासमा समेत यसले असर पारिरहेको देखिन्छ ।

## ३.१ संभावना तथा अवसर

यस गाउँपालिकाको आर्थिक विकासका लागि अग्रणी क्षेत्रको रुपमा कृषि, मासुजन्य पशुको उत्पादन, पर्यटन विकास (साहसिक), जलविद्युत (घिप्लुङ) विकास, वन पैदावारमा आधारित उद्योग (बाँस, उत्तिस, सल्ला, खयर) रहेका छन् । धार्मिक पर्यटकीय महत्वको दृष्टिकोणले यहाँ रहेको पखुवा शिहदेवी मन्दिर, छैलुङ्ग गुम्बा वोल्फ, शिवरात्री मेला सं छिता पोखरी, विमिरे वसाहा गुफा, मुसुरी डाडाँ पूर्णिमा बजार वतासे, किंसुम गुम्बा छितापोखरी तथा प्राकृतिक पर्यटनतर्फ धिप्लुङ झरना, भुरचुङ्ग डाडाँ (प्याराग्याइडिङको सफल परिक्षण भई पर्यटन मन्त्रालयबाट मान्यता प्राप्त भएको), सेषथुम्का, उलेली गुफा आदिले आर्थिक विकासमा उल्लेख्य योगदान दिन सक्ने देखिन्छ । आधुनिक कृषि प्रणालीबाट तरकारी, फलफूल तथा खाद्यान्नको उत्पादन, गाउँपालिकाका खाली पाखाहरुमा चिया, कफी, अम्लिसोको समेत प्रसस्त संभावना रहेको छ । चरण क्षेत्रको विकास गर्न सकिने क्षेत्रहरुको उपलब्धता एवं पशुजन्य उत्पादनको वजारको प्रचुर सम्भावना रहेको हुँदा पशुपालनका लागि समेत उत्तिकै सम्भावना रहेको छ । साप्ताहिक हाट वजारहरुको प्रचलन रहनुले पनि यस क्षेत्रका उत्पादनहरुको वजारीकरणमा सहयोग पुगेको देखिन्छ । गाउँपालिकामा संभावना बोकेका वन पैदावारमा आधारित, बाँससंग सम्बन्धित, जडीवुटी उद्योग, दुध तथा डेरी, उन व्यवसाय, मासु व्यवसाय आदि प्रमुख रुपमा देखिन्छन् । घरेलु व्यवसायमा स्थानीय महिला तथा युवालाई लक्षित गरी सीपमा आधारित खाडी ढाका बनाउने व्यवसायको विस्तार गर्न सकिने देखिन्छ । यसैगरी वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सलाई व्यवसायमा लगाउनका साथै वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी संचालन गर्न सकिने संभावना रहेको देखिन्छ ।

सडक सञ्जालको विस्तारसँगै सामाजिक, शैक्षिक र स्वास्थ्य क्षेत्रको सेवा सुविधाको प्रवाह र सहज पहुँचमा योगदान पुर्‍याउन सघाउ पुग्ने देखिन्छ । भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारको सन्तुलित तथा दिगो विकासका माध्यमबाट लगानी आकर्षित भई रोजगार र आयमा वृद्धि हुन सक्ने प्रचुर सम्भावना रहेका छन् । स्थानीय सेवा प्रवाहका लागि आवश्यक बजार, वित्तीय संघसंस्था, सहकारी तथा निजी र गैरसरकारी क्षेत्र र सक्रिय नागरिक समाज आदिको संस्थागत पूर्वाधारको उपलब्धताले आर्थिक सामाजिक गतिविधिमा थप विस्तार हुने सम्भावना रहेको छ । पानीको स्रोतको प्रचुरताले स्वच्छ खानेपानी, साना सिंचाइ र लघु जलविद्युत्को विकास गर्न सकिने सम्भावना रहेको छ । गाउँपालिकामा भित्रिने विप्रेषणको रकमले गरिबी निवारण, आधारभूत आवश्यकताको परिपूर्तिका साथै लगानीका अवसरसमेत बढाएको छ ।

युवा जनशक्तिको आकार धेरै रहनु तथा यस्तो शक्तिलाई परिचालन गरी विकासको गतिलाई तीव्रता प्रदान गर्ने अवसरहरूसमेत रहेका छन् ।

## ३.२ समस्या र चुनौती

ग्रामीण प्रकृतिको गाउँपालिका त्यसमा पनि कतिपय सेवा सुविधा, सडक सञ्जालको विस्तार, सुरक्षित खानेपानीको उचित प्रबन्ध, अन्य सामाजिक पूर्वाधारको कमी रहेको छ । वर्षयाममा अवरोध हुने सडक संजालले आर्थिक गतिविधिलाई असर पारिरहेको छ । स्थानीय तहमा रोजगार र स्व-रोजगारका अवसरहरू पर्याप्त नहुँदा युवा जनशक्ति विदेशिनु परेका कारणले कृषियोग्य जमिनको उचित उपयोग हुन सकिरहेको छैन । गाउँपालिकामा आधारभूत र गुणात्मक सेवा र सुविधाको अभावमा बसाइँसराइको क्रम बढ्दो अवस्थामा छ । गाउँवासीमा चेतनाको कमी, जनताका बढ्दा अपेक्षाहरूको यथोचित सम्बोधनमा स्रोत साधनको कमी, निर्यातयोग्य कृषि वस्तुको उचित बजारीकरण हुन नसक्नु प्रमुख समस्याको रुपमा रहेको छ । कृषि उत्पादनमा देखिएका प्रमुख समस्याहरुमा उत्पादकत्वमा कमी, न्यून आयआर्जन, गुणस्तरीय तथा सीपयुक्त जनशक्तिको अभाव, युवा शक्ति वैदेशिक रोजगारमा जाने जस्ता रहेका छन् । कृषि र जडिबुटीमा आधरित उद्योगको विकास, सडक यातायात पूर्वाधारको निर्माण व्यापक रूपमा वातावरणीय ह्रास न्यूनीकरण गर्दै सडक निर्माण तथा स्तरोन्नति गर्नु चुनौतीपूर्ण रहेको छ । पर्यटकीय स्थलमा आधारभूत भौतिक पूर्वाधार लगायतका सुविधाको विकास गरी पर्यटन क्षेत्रको विकास गर्ने कार्य पनि चुनौतीपूर्ण छ । गुणात्मक शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक पूर्वाधारहरूको विकास गर्दै नागरिकहरूमा चेतना र सीपको स्तर अभिवृद्धि गरी समृद्ध गाउँपालिका बनाउनु चुनौतीको रुपमा रहेको छ । गुणात्मक शिक्षा, स्वास्थ्य जस्ता कतिपय सामाजिक समस्याहरूमा विगतका उपलब्धिहरू न्यून नै देखिएका छन् ।

समृद्धिका लागि यस गाउंपालिकामा समस्या एवं चुनौतीहरु छन् । असहज भौगोलिक धरातल र छरिएर रहेका वस्तीका कारण तिनीहरु सवैमा सडक यातायात, पानी, विजुली, संचार जस्ता आधारभूत पूर्वाधारहरुको व्यवस्था गर्नु पर्ने कार्य आफैमा चुनौतीपूर्ण छ । विद्यमान अवस्थामा कमजोर एवं न्यून संख्याको सडक पूर्वाधार आफैमा चुनौतीपूर्ण बनेको छ । अधिकांश सडकहरु १२ है महिना संचालनमा आउन सक्दैन, जसका कारण वर्षातमा स्थानीयहरुको सम्पर्क अन्यहरुसंग करीव करीव विच्छेद नै हुने गर्दछ । जोखिमयुक्त वस्तीहरुलाई स्थानान्तरण गरी एक उपयुक्त स्थानहरुमा एकीकृत वस्ती बिकासको संभावना भएपनि सो गर्न सक्ने क्षमता हालको अवस्थामा गाउँपालिकासंग छैन । पर्याप्त पानीको श्रोतका बावजूद कृषि भूमिहरुमा पर्याप्त सिंचाइको अभाव छ, खेतीयोग्य जमिनहरु बाँझो रहेका छन्, परम्परागत र निर्वाहमुखी खेती प्रणालीका कारण कृषि पेशावाट नै कृषकहरु विस्थापित हुनेहरु वढ्दो छ । कृषिमा आधुनिकता र व्यवसायिक गर्ने वातावरण सिर्जना गर्नु यस गाउँपालिकाको अर्को चुनौती हो भने खेतीयोग्य जमिन भाडामा लिने दिने अभ्यास बिकास नभएकाले इच्छुक कृषकहरु जमिन अभावकै कारण व्यवसायिक खेती प्रति आकर्षित हुन सकिरहेका छैनन् । कृषि वीमा, विउ, विजन, सहुलियत दरमा कृषि ऋणका लागि सम्वन्धित संस्थाहरु वीच आपसी समन्वय र नीतिगत पक्षको अभाव एवं त्यसको व्यवहारिक कठिनाई छ । पशु चिकित्सक एवं प्राविधिक जनशक्तिको शुन्यताका कारण पनि पशुपालन सुरक्षित हुन सकिरहेको छैन

शिक्षा क्षेत्रको विकासका आवश्यक पूर्वाधार, साधन श्रोत, उपकरणको अभाव कायम रहेको छ । गुणस्तरीय शिक्षण विधि दक्ष विषयगत शिक्षकको व्यवस्था हुन नसक्नु गुणात्मक शिक्षाको लागि चुनौतीको रुपमा रहेको छ । स्वास्थ्यतर्फ अस्पतालको अभाव, औषधीको न्यून उपलव्धता, गुणस्तरीय उपचारको अभाव र आपतकालीन स्वास्थ्य सेवा नभएका कारण अकालमा मानव मृत्यु हुने गरेको छ । निःशुल्क उपलव्ध गराइने भनिएको औषधीहरु पनि स्वाथ्य संस्थाहरुमा समयमा उपलव्ध हुन सकिरहेको छैन । बाल विवाह नियन्त्रण, लैङ्गिक विभेद, महिला हिंसाको अन्त्य, छुवाछुत प्रथाको अन्त्य हुन सकेको छैन भने महिला निरक्षता ठूलो संख्यामा रहेको छ यसलाई पूर्ण साक्षर बनाउनु गाउँपालिकाको अर्को चुनौतीको रुपमा रहेको छ ।

# परिच्छेद ४

# दीर्घकालीन सोच, लक्ष्य तथा उद्धेश्य

## ४.१ विकासको दीर्घकालीन सोच

दिप्रुङ चुईचुम्मा गाउँपालिकाका विकास सरोकारवालाहरुको सहभागितामा आर्थिक, सामाजिक तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा उल्लेखनीय योगदान दिने भावना अनुरुप देहाय अनुसारको दीर्घकालीन सोच तयार गरिएको छ।

**"हामी दिप्रुङ चुईचुम्मालीः ल्याउँछौं समृद्धि अनि खुशियाली"**

## ४.२ समष्टिगत लक्ष्य

दिप्रुङ चुईचुम्मा गाउँपालिकाको समष्टिगत विकासका लागि **"कृषिको आधुनिकीकरण, पर्यटन प्रवर्द्धन गर्दै आर्थिक एवं सामाजिक स्तरमा बृद्धि, वन, वातावरण एवं दीगोपूर्वाधारको विकास, स्वावलम्बी एवं आत्मनिर्भर नागरिक तयार गरी समन्यायिक, सभ्य र सुसंस्कृत, सुशासनयुक्त समाजको निर्माण गर्ने"** मूख्य लक्ष्य निर्धारण गरिएको छ । आवधिक योजनाको अवधिका लागि निर्धारण गरिएको समग्र लक्ष सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ।

**तालिका ८: लक्ष सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| प्रति व्यक्ति बार्षिक आय रु.३७०० भन्दा कम आम्दानी हुने जनसंख्या | प्रतिशत | १७ % | १३ % | १० % |
| आफ्नो उत्पादन र आम्दानीबाट वर्षभरी खान पुग्ने परिवार | संख्या | १८२०० (८१ %) | १९००० (८५%) | १९७०० (८८%) |
| आम्दानीको दुई तिहाई भन्दा बढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | ६७% | ५०% | ४०% |
| बाल कुपोषण दर | प्रतिशत | ४ | २ | ० |
| वाल विवाहको दर | प्रतिशत | ४० | ३० | २० |
| महिला हिंसाको घटना | संख्या | ५१ | २५ | ० |
| बाह्रै महिना संचालन हुने सडक (१०७ किमि) | प्रतिशत | ६० | ९० | १०० |
| रुख विरुवाले ढाकेको वा हरियाली क्षेत्र (१००% ) | प्रतिशत | ३८/६५ | ३८/८० | ३८/९० |
| गाउँपालिकाकाभित्रको बेरोजगारको संख्या | प्रतिशत | ३ | २ | १ |
| उत्पादनमूलक कार्यमा रेमिट्यान्सको उपयोग | प्रतिशत | ०.७ | १० | २० |
| बैंक र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | घण्टा | २ | १ | १/२ |

## ४.३ विषयक्षेत्रगत बृहत उद्धेश्यहरु

### ४.३.१ आर्थिक विकास

स्थानीय श्रोत साधनको समुचित प्रयोग गरी व्यवसायिक कृषि, पर्यटन, उद्योग र व्यापार व्यवसाय, वित्तीय सेवा मार्फत उत्पादनमा आत्मनिर्भर बन्दै निर्यात उन्मुख भएर आर्थिक समृद्धिको आधारशिला तयार हुने।

### ४.३.२ सामाजिक विकास

गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी र सरसफाई सेवा, सामाजिक मूल्य मान्यता र सद्भावमा आधारित समावेशी तथा समतामूलक समाजको निर्माण गर्दै कला, भाषा तथा संस्कृतिको संरक्षण एवं सम्बर्द्धन गर्ने।

### ४.३.३ दीगो पूर्वाधार विकास

सुरक्षित सडक यातायात, व्यवस्थित वस्ति, प्रवर्द्धित बजार, सुविधायुक्त सार्वजनिक पूर्वाधार, भरपर्दो सिंचाई सुविधा, विश्वसनीय संचार प्रणाली सहितको दीगने भौतिक पूर्वाधार विकास गर्ने।

### ४.३.४ वन, वातावरण तथा विपद् व्यवस्थापन

वन तथा वातावरण क्षेत्रको दिगो संरक्षण सम्वर्द्धन गरी सम्पदाहरुको उपयोग गर्ने ।

### ४.३.५ सुशासन तथा संस्थागत विकास

गाउँपालिका र स्थानीय सरोकारवालाहरुको संस्थागत विकास गरी कार्य सम्पादनमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व तथा समावेशिमूलक सहभागिता अभिवृद्धि भएको हुने तथा सार्वजनिक सेवा प्रवाहमा सुधार भएको हुने ।

### ४.४ प्राथमिकता तथा रणनीतिहरु

गाउँपालिका क्षेत्रको समिष्टगत विकासका लागि आवधिक योजनाले देहाय अनुसारका विषयक्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई संचालन गर्ने रणनीति अवलम्बन गरिने छः

- नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन बमोजिम प्राप्त एकल अधिकार तथा साझा अधिकारहरुको प्रयोग र अभ्यास सुव्यबस्थित एवं समन्वयात्मक रुपमा गर्न आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन  गरिनेछ ।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधीनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सरल, सुलभ र गुणस्तरीय सेवा प्रवाह गरिनेछ ।
- सम्बद्ध सबै सरोकारवाला सबैसंग संस्थागत समन्वय कायम गर्दै श्रोत परिचालन र दोहोरोपन हटाउने गरी विकास निर्माणको कार्य संचालन गरिने छ ।
- समग्र आर्थिक विकासको लागि अग्रणी क्षेत्रहरु जस्तै कृषि, पशु, पर्यटन, जलविद्युत तथा वनपैदावारहरुको विस्तृत संभाव्यता अध्ययन गरी लगानीको वातावरण तयार गरिनेछ ।
- कृषि, पर्यटन तथा पशुजन्य उपजको व्यवसायीकरण, विविधिकरण तथा उद्योग व्यवसायको सिर्जना र विकासद्धारा दीगो रोजगारी, आय तथा खाद्य सुरक्षामा बृद्धि गरिनेछ ।
- गुणस्तरीय र व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानी, सामाजिक सुरक्षा तथा सशक्तिकरणद्धारा स्वस्थ, सिर्जनशिल र सीपयुक्त मानव संशाधनको विकास गरिनेछ ।
- व्यवस्थित यातायात तथा बजार, आवास, स्वच्छ उर्जा तथा संचारका पूर्वाधारको विकासद्वारा अन्तरसम्वन्ध विकास र सेवा सुविधास्तर र पहुँच बृद्धि गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, वातावरण तथा विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धनलाई स्थानीय तहको विकास प्रक्रियामा एकीकृत गरी विकास नतिजालाई समावेशी, उत्थानशील र दीगो बनाइनेछ ।
- संघ र प्रदेश सरकारसंग सहकार्यको क्षेत्र पहिचान गर्ने र सहकार्यको खाका तयार गर्ने तथा प्राकृतिक श्रोतको उपयोग,  स्थानीय बजार प्रबर्धनको लगायत विकासका लागि अन्य संभावित क्षेत्रहरुको पहिचान गरी छिमेकी पालिकाहरुसंग सहकार्यको खाका तयार गरी कार्यान्वयन गरिनेछ ।

# परिच्छेद ५
# आर्थिक विकास क्षेत्र

## ५.१ पृष्ठभूमि

नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको संवैधानिक अधिकार कार्यान्वयन गर्न स्थानीय तहको सरकार लगायत तीनै तहको सरकारको महत्वपूर्ण भूमिका रहेको छ । संघ तथा प्रदेशको कानुन, नीति, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास मार्फत उपरोक्त अधिकार सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ । यसलाई केन्द्रविन्दुमा राखी गाउँपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रुपमा रहको कृषि, पर्यटन, उद्योग तथा व्यापार व्यवसाय एवं वित्तीय क्षेत्रको विकास तथा प्रवर्द्धन मार्फत उत्पादन, रोजगारी र आयबृद्धि गर्ने गरी विकास प्रयासलाई डोऱ्याउन यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ५.२ वर्तमान अवस्था

गाउँपालिकामा प्रमुख रुपमा मकै, धान, कोदो, आलु, गहुँ खेती नै आर्थिक विकासको प्रमुख साधनको रुपमा रहेको छ । तरकारी बाली, फलफूल, दलहन बाली, तेलहन बाली, नगदे वालीका साथै मसला बालीको समेत उत्पादन भईरहेको भएता पनि व्यवसायिक तवरले उत्पादन हुन नसक्दा यस क्षेत्रको समुचित विकास हुन सकिरहेको छैन ।

आर्थिक विकास संभावनाका क्षेत्रहरु प्रचुर भएपनि आवश्यक व्यवसायिक ज्ञान तथा सूचनाको कमी, आधुनिक तथा महिलामैत्री प्रविधिको अभाव, कृषि बजारको कमी, वित्तीय संस्थाको कमी, कृषि विमाको अभ्यासको कमी, संकलन केन्द्रको अभाव, जंगली जनावरले बालीको नोक्सानी, सिंचाईको कमी, अनुसन्धानमूलक कृषि प्रणालीको कमी, कर्जामा पहुँच कम, वजारोन्मुख खेती प्रणाली नहुनु मूख्य चुनौतीको रुपमा रहेको छ । गाउँवासीको प्रमुख पेशा कृषि भएतापनि अधिकांश कृषकहरू परम्परागत तौरतरिकामा नै सिमित रहेको हुँदा व्यवसायिक खेती प्रणालीको समेत विकास हुन सकेको छैन ।

भएका सिंचाई पूर्वाधारको उचित व्यवस्थापन गर्न सकेमा एवं कृषि एवं पशुपालनमा व्यवसायिक प्रणाली अपनाउन सकिने एवं व्यवसायिकतामा जोड दिन सकिने सम्भावना प्रशस्त रहेको छ ।

यस गाउँपालिका क्षेत्रमा धार्मिक पर्यटकीय महत्वको दृष्टिकोणले पखुवा सिंहदेवी मन्दिर, छैलुङ्ग गुम्बा वोल्फ, शिवरात्री मेला, स.छितापोखरी, विमिरे वसाहा गुफा, मुसुरी डाडाँ पूर्णिमा बजार वतासे, किंसुम गुम्बा, छितापोखरी तथा प्राकृतिक पर्यटनतर्फ धिप्लुङ झरना, भुरचुङ्ग डाडाँ (प्यारागयाइडिङको सफल परिक्षण भई पर्यटन मन्त्रालयबाट मान्यता प्राप्त भएको), सेषथुम्का, उलेली गुफा र साँस्कृतिक पर्यटनतर्फ राम्चेडाडाँ, साकेला चन्डी नाच, देवाली, लाखे जात्रा, आआफ्नै जातजातिगत भेषभुषा तथा खानपिन, भाषाभाषी संस्कार संस्कृति रहनुले यस क्षेत्रको विकासको संभावना प्रशस्त देखिन्छ ।

यस गाउँपालिकाको कृषि तथा पशु विकास, पर्यटन विकास र विस्तार, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, बैंक तथा वित्तीय सेवा सुविधा लगागत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

## ५.३ आर्थिक विकासको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

दिप्रुङ चुईचुम्मा गाउँपालिकाको आवधिक योजनाको लक्ष्य प्राप्तिमा योगदान दिने गरी आर्थिक विकास क्षेत्रको लागि **कृषि, गैर कृषि एवं सेवा क्षेत्रको विकासबाट उत्पादनमा आत्मनिर्भर बन्दै निर्यात उन्मुख आर्थिक समृद्धिको आधारशीला तयार गर्ने** मूख्य उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष/परिमाण सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ ।

**तालिका ९: आर्थिक विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर | जनसंख्या | ८४९ | | |
| कृषि तथा पशुपालन व्यवसायमा संलग्न परिवार | संख्या | ९४०२ | ११००० | १३००० |
| पशुपंक्षी र सोजन्य उत्पादन मूल्य (बार्षिक) हजार | रु. | ६९८८२४ | ९००००० | १०००००० |
| उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ६३६ | ४००० | ६००० |
| निकासीजन्य उद्योग अन्नवाली / मासु | टन | १०० | ३०० | ५०० |
| भमण गर्ने बाार्षिक पर्यटक (वाह्य) | संख्या | ५० | ५०० | १०,००० |
| भ्रमण गर्ने बाार्षिक पर्यटक (आन्तरिक) | संख्या | १००० | ५००० | १०,००० |
| पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | वटा | १०५ | ५०० | १००० |
| वैकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | शाखा छैन | २५ | ५० |
| उत्पादन र बजारीकरण सहकारीमा आवद्ध सदस्य | संख्या | ० | ४०० | ६०० |

### ५.३.१ कृषि विकास

#### क) संभावना, अवसर र विद्यमान अवस्था

नेपालको संविधानले सबै नेपालीलाई खाद्यको अधिकार प्रत्याभूत गरेको छ । दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य लिएको सन्दर्भमा संघीय सरकारले बि.सं. २०७७ भित्र खाद्यान्नमा आत्मनिर्भर हुने घोषणा गरेको एवं पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ । हाल मुलूक कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले १५ वर्षीय कृषि विकास रणनीति कार्यान्वयनको चरणमा छ ।

गाउँपालिकाको कूल जमीनको खेती गरेको जमिन ५६.३५ प्रतिशत रहेको एवं कृषि पेशामा आबद्ध जनसंख्या ४१.८१ प्रतिशत देखिन्छ । खाद्य सुरक्षा तर्फ आफ्नै उत्पादनले वर्षैभरी खान पुग्ने परिवार ५६१ रहेको छ । कृषि तथा पशु जनशक्ति ६ जना, कृषि हाट बजार २ स्थानमा संचालन भैरहको, १ वटा कृषि संकलन केन्द्र (निर्माणाधिन), १६१ वटा कृषक समूहहरु कृयाशील रहेका छन् । फलफूल नर्सरी (कागती तथा निवुवा २ वटा, किवि १ वटा) संचालनमा रहेका छन् । मौरीपालनतर्फ १० वटा तथा अलैची नर्सरी तर्फ ७ वटा व्यवसायिक तवरले संचालन भएका छन् । गाउँपालिकाका खालि पाखाहरुमा चिया, कफी, अम्लिसोको समेत प्रशस्त संभावना रहेको छ । व्यवसायिकतातर्फ कृषकहरुको संलग्नता बढिरहेको संदर्भमा आवश्यक जनशक्ति एवं वजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्नेजस्ता कार्य गर्ने सकिने संभावना पनि रहेको देखिन्छ ।

#### ख) समस्या तथा चुनौती

अधिकांश कृषकहरुमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी रहेको छ। बाली सरंक्षण र भण्डारण तथा बढी उत्पादनको लागि मलखाद र विषादीको समुचित प्रयोग हुन सकेको छैन । धेरैजसो जमीन बाँझो रहनु प्रमुख समस्याको रुपमा रहेको छ। यसका साथै कृषियोग्य जमीनको खण्डीकरणमा बृद्धि भइरहेको हुँदा कृषिमा यान्त्रिकीकरण गर्न कठिन हुँदै गएको छ। सिंचाईको श्रोत भएतापनि त्यसको भरपूर प्रयोग गर्न सकिएको छैन ।

#### ग) उद्धेश्य

व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन मार्फत स्वरोजगार बढाई आर्थिक समृद्धिमा टेवा पुऱ्याउने ।

#### घ) सूचक तथा लक्ष परिमाण

**तालिका १०: कृषि विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ३९ | १६० | ३०० |
| आलु व्यवसायिक उत्पादन क्षेत्र (कृषक) | संख्या | ४०० | ८०० | ९०० |
| तरकारी व्यवसायिक उत्पादन क्षेत्र (कृषक) | संख्या | १०५ | २०० | २५० |

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| अगुवा वा व्यवसायिक कृषक | संख्या | २६ | १०० | १२० |
| क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | ८ | २१ | ३१ |
| स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | ७ | १६ | १८ |
| सक्रिय व्यवसायिक कृषक सूमह | संख्या | १७ | २६ | २९ |
| खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन | मे.ट. | १७८४ | १९५१ | २०५० |
| तरकारी उत्पादन | टन | ६०० | ९०० | ११०० |
| फलफुल उत्पादन | टन | ३४ | ४२ | ५२ |
| दुध उत्पादन | लिटर | ४१०० | ४६०० | ४८०० |
| मह उत्पादन | के.जी | १०० | १५० | २०० |
| कम्पोष्ट र जैविक मल उत्पादन | मे.ट. | छैन (०) | २० | ५० |
| व्यवसायिक कृषि नर्सरी | संख्या | ३ | १२ | १८ |
| सक्रिय व्यवसायिक कृषक समूह | संख्या | १७ | २२ | २६ |
| कृषि सहकारी संस्था | संख्या | ६ | १५ | १८ |
| सहकारीमा आवद्ध कृषक | संख्या | १८० | २५० | २८० |
| कोल्ड स्टोर/रष्टिक स्टोर क्षमता | संख्या (मे.ट) | छैन (०) | २ | ४ |
| उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने | परिवार | ५१ | ८१ | ९० |
| कृषि उपज संकलन तथा बजार प्रवर्द्धन केन्द्र | संख्या | ३ | ४ | ५ |

**ङ) रणनीति/कार्यनीति**

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसंग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहाय अनुसारको रणनीति/कार्यनीति अवलम्वन गरिने छ ।

***कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने:***

- स्थानीय वीउ-विजन, वेर्नाहरुको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरुको व्यवसायिक खेती व्यापकता दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।
- रसायनिक मलको व्यापक प्रयोगवाट माटोको उर्वराशक्तिमा आएको ह्रासलाई न्यूनीकरण तथा उर्वराशक्तिलाई गर्न घर-घरवाट निस्कने फोहोरमैला, गोठेमल, पशुमूत्रलाई एकत्रित गरी जैविक मल उत्पादन गर्न प्रोत्साहित गरिनेछ।
- जमिन वाँझो हुने र खण्डीकरण गरिने अभ्यासलाई नियन्त्रण गर्दै कृषकहरुको सामुहिक खेती, साझेदारी एवं सहकारी तथा करार खेती प्रणालीलाई स्थापित गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।
- कृषि बालीमा लाग्ने रोग, कीटाणुवाट हुने क्षतिलाई समयमै नियन्त्रण गर्न प्राविधिक सेवा सहयोगलाई सक्षम र प्रभावकारी बनाइनेछ र नोक्सानी न्यूनीकरण गर्न कृषि वीमा सेवा उपलव्धताका लागि निजी क्षेत्रसंग समन्वय गरिनेछ।
- कृषिका आधुनिक प्रविधि तथा यन्त्र-उपरणहरुको प्रयोग तथा यान्त्रीकरण गर्न तथा सूचना प्रविधिवाट वढी भन्दा वढी लाभान्वित गराउन कृषकहरुलाई सहयोग उपलव्ध गराइनेछ।
- जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण र प्रविधि उपयोगलाई प्रोत्साहन गर्दै कृषि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ।

***कृषक एवं कृषि सेवामा आधारित संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने:***

- कृषक तथा कृषि फार्महरुको सीप, क्षमता अभिबृद्धि एवं व्यवसायिकता बिकासमा सहजीकरण गरिनेछ।
- महिला र मिश्रित कृषक समूह गठन र कृषि सहकारी संस्था गठन गर्न प्रोत्साहन गरिने, अगुवा कृषक परिचयपत्र वितरण र सोही अनुसार सुविधा एवं अनुदानहरुको व्यवस्था गरी कृषि पेशालाई एक पुरस्कृत एवं सम्मानित गरिनेछ। अगुवा कृषकलाई यस कार्यमा संलग्न गराइनेछ।
- वेरोजगार युवाहरुमा सीप बिकास तालिमहरु प्रदान गरी कृषि मजदुर तथा जनशक्तिका अभावलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरुको रोजगारीका लागि सहजीकरण गरिनेछ ।कृषि जनशक्ति बिकास तथा युवाहरुलाई

कृषि पेशामा आवद्ध गर्न CTEVT वाट मान्यता प्राप्त कृषि प्राविधिक विद्यालय संचालन गर्न निजी क्षेत्रसंग समन्वय गरिनेछ । उत्कृष्ट अगुवाहरुलाई CTEVT बाट मान्यता प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

- जलवायु परिवर्तन अनुकूलन सम्बन्धी अभिमुखीकरण गरी सोवाट हुन सक्ने क्षति, नोक्सानी न्यूनीकरण गर्न कृषकको क्षमता अभिवृद्धि गराइनेछ ।

***कृषि उपजहरुको व्यवसायीकरण तथा वजार प्रवर्द्धन गर्ने:***

- व्यवसायिक संभावना भएका खाद्यान्न तरकारी, फलफुल लगायतका नगदेबालीको व्यवसायिक उत्पादनका लागि सम्भाव्यताका आधारमा पकेट क्षेत्र, व्लक, कृषि जोन घोषणा गरिनेछ ।
- कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण र वजारीकरणका लागि अनुदान, प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- कृषि सहकारी संस्था तथा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउदै कृषि वजार प्रवर्द्धन गर्न कृषक र वाह्य वजार क्षेत्रसंग अन्तरसम्बन्ध (Forward and Backward Linkage) बिकास गरिनेछ ।
- मूल्य श्रृङ्खला (value chain) र वृहत उत्पादन (mass production) को अवधारणालाई अवलम्बन गर्न नीतिगत एवं कानुनी व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको मुख्य मुख्य स्थानहरुलाई वजार क्षेत्रको रुपमा बिकास गर्दै त्यस्ता क्षेत्रहरुमा हाट वजारको व्यवस्था गरी राष्ट्रिय एवं प्रदेश स्तरीय विक्रेताहरुलाई कृषि उपजहरु विक्री वितरण गर्ने अवस्था सिर्जना गरिनेछ ।
- कृषकहरुलाई कृषि उत्पादन व्यवस्थापन, वाह्य वजार अवस्था एवं कृषि उपजहरुको वजार क्षेत्रका वारेमा विद्युतीय उपकरण एवं सूचना प्रविधिवाट नियमित जानकारी गराउन प्रभावकारी संयन्त्र गाउँपालिकामा व्यवस्था गरिनेछ ।

***कृषि पूर्वाधार विकास गर्ने:***

- व्यवसायिक संभावना भएका खाद्यान्न तरकारी, फलफुल लगायतका नगदेबालीको व्यवसायिक उत्पादनका लागि सम्भाव्यताका आधारमा पकेट क्षेत्र, व्लक, कृषि जोन घोषणा गरिनेछ ।
- कृषि उपजहरुको ढुवानी सहजताका लागि आवश्यकताका आधारमा वातावरणमैत्री कृषि सडकहरु निर्माण गरिनेछ ।
- संभाव्य स्थानमा सिंचाईको व्यवस्था गर्न र पानीको वहुउपयोग, बैकल्पिक सिंचाई प्रविधि (आकाशे पानी संकलन, थोपा सिंचाई, सौर्य उर्जाको प्रयोग, प्लाष्टिक पोखरी निर्माणजस्ता) को विकास गरी कृषि उत्पादन र विविधिकरणमा जोड दिईने छ ।
- कृषि वजार बिकास प्रवर्द्धनका लागि प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र, गोदामघर र गाउँपालिकाको मुख्य वजार क्षेत्रमा हाटवजार केन्द्र, कोशेली घर, विक्री कक्ष र शीतभण्डारको व्यवस्था गरिनेछ ।
- उपयुक्त स्थानमा कृषि उत्पादनको विविधिकरण जस्ता कार्यका लागि प्रशोधन केन्द्र सहितको सुविधा उपलव्ध हुने घरेलु उद्योग ग्राम स्थापना गरिनेछ ।

***कृषिको व्यवसायिक खेतीमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धतामा वृद्धि गर्ने:***

- महिला, दलित, अति विपन्नहरुलाई व्यवसायिक खेतीका लागि प्रोत्साहित गर्दै उनीहरुमा उद्यमशीलता बिकास गरिने छ र निःशुल्क कृषि वीमा, वीउविजन, सहुलियत दरमा कृषि ऋणको व्यवस्था गरिनेछ ।
- महिला, दलित, अति विपन्नहरुवाट सामुहिक रुपमा गरिने व्यवसायिक खेतीलाई यान्त्रीकरण गर्न कृषिका आधुनिक प्रविधिहरु सामुहिक जमानीमा निशुल्क उपलव्ध गराइनेछ ।
- मौरीपालन, च्याउ खेती, अदुवा, वेसारजस्ता मसला खेतीबाट विपन्न वर्गको संलग्नता बढाईने छ ।
- अति विपन्न, भूमिहीन, सिमान्तकृत कृषकलाई जग्गा कबुलियतीमा दिने व्यवस्था गरी, कबुलियती बनका माध्यमबाट समेत कृषि उत्पादन र ती कृषकको जीवनस्तरमा सुधार ल्याईने छ ।

***कृषि नीति तर्जुमा तथा योजना कार्यान्वियन गर्ने:***

- कृषि बिकास तथा उत्पादन व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति, कानुन र मापदण्ड तयार पारी कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।
- व्यवसायिक कृषि बिकासका लागि दीर्घकालीन गुरुयोजना बनाइनेछ ।
- कृषि ज्ञानकेन्द्र, कृषि सहकारी लगायतका वित्तीय संस्थाहरुको भूमिकालाई प्रभावकारी बनाउन सहजीकरण गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- व्यवसायिक तरकारी पकेट क्षेत्र विकास कार्यक्रम ।
- व्यवसायिक फलफूल वाली विकास कार्यक्रम ।
- कृषि उपज उत्पादन, प्रशोधन तथा वजारीकरण प्रवर्द्धन कार्यक्रम ।
- कृषि उत्पादन तथा भण्डारण पूर्वाधार विकास कार्यक्रम ।
- क्षमता विकास कार्यक्रम तथा अनुदान सहयोग कार्यक्रम ।
- कृषि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास ।

### ५.३.२ सिंचाई

**क) संभावना, अवसर र विद्यमान अवस्था**

गाउँपालिका क्षेत्रमा ३५ वटा सिंचाई कुलो संचालनमा रहेका छन् जसमध्ये पक्की कुलोको लम्बाई २.५ कि.मी रहेको छ । सिंचाई सेवा उपलब्ध हुने खोलाहरु तावा, टुकुरे, धिप्लुङ, कालीखोला, खरुवा खोला, टुवा खोला, बुङ्खु खोला, भालुखोला, ज्यामिरे खोला, जोगी खोला, मुस्लुङ खोला, धर्तुङ खोला, सुनकोसी आदि रहेको देखिन्छ । सिंचाई उपभोक्ता समितिहरु ११ वटा (मर्मत सम्भार कोष तथा कार्यक्रम सहित) रहेको देखिन्छ । सिंचाईका स्रोतहरुको दीगो व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न सकिन्छ ।

**ख) समस्या तथा चुनौती**

संचालित साना सिंचाई योजनाहरुको मर्मत सम्भारका लागि समेत परनिर्भरता बढ्दै जानु, सिंचाईका श्रोतहरुको यथोचित संरक्षण नहुनु तथा सुख्खा क्षेत्रमा सिंचाई प्रविधिको अभाव हुनु मूख्य चुनौतीको रुपमा देखिन्छ ।

**ग) उद्धेश्य**

गाउँपालिकामा उपलब्ध पानीका श्रोतहरुको समुचित उपयोग गरी खेती योग्य जमिनमा सिंचाई उपलब्ध गराउने गरी परम्परागत सतह तथा बैकल्पिक प्रविधियुक्त सिचाई योजनाहरु निर्माण तथा पुनःनिर्माण भई सिंचित क्षेत्र विस्तारित भएको हुने ।

**घ) सूचक तथा लक्ष परिमाण**

**तालिका ११: सिंचाई विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| १२ है महिना सिंचाई हुने क्षेत्र | % | १० | १५ | २० |
| प्रयोगमा आएका सिचाई प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट आदि) | संख्या | ३५ | ५६ | ७० |
| सुचारु सिंचाई आयोजना | संख्या | ११ | १६ | २० |

**ङ) रणनीति/कार्यनीति**

***विद्यमान सिंचाइ प्रणालीको मर्मत सम्भार र स्तरोन्नति गर्ने:***

- सिंचाईका श्रोतहरुको खोजी गर्ने तथा भएका श्रोतहरुको संरक्षण गर्ने
- संचालित सिंचाई योजनाहरुको मर्मत सम्भार गर्दै नियमित रुपमा सिंचाइ सुविधा उपलब्ध गराउदै कृषि उत्पादनमा वृद्धि ल्याइने ।
- सिंचाई सुविधाबाट वञ्चित क्षेत्रमा बोरिङ्ग, आकासे पानी संकलन, लिफ्टप्रणाली, थोपा सिंचाई, स्प्रिंकलर, प्लाष्टिक पोखरी लगायत अन्य बैकल्पिक सिंचाई प्रविधिको विकास गर्ने ।
- कम पानी चाहिने बालीहरुको प्रवर्द्धन गर्ने ।

***सिंचाइ सेवा सुविधा बिकास र विस्तार गर्ने:***

- संघीय र प्रदेश सरकारको सहयोगमा सिंचाईका योजनाहरुलाई व्यवस्थित गरी कृषि उपजहरुको उत्पादनमा वृद्धि ल्याइनेछ ।
- उपभोक्ताहरु मार्फत नजिकको ताल तलैया, सिमसार र जलाधार क्षेत्रहरुको संरक्षण, सुदृढीकरण गर्न सहयोग उपलव्ध गराउदै नजिकका क्षेत्रहरुमा नियमित सिंचाइ सुविधा उपलव्ध गराइनेछ ।

***सिंचाई सम्बन्धी स्थानीय नीति, कानुन तर्जुमा गर्ने:***

- सिंचाई सम्बन्धी स्थानीय नीति, कानुन तर्जुमा, मापदण्ड, तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- सिंचाई योजनाहरुको निर्माण तथा उचित व्यवस्थापन गर्ने ।
- सिंचाइ योजना निर्माण गर्दा दीगो संचालन तथा उपयोगका लागि क्षेत्रगत, लैङ्गिक, जातीय समानुपातिक प्रतिनिधित्व सहितको उपभोक्ता समिति गठन गरी लक्षित वर्गलाई प्राथमिकता दिने ।
- उपभोक्ता समितिको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

**च) प्रमुख कार्यक्रम**

- सिंचाई योजना निर्माण तथा मर्मत सम्भार ।
- नयाँ सिंचाई आयोजना निर्माण एवं संचालन ।
- सिंचाई उपभोक्ता सामतिको क्षमता विकास तथा जनशक्ति व्यवस्थापन कार्यक्रम ।

### ५.३.३ पशुपंछी विकास

**क) संभावना, अवसर र विद्यमान अवस्था**

गाउँपालिका क्षेत्रमा १२ प्रतिशत घरपरिवार पशुपालन कार्यमा संलग्न रहेको देखिन्छ । पशु विकासका लागि गाउँपालिका क्षेत्रमा पर्याप्त चरण क्षेत्रको विकास गर्न सकिने, पशुजन्य उत्पादनको वजारको प्रचुर सम्भावना रहेको एवं उत्पादकत्व बृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिबृद्धि जस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ ।

**ख) समस्या तथा चुनौती**

उत्पादकत्व बृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिबृद्धिजस्ता कार्य अझै पनि चुनौतीको रुपमा रहिरहेको छ । एग्रोभेटको अभाव, उन्नत जातको घाँसहरुको कमी, दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको कमी, भेटेरीनरी प्रसार सेवाको कमीजस्ता पक्ष पनि थप समस्याको रुपमा रहेको छ ।

**ग) उद्धेश्य**

आधुनिक पशुपालन व्यवसाय गरी दुध, माछा मासु, अण्डा उत्पादन बृद्धि गरी कृषक आत्मनिर्भर भएका हुने ।

**घ) सूचक तथा लक्ष परिमाण**

**तालिका १२: पशुपंछी विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | २८ | १०० | १५० |
| बार्षिक खरिद विक्री भेडा, खसी, बोका | संख्या | १००० | ३००० | ५००० |
| व्यवसायिक पशुपालन फर्म | संख्या | २० | ४० | १०० |
| दुध तथा दुधजन्य उत्पादन दैनिक | लिटर | ४१०० | ८००० | १०००० |
| भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | २ | ४ | ६ |
| सक्रिय पशुपालन समूह | संख्या | १० | १५ | २५ |

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| व्यवस्थित चरन क्षेत्र | संख्या | १ | ३ | ५ |
| नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ४ | ५ | ७ |
| क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ४ | ५ | ७ |
| पशुपालनसम्बन्धी उपलब्ध प्रविधि, (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन.) उपयोग गर्ने घरपरिवार | संख्या | १०००० | १५००० | २०००० |
| सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | ० | २ | ७ |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ० | २ | ५ |

**ङ) रणनीति/कार्यनीति**

***पशुपंक्षीपालनमा व्यवसायिकता बिकास गर्ने:***

- तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यवसायिक पालनका लागि कृषकहरुको क्षमतामा अभिवृद्धि ल्याई आय आर्जनको श्रोतको रुपमा स्थापित गराइनेछ ।
- नश्ल सुधारको माध्यमवाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।
- पशु आहारका लागि गुणस्तरीय एवं पोषणयुक्त घाँसबाली रोपणमा व्यापकता ल्याइने छ र चरिचरनका लागि उपयुक्त स्थानहरु निर्धारण गरी कृषकहरुको सहभागितामा चरन क्षेत्रलाई व्यवस्थित गरिनेछ ।
- उन्नत जातको पशु नश्ल सुधारको लागि शत प्रतिशतको उन्नत राँगा, साँढे, बोका वितरण गरी स्रोत केन्द्र स्थापना गर्ने एवं कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्ने ।
- बंगूर, कुखुरा तथा बाखापालनजस्ता कार्यक्रमलाई व्यवसायिक रुपमा प्रवर्द्धन गर्न कृषकलाई प्रोत्साहित गरिने छ ।
- पशु वीमालाई प्रभावकारी रुपमा परिचालनका लागि निजी क्षेत्रहरुसंग समन्वय गरिनेछ ।
- वेरोजगार युवा वर्गलाई पशुपंक्षी व्यवसायमा आवद्ध गर्न निजी क्षेत्रसंग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा सुविधाको ब्यवस्था गरी प्रोत्साहित गरिनेछ ।

***पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन तथा पूर्वाधार विकास गर्ने***

- पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धन एवं निकासी वृद्धि गर्न वस्तुमा विविधिकरणका लागि प्रोत्साहित गरिनेछ ।
- कृषकहरुलाई विभिन्न किसिमका सीप बिकास तालिमहरु संचालन गरी क्षमतामा अभिवृद्धि ल्याइनेछ ।
- वस्तुहरुको विविधिकरण गर्न आवश्यक पर्ने मेशिन उपकरणहरु आयात गर्नुपर्ने भएमा अनुदान व्यवस्था गरिनेछ ।
- पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवं वाह्य वजार प्रवर्द्धन गर्न संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विक्री केन्द्र, मेला प्रदर्शनी व्यवस्था जस्ता पूर्वाधारहरु एक उपयुक्त स्थानमा निर्माण गरिनेछ ।
- पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- सूचना प्रविधिमा कृषकहरुको पहुँचमा सहजता ल्याई पशुपंक्षी वजार सूचना सम्बन्धी स्थानीय तथा वाह्य वजारवारे जानकारी नियमित रुपमा गराउने संयन्त्र बिकास गरिनेछ ।

***पशुपंक्षीपालनमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धतामा वृद्धि गर्ने:***

- आवश्यक पूँजीको अभावमा पशुपंक्षी पालनलाई व्यवसायिक रुपमा अगाडि वढाउन नसक्ने महिला, दलित, तथा अति विपन्न वर्गलाई आवश्यकताका आधारमा वीउ पूँजी अनुदान उपलव्ध गराउदै पशुपंक्षी पालनलाई आय आर्जनको एक मुख्य श्रोतको रुपमा स्थापित गर्न सहयोग गरिनेछ ।
- न्यून लागत तथा तुलनात्मक रुपमा वढी लाभ आर्जन गर्न सकिने पशुपंक्षीजन्य वस्तुहरुको व्यवसायिक पालनमा प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- सहकारी संस्था तथा सामुहिक रुपमा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक पालन गर्न प्रोत्साहित गरिनेछ ।
- महिला, दलित, तथा अति विपन्न वर्ग आर्थिक तथा सामाजिक अवस्थामा सुधारका लागि सहकारी तथा निजीक्षेत्रसंग समन्वय गरी उनीहरुद्वारा उत्पादित वस्तुहरुको विक्री वितरणमा सहजता ल्याइनेछ ।

***पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था विस्तार गर्नेः***

- प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रण गदै स्वास्थ्यवर्द्धक वस्तु उत्पादनमा जोड दिइनेछ ।
- पशुपंक्षीहरुमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजिवी नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन गरिनेछ ।
- मानववाट पशुपंक्षी र पशुपंक्षीवाट मानव स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर राख्दै पशुपंक्षीको व्यवसायिक पालन गर्न नियमन गरिनेछ ।
- खुल्ला मासु विक्री वितरण तथा ओसारपसारका लागि एक मापदण्ड बनाई त्यसको नियमन गरिनेछ ।
- वजारका निश्चित क्षेत्रहरुमा पशुवधशाला निर्माण गरी फोहोरमैलाको व्यवस्थापन गरिनेछ ।

***पशुपंक्षी सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वियन गर्नेः***

- पशुपंक्षी व्यवसायिक पालन, पशुपंक्षी स्वास्थ्य सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिने छ र नियमित रुपमा अनुगमन र नियमनका लागि एक संयन्त्र बिकास गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- व्यवसायिक पशुपंक्षी विकास कार्यक्रम ।
- पशुपंक्षीपालन क्षमता विकास कार्यक्रम ।
- पशु विकास पूर्वाधार निर्माण ।
- पशुपंक्षी विकास कार्यक्रमका लागि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास ।

### ५.३.४ उद्योग, व्यापार तथा व्यवसाय

**क) संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिकामा मुख्य हाटबजारहरु पञ्चमी, टेम्मा, गुरुङ डाडाँ (साप्ताहिक बजार) संचालनमा रहेको तथा प्रमुख बजार क्षेत्रको रुपमा आखे, छितापोखरी, भडाँरेघाट, याम्खा, छोरम्बु, बतासे, तृतिया भञ्ज्याङ आदि रहेका छन् । अन्य सामान्य बजार क्षेत्रहरुमा माङ्खोलाटार, लहरे र पयू पनि रहेका छन् ।

गाउँपालिकामा संभावना बोकेका व्यापार व्यवसायहरुमा बाँस जडीवुटी लगायत अन्य वन पैदावारमा आधारित उद्योग, दुध तथा डेरी, ऊन व्यवसाय, मासु व्यवसाय आदि प्रमुख रुपमा देखिन्छन् । घरेलु व्यवसायमा स्थानीय महिला तथा युवालाई लक्षित गरी सीपमा आधारित खाडी ढाका कपडा बुन्ने व्यवसायको विस्तार गर्न सकिने देखिन्छ । यसैगरी वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सलाई व्यवसायमा लगाउनका साथै वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी संचालन गर्न सकिने संभावना रहेको देखिन्छ ।

**ख) समस्या तथा चुनौती**

व्यवसायको सोच र संस्कारको अभाव, पूर्वाधारको अभाव (व्यावसायिक सडक, कृषि सडक), तालिम तथा प्रशिक्षण केन्द्रको अभाव, व्यवसायिक प्रविधिको अभाव, व्यवसायिक सेवा प्रदायक संस्थाको अभाव, बैंक तथा वित्तीय सस्थाको अभाव, महिला, दलित, पिछडिएका वर्गहरुलाई उद्योग व्यवसायमा आकर्षण गर्न नसकेको, स्थानीय श्रोत, साधन, सीप, जनशक्तिको परिचालन गरी विकासको लागि नीति तथा रणनीतिको कमी तथा प्राविधिक तथा व्यवसायिक शिक्षा नीतिको कमी रहेको देखिन्छ । यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सूचना केन्द्रको कमी जस्ता पक्ष पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेका छन् ।

**ग) उद्धेश्य**

स्थानीय कच्चा पदार्थ, साधन श्रोत, सीप र जनशक्तिको व्यवसायिक रुपमा परिचालन गरी हरित उद्योग व्यवसाय विकास मार्फत दिगो आर्थिक समृद्धि र सम विकासका लागि आधार तयार हुने ।

**घ) सूचक तथा लक्ष परिमाण**

**तालिका १३ः उद्योग, व्यापार तथा व्यवसाय विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| चालु लघु उद्योग रु.५ लाख सम्मको | संख्या | २१७ | ४०० | ५०० |
| चालु घरेलु उद्योग (स्थानीय सिप र साधनमा आधारित) | संख्या | ६१ | १२० | १५० |
| चालु साना उद्योग ( रु.१ करोड सम्मको) | संख्या | ६८ | १०० | १२० |
| चालु मझौला उद्योग ( रु.३ करोड सम्मको) | संख्या | ७ | १४ | २१ |
| सुचारु व्यापार व्यवसाय | संख्या | २८३ | ४०० | ५०० |
| निकासीजन्य कच्चा पदार्थको परिमाण (अलैची) | टन | २१४४ | ४००० | ६००० |
| उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ० | ५ | ७ |
| उद्यम सृजना र विकास सम्बन्धी तालिम प्राप्त उद्यमी | संख्या | ५० | १००० | १५०० |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति | संख्या | ८५ | १५०० | २५०० |

**ङ) रणनीति/कार्यनीति**

***स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा वृद्धि गर्ने:***

- स्थानीय स्तरमा उपलव्ध साधन, श्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायहरु संचालनका लागि सहकारी तथा निजी क्षेत्रसंग समन्वय, सहकार्य गरी स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।
- व्यवसायिक सम्भाव्यता भएका वस्तुहरुको विस्तृत अध्ययन अनुसन्धान गरी सोका आधारमा वेरोजगार युवाहरुलाई सीप बिकास एवं उद्यमशीलता बिकास तालिमवाट क्षमता अभिवृद्धि गरिनेछ ।
- वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई कृषि, पशुपालन, तरकारी, फलफुल तथा पर्यटन क्षेत्रमा व्यवसायिक बिकास, तथा उद्यमशीलता बिकासका लागि प्रोत्साहित गर्दै स्थानीय आर्थिक कारोवारमा गतिशिलता ल्याइनेछ ।
- सहकारी संस्थामा आवद्ध सवै सदस्यहरुलाई खासगरी हस्तकलाका सामान जस्ता निर्यात जन्य उत्पादनका लागि सीप एवं उद्यमशीलता बिकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय संचालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।
- परम्परागत, मौलिक एवं कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता बिकासका लागि प्रोत्साहित गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको व्यवसायिक बिकासका लागि आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको निर्माण सहित उद्योग ग्रामको स्थापना गरिनेछ ।
- स्थापित उद्योग ग्राममा उद्योग तथा वाणिज्य सम्बन्धी प्रशासनिक सेवाहरु, वैकिङ्ग सेवा, व्यवसायिक परामर्श लगायतका सेवाहरु एकै स्थानमा उपलव्ध गराई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि ल्याइनेछ । यसका लागि सहकारी एवं निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।

***स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गर्ने:***

- गाउँपालिकाको एक प्रमुख वजार क्षेत्रमा विक्री कक्ष, प्रदर्शनी कक्ष स्थापना गर्दै स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गरिनेछ ।
- स्थानीय हाटवजार केन्द्र निर्माण गरी नियमित रुपमा स्थानीय एवं प्रदेश स्तरीय व्यापार मेला, प्रदर्शनी आयोजनाका लागि सहकारी एवं निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।

- विद्यमान वजार क्षेत्रहरुमा क्रमशः भौतिक पूर्वाधार, सेवा सुविधाहरु उपलब्ध गराउदै साना ठूला व्यापारिक केन्द्रको रुपमा बिकास गर्दै शहरीकरण गरिनेछ ।
- स्थानीय उत्पादनलाई वाह्य वजार क्षेत्र सम्म पुऱ्याउन सवै प्रकारका यातायात सेबालाई प्रभावकारी बनाइनेछ ।
- औद्योगिक सेवा, सूचना प्रवाह, प्रविधि सम्बन्धी सूचना संकलन र विरणलाई विस्तार गरिनेछ ।

***उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता कायम गर्ने:***

- महिला, दलित तथा अति विपन्न वर्गको रोजगारी एवं आय स्तरमा वृद्धिका लागि एकल, सामुहिक, साझेदारीमा उद्योग व्यवसाय स्थापनामा सहजिकरण र संचालनका लागि प्रोत्साहन गरिनेछ ।
- परम्परागत सीप बिकासलाई आधुनिकीकरण गरी त्यसलाई ब्यबसायीकरण गर्न प्रोत्साहित गरिनेछ ।
- आवश्यक पूँजी लगानीको अभाव उद्योग व्यवसाय शुरु गर्न नसकिरहेकाहरुलाई सहकारी तथा वित्तीय संस्थासंग समन्वय गरी व्यवसाय संचालनको वातावरण श्रृजना गरिनेछ ।
- लघु तथा घरेलु उद्योग धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्थाका लागि वित्तीय क्षेत्रसंग सहकार्य गरिनेछ ।

***उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वियन गर्ने:***

- लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि नीति, दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- उद्योग व्यवसाय बिकास सम्बन्धी कानुन, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।
- स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धि नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन गरिनेछ ।
- उद्योग व्यवसाय विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।

### च) प्रमुख कार्यक्रम

- उद्योग क्षेत्र विकास नीति तर्जुमा ।
- उद्योग पूर्वाधार विकास कार्यक्रम ।
- ठूला, मझौला तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम (कच्चा पदार्थको उत्पादनमा प्रोत्साहन कार्यक्रम, सार्वजनिक निजी अवधारणामा आधारित व्यवसायमा प्रोत्साहन कार्यक्रम) ।
- औद्योगिक उत्पादनको वजार पहुँच विकास कार्यक्रम ।
- उद्यमशीलता विकासका लागि युवा तथा लक्षित वर्ग क्षमता विकास तथा अनुदान सहयोग कार्यक्रम ।

## ५.३.५ पर्यटन विकास

### क) संभावना, अवसर र विद्यमान अवस्था

धार्मिक पर्यटकीय महत्वको दृष्टिकोणले पखुवा सिंहदेवी मन्दिर, छैलुङ्ग गुम्बा, वोल्फ, शिवरात्री मेला, स.छितापोखरी, विमिरे वसाहा गुफा, मुसुरी डाँडा, पूर्णिमा बजार, वतासे, किंसुम गुम्बा, छितापोखरी तथा प्राकृतिक पर्यटनतर्फ धिप्लुङ झरना, भुरचुङ्ग डाडाँ (प्याराग्याइडिङको सफल परिक्षण भई पर्यटन मन्त्रालयबाट मान्यता प्राप्त भएको), सेषथुम्का, उलेली गुफा र सास्कृतिक पर्यटनतर्फ राम्चेडाडाँ साकेला चन्डी नाच, देवाली, लाखे जात्रा, आ-आफ्नै जातजातिगत भेषभुषा तथा खानपिन भाषाभाषी सस्कार सस्कृति रहनुले यस क्षेत्रको विकासको संभावना प्रशस्त देखिन्छ ।

### ख) समस्या तथा चुनौती

पर्यटन मार्गको पहिचान भइ नसकेको, होम स्टे संचालनमा नआउनु, व्यवस्थित होटलहरु नहुनु, पर्यटन प्रवर्द्धनको निमित्त आवश्यक नीति नियमको कमी तथा ज्ञानको अभाव, पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि आवश्यक सूचना केन्द्र, बाटो, धारा, पथ प्रदर्शक, होटल व्यवसाय, बैंक, वित्तीय संस्था उपयुक्त प्रविधि आदिको कमी मूख्य समस्याको रुपमा रहेका छन् ।

### ग) उद्धेश्य

पर्यटकीय सोच र संस्कारमा बृद्धि गर्दै दिगो र सुरक्षित पर्यटन (आन्तरिक तथा बाह्य) को माध्यमबाट दिगो आर्थिक समृद्धि र समतामूलक समाजको आधार तयार भएको हुने ।

### घ) सूचक तथा लक्ष परिमाण

**तालिका १४: पर्यटन व्यवसाय विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| व्यवस्थित पर्यटकीय स्थान तथा स्थल | संख्या | ० | ७ | ३ |
| व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | ० | ४ | २ |
| उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार | संख्या | ० | ७ | ३ |
| पर्यटकीयस्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | ० | १० | १० |
| कृषि पर्यटन संचालन स्थान (चिया, कफी, सन्तला, किवी, अलैची, बंगुर) | संख्या | ० | ३ | ३ |
| तालिम प्राप्त टुर गाइड | संख्या | ० | ७ | ३ |
| व्यवस्थित वनभोज तथा पार्क | संख्या | ० | १ | १ |
| स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संस्था | ० | ५ | ३ |
| तालिम प्राप्त कुक तथा वेटर | संख्या | ० | १५ | १५ |
| संचालित तथा व्यवस्थित पदमार्गको लम्बाई | कि.मि. | ० | १० | ७ |
| रमणिय पर्यटकीय डाँडा, देशपाले | संख्या | १ | १ | २ |

### ङ) रणनीति/कार्यनीति

***गुणस्तरीय पर्यटनको बिकास र विस्तार गर्ने:***

- गाउँपालिका भित्र सम्भावित पर्यटकीय क्षेत्र तथा पर्यटकीय उत्पादनहरु पहिचान गरी विवरण तयार पार्दै त्यस्ता उत्पादनहरुको बिकास गर्न तथा गन्तव्य क्षेत्रहरुमा पुग्न आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ ।
- सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी गन्तव्य स्थलहरुको वारेमा जानकारी गराइनेछ ।
- पर्यटन व्यवसायमा आवद्ध राष्ट्रिय तथा स्थानीय संघ संस्था, होटेल, ट्राभल्स एजेन्सीहरुसंग सहकार्य एकीकृत रुपमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटनमा आधारित उद्योग व्यवसायहरु संचालनका लागि स्थानीय वेरोजगार युवाहरु एवं सहकारीमा आवद्ध सदस्यहरुलाई सीप तथा उद्यमशील बिकास तालिमहरु संचालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- निजी क्षेत्रसंगको सहकार्यमा एक निश्चित समय निर्धारण गरी आन्तरिक एवं वाह्य पर्यटक बृद्धिका लागि पर्यटन महोत्सव नियमित रुपमा आयोजना गरिनेछ ।
- पयर्टकहरुको सुरक्षा, औषधोपचार, होटेल, गाइड जस्ता न्यूनतम पूर्वाधारहरुको व्यवस्थाका लागि स्थानीय वासिन्दाहरुको क्षमतामा अभिवृद्धि गरिनेछ ।
- पर्यटकीय गन्तव्य स्थानहरुमा पुग्न सम्भव भएसम्म सवैप्रकारका यातायातको व्यवस्थाका लागि निजीक्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- विद्यमान चालु अवस्थामा रहेका पर्यटकीय क्षेत्रहरुमा थप पर्यटकीय उत्पादन वृद्धि गरी पर्यटकहरुको वसाई लागि अरु लम्व्याइनेछ ।

***ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने :***

- महत्वपूर्ण सम्पदाहरुको जीर्णोद्वार, मर्मत सम्भार, ताम्रापत्र राख्दै सम्पदाको व्यवस्थापन तथा नियमित सरसफाइका लागि स्थानीयहरुसंग सहकार्य गरिनेछ ।
- लोपोन्मुख एवं अन्य सवैप्रकारका कला, भाषा र संस्कृतिहरु झल्कने गरी उपयुक्त स्थानमा संग्रहालय निर्माण गर्दै सम्पदाको संरक्षण एवं व्यवस्थापनका लागि स्थानीय वासिन्दाहरुसंग सहकार्य गरिनेछ ।

- स्थानीय संस्कृतिहरु झल्कने गरी होमस्टे संचालन गर्न स्थानीय महिला, दलित तथा अति विपन्न वर्गलाई प्रोत्साहित गरिनेछ । होमस्टे संचालन गर्न आवश्यक सीप तथा उद्यमशीलता बिकास सम्बन्धी तालिमहरु संचालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

***महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता कायम गर्ने:***

- दलित एवं अति विपन्न समुदायमा होमस्टे संचालन गर्न आवश्यक सवै सीप तथा उद्यमशीलता बिकास तालिमहरु प्रदान गरी क्षमता अभिवृद्धि एवं आवश्यक पूर्वाधारहरुको व्यवस्था मिलाउदै आय आर्जन एवं स्वरोजगारीको अवसर श्रृजना गरिनेछ ।
- होमस्टे संचालन गर्न आवश्यक लगानी पूँजीको अभावमा होमस्टे संचालनमा अवरोध आएमा वित्तीय संस्थासंग समन्वय गरी सहयोग उपलब्ध गराइनेछ ।

***पर्यटन बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वियन गर्ने:***

- पर्यटन बिकासका लागि दीर्घकालीन नीति, गुरुयोजना बनाई सोही अनुसार कार्यान्वयन गरिनेछ ।
- पयर्टन बिकास, प्रवर्द्धनका लागि कानुन, मापदण्ड बनाई त्यसको अनुगमन र नियमन गरिनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटनको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।

**च) प्रमुख कार्यक्रम**

- पर्यटन पूर्वाधार विकास कार्यक्रम ।
- पर्यटन प्रवर्द्धन, प्रचार प्रसार तथा क्षमता विकास कार्यक्रम ।

### ५.३.६ बैंक, वित्तीय संस्था एवं सहकारी

**क) संभावना, अवसर र विद्यमान अवस्था**

वित्तीय पहुँच तथा सेवाको लागि गाउँपालिकामा हाल १ वटा वैंक शाखा तथा ९ वटा सहकारी संचालनमा रहेका छन् भने आमा समूह, सामुदायिक संस्था लगायत बचत समूहबाट समेत वित्तीय सेवा उपलब्ध भईरहेका छन् ।

**ख) समस्या तथा चुनौती**

बचत तथा ऋृण समूहको व्याजदर चर्को हुनु, स्थानीयहरुमा व्यापार, व्यवसायको लागि ऋृणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीयहरुमा आम्दानी तथा बचतको मात्रामा अत्यन्तै कमी, प्रविधिको विकास आवश्यक मात्रामा नभएको, व्यवसाय विकासका लागि आवश्यक सुरक्षाको कमीजस्ता पक्ष यस क्षेत्रको विस्तारका लागि चुनौतीको रुपमा रहेका छन् ।

**ग) उद्धेश्य**

निजी (रेमिट्यान्स) तथा सहकारी क्षेत्र एवं बैंक वित्तीय संस्थाको माध्यमबाट आन्तरिक तथा बाह्य पूँजी परिचालन गरी स्थानीय उत्पादन बृद्धि तथा निर्यात उद्योगको आधारशिला तयार भएको हुने

**घ) सूचक तथा लक्ष परिमाण**

**तालिका १५: बैंक, वित्तीय सेवा तथा सहकारी विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| सुचारु वैंक तथा वित्तीय संस्था र सहकारी | संख्या | ९ | १२ | १३ |
| सेवा सुचारु वैंक शाखा तथा वित्तीय सेवा प्रदायक | संख्या | १ | ३ | ४ |
| उपलब्ध कारोबारको किसिम (बचत र लगानी, रेमिट, मुद्रा सटही, व्यवसायिक परामर्श) | संख्या | २ | ५ | १४ |
| महिला बचत तथा ऋृण समुह | संख्या | ५० | ५५ | ६५ |

**ङ) रणनीति/ कार्यनीति**

***सहकारीता बिकास गर्ने:***

- छरिएर रहेको तथा अनुत्पादक क्षेत्रको पूँजीलाई एकीकृत गर्दै सहकारी संस्था स्थापना गर्न प्रोत्साहन गरिनेछ। एकीकृत पूँजीलाई उद्योग, व्यवसाय तथा उत्पादनशील क्षेत्रमा परिचालन गरी रोजगारी श्रृजना एवं आय आर्जन वृद्धि ल्याइनेछ।
- कृषक समूह, उद्यमी समूह, महिला, स्थानीय उद्यमी तथा व्यापारीलाई सहकारी आवद्ध गरी उद्यमशीलता बिकास, उत्पादन, बजारीकरण एवं वित्तीय व्यवस्थापन लगायत सहकारी व्यवस्थापन, सहकारी शिक्षा, सूचना प्रणाली, लगानी व्यवस्थापन जस्ता विषयमा प्रशिक्षण दिई क्षमता अभिवृद्धि गरिनेछ।
- एक वस्ती एक सहकारी अवधारणालाई अवलम्बन गर्दै विषयगत क्षेत्रका अलग अलग सहकारी संस्था स्थापनाका लागि प्रोत्साहित गरिनेछ।
- सहकारी संस्थाहरुको माध्यमद्वारा कृषि, पशुपंक्षीजन्य, बनय पैदावार, पर्यटन क्षेत्रमा स्थानीय उपजको विविधिकरण, प्रशोधन, वजार प्रवर्द्धन, मेला महोत्सव तथा बजारीकरणमा अभिवृद्धि ल्याइनेछ।
- सहकारी संस्थावाट सहज एवं सहुलियता दरमा कर्जा प्रवाहका लागि सहजीकरण गरिनेछ।

***संकलित पूँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने:***

- नगदे बाली, फलफुल, तरकारी लगायत छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरुमा लगानी परिचालन गर्न वित्तीय क्षेत्रलाई प्रोत्साहित गर्दै स्थानीय स्तरमा रोजगारी तथा आयआर्जनका अवसरहरु श्रृजना गरिनेछ।
- महिला, दलित तथा अति विपन्न वर्गको आर्थिक उत्थानमा सहयोग पुर्‍याउन व्यवसायको प्रकृति र आवश्यकताका आधारमा सहुलियतपूर्ण कर्जा वा अनुदान व्यवस्था गरिनेछ ।
- स्थानीय साधन, श्रोत, सीप र रोजगार प्रवर्द्धन हुने क्षेत्र एवं महिला समूहद्वारा संचालित उद्योग व्यवसायहरुमा लगानी गर्न नीतिगत व्यवस्था, सामुहिक जमानीमा कर्जा व्यवस्था, कर्जा लिने प्रक्रियालाई सहज र ऋण सुविधामा पहुँच वृद्धि गरिनेछ ।
- विषय क्षेत्रगत रुपमा र वर्गिय हिसाववाट तोकिएको प्राथमिकता प्राप्त क्षेत्रहरुमा सहुलियतपूर्ण ऋण कार्यक्रम संचालन गरी समग्र अवस्थामा सुधार ल्याउन वित्तीय संस्थाहरुसंग सहकार्य गरिनेछ।
- वित्तीय संस्थाहरुसंगको सहकार्यमा वैकिङ्ग ऋणलाई सहज, सुलभ र धितो मूल्याङ्कन एवं व्याजदरलाई व्यवहारिक बनाइनेछ।
- नव स्थापित बैंकका माध्यमबाट स्थानीय वचत एवं कर्जा परिचालनका लागि वातावरण श्रृजना गरिने छ।

***विप्रेषण (रेमिटेन्स) लाई उद्यम र व्यवसायमा परिचालन गर्ने:***

- विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्न सम्वन्धित परिवारहरुमा वित्तीय साक्षरता, सीप बिकास, उद्यमशीलता बिकास तालिम कार्यक्रम संचालन गरी क्षमता अभिवृद्धि गरिनेछ।
- विप्रेषणलाई नगदे बाली, छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरुमा लगानी गर्न नीतिगत व्यवस्था गरिनेछ।

***वैंक, वित्तीय संस्था तथा सहकारी बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वियन गर्ने:***

- वित्तीय, सहकारी एवं विप्रेषण लगानी सम्बन्धी नीति, कानुन, मापदण्ड बनाई अनुगमन र नियमन गरिनेछ।

**च) प्रमुख कार्यक्रम**

- वित्तीय सेवा सुदृढीकरण कार्यक्रम ।
- व्यवसाय संचालनको लागि अनुदान सहयोग कार्यक्रम ।

**५.३.७ बैदेशिक रोजगारी:**

**क) नीतिगत व्यवस्था, विद्यमान अवस्था, संभावना र अवसर**

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ। जस अन्तरगत प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्ने अधिकार छ। श्रम तथा रोजगार नीति अन्तरगत वैदेशिक रोजगारलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गरी श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्नुका साथै बैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने कुरा उल्लेख छ।

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११-थ अनुसार वैदेशिक रोजगार सम्वन्धीको आधारभूत सेवाहरु स्थानीय सरकारले प्रदान गर्नु पर्ने उल्लेख छ । जस अन्तरगत सुरक्षित बैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुन: एकीकरण र वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग सम्वन्धीको क्षेत्रमा काम गर्ने जिम्मेवारी स्थानीय सरकारको रहेको छ ।

गाउँपालिकाको कूल जनसंख्याको आर्थिक रुपले सक्रिय (१४–६०) वर्ष समूहको जनसंख्या ६०.५५ प्रतिशत रहेको छ । उमेर समूह को आधारमा सबैभन्दा बढी १५–२९ वर्षसमूह (३१.३९ प्रतिशत) देखिन्छ । यसैगरि ३०–४४ वर्ष समूहको १८.३९ प्रतिशत रहेको छ । आर्थिक रुपमा सक्रिय जनशक्तिले स्थानीय तहमा पर्याप्त रोजगारीको अवसर नहुंदा वैदेशिक रोजगारमा जाने प्रबृत्ति बढ्दो छ ।

यस गाउँपालिकाको कुल ३७५२ घरधुरी मध्ये १५२६ घरधुरीका व्यक्तिहरु बैदेशिक रोजगारमा गएका छन् । यसरी हेर्दा वैदेशिक रोजगारमा संलग्न घरधुरीको संख्या ४०.६७ प्रतिशत रहेको छ । कुल जनसंख्या २२३८७ जना मध्ये १५२६ जना वैदेशिक रोजगारमा संलग्न रहेका छन् । प्रतिशतको हिसावले या कुल जनसंख्याको ६.८ प्रतिशत हो जसवाट वार्षिक ( २०७४/०७५) १३ करोड १९ लाख विप्रेषण गाउँपालिकामा भित्रिएको छ । जसलाई औषत कमाइको रुपमा हेर्दा प्रति व्यक्ति प्रति महिना ७ हजार पर्न आउछ ।

### ख) समस्या तथा चुनौती

गाउँपालिकामा युवा र आर्थिक रुपले सक्रिय जनसंख्याको वाहुल्यता रहेको छ जुन यस गाउँपालिकाको अबसरको रुपमा रहेको देखिन्छ । विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा स्थानीय आर्थिक विकासमा योगदान पुगी उत्पादनमा योगदान पुग्नका साथै रोजगारको अवसर समेत विस्तार हुने अवसर देखिन्छ । बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रबृत्तिले स्थानीय रुपमा जनशक्तिको कमी, पारिवारीक/सामाजिक समस्या र परनिर्भरता बढी रहेको छ । गाउपालिकामा भित्रिएको विप्रेषण आयको उत्पादनमूलक उपयोग हुन नसक्दा उपभोग बढ्दो छ । दक्ष जनशक्ति पठाउन नसक्नु साथै वैदेशिक रोजगारको दिगो विकल्प दिनु गाउपालिकाकोलागि ठूलो चुनौती रहेको देखिन्छ ।

### ग) उद्धेश्य

वैदेशिक रोजगारमा संलग्न (महिला, पुरुष, विपन्न वर्ग सहित) कामदार तथा तिनका परिवारको वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि हुनका साथै वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरु पनि न्यूनिकरण हुनेछन् ।

### घ) सूचक तथा लक्ष परिमाण

**तालिका १६: बैदेशिक रोजगारी तथा सुरक्षित आप्रवासनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| शिपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने | प्रतिशत | - | ५० प्रतिशत | ६० प्रतिशत |
| सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह | संख्या | - | १५०० जना | २००० जना |
| विप्रेषणलाई उद्यम विकास/आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता | परिवार | - | ८०० परिवार | १००० परिवार |
| बैदेशिक रोजगारीमा संलग्न व्यक्ति (आर्थिक रुपले सक्रिय जनसंख्याको) | प्रतिशत | ६.८ प्रतिशत | ५ प्रतिशत | ५ प्रतिशत |
| विप्रेषण | रुपैंया | १३ करोड | १५ करोड | १५ करोड |

### ङ) रणनीति/ कार्यनीति

***सीप बिकास तथा क्षमता अभिवृद्धि गर्ने***

- अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त संस्थाहरुवाट कृषि व्यवसाय प्रवर्द्धन, होटेल व्यवस्थापन लगायतका मुख्य मुख्य विषयहरुमा आधारभूत सीप प्रदान गर्दै वैदेशिक रोजगारीलाई बढि आय प्राप्त गर्ने, सुरक्षित र सहज बनाउन सहयोग गरिनेछ ।

***गन्तव्य स्थानवारे अभिमुखीकरण गर्ने***

- गन्तव्य राष्ट्र/स्थानका वारेमा भाषा, संस्कृति, रहनसहन जस्ता सामाजिक पक्ष, सुरक्षा व्यवस्था, नीति नियम तथा दण्ड सजाय, सहायता केन्द्र जस्ता विषयहरुमा अभिमुखीकरण गर्दै आपतकालीन अवस्थामा समेत सुरक्षित रहन सक्ने सूचनाहरु प्रदान गरिनेछ ।

***न्यायमा सहज पहुँच कायम गर्ने***

- गन्तव्य क्षेत्रमा हुन सक्ने चोरी, ठगी, नोक्सानी, सम्झौता उल्लङ्घन, जालसाजी जस्ता विषयहरुमा पिडित पक्षलाई कानुनी सहायता सेवा उपलब्ध गराई अनावश्यक तनाववाट मुक्त गराइनेछ ।

***विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने***

- सम्वन्धित परिवारमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरी विप्रेषणलाई सुरक्षित लगानी गर्न प्रोत्साहन गरिनेछ ।
- सम्वन्धित परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्र तथा नगदे बालीहरुमा व्यवसायिकता बिकासका लागि सीप बिकास एवं उद्यमशीलता तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- वैदेशिक रोजगारीवाट फर्किआएका युवाहरुको सीप अभिवृद्धि तथा उद्यमशीलता बिकास गरी स्वरोजगारीका अवसरहरु श्रृजना गर्न सहयोग प्रदान गरिनेछ ।

### च) प्रमुख कार्यक्रम

- रोजगार सूचना केन्द्रको स्थापना र संचालन ।
- वैदेशिक रोजगार सम्बन्धी सचेतना कार्यक्रम ।
- आर्थिक/वित्तीय साक्षरता कार्यक्रम ।
- व्यवसायिक सीप विकास कार्यक्रम ।
- आप्रवासी तथा तिनका परिवारका लागि मनोसामाजिक परामर्श सेवा ।
- विप्रेषणको (आर्थिक, तथा ज्ञान/सीप र उद्यमशीलता) उत्पादनमूलक उपयोग ।
- न्यायमा पहुंच ।

# परिच्छेद ६
# सामाजिक विकास क्षेत्र

## ६.१ पृष्ठभूमि

शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरुलाई नेपालको संविधानलले नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडी परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानुनी तथा नीतिगत आधारहरु तयार भईसकेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ । वर्तमान १५ औं राष्ट्रिय योजनाले उपरोक्त विषयलाई समेत उच्च प्राथमिकतामा राखेको छ ।

सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार तयार गर्न संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपूर्ण प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ । दिप्रुङ चुईचुम्मा गाउँपालिकामा सक्षम जनशक्ति उत्पादन र यथोचित अवसरहरु उपलब्ध गराउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा रहेका संभावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ ।

## ६.२ सामाजिक विकासको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

आवधिक योजनाका लागि निर्धारित लक्ष्य अनुसार सामाजिक विकास क्षेत्रको लागि **गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी र सरसफाई सेवा, सामाजिक मूल्य मान्यता र सद्भावमा आधारित समावेशी तथा समतामूलक समाजको निर्माण गर्दै कला, भाषा तथा संस्कृतिको संरक्षण एवं सम्बर्द्धन गर्ने** उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष/परिमाण सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ ।

**तालिका १७: सामाजिक विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| १५ देखि ६० वर्षसम्मका साक्षर जनसंख्या | प्रतिशत | ८३.७२ | ८५.५३ | ९९ |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ० | ५० | २०० |
| उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ० | ५१ | २०५ |
| ३० मिनेटभित्र स्वास्थ्य सेवामा पहुँच भएका जनसंख्या ( घरधुरी) (गाउँघर क्लिनिकको सेवा समेत) | संख्या | ८७०० | १५००० | २२,२०५ |
| प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल पुग्न लाग्ने औषत समय | मिनेट | १२० | ६० | ३० |
| पाइपप्रणाली वा सुरक्षित खानेपानीको सेवा उपयोग गर्ने जनसंख्या | संख्या | ८६.४८ | ९५ | १०० |
| सरसफाई सेवा र सुविधा उपलब्ध परिवार | संख्या | ३००० | १०,००० | २०,००० |
| स्नातकतह उत्तिर्ण अपाङ्ग | संख्या | ० | ५ | १० |
| स्नातक तह उत्तिर्ण गर्ने महिला | संख्या | ३०२ | ५०० | १००० |
| स्नातक तह उत्तिर्ण दलित तथा लोपोन्मुख जाति | संख्या | ५ | १० | १५ |
| स्थानीय समिति/संरचनाको नेतृत्वदायी पदमा महिला तथा अन्य लक्षित वर्गको प्रतिनिधित्व | संख्या | १५० | ३०० | ५०० |
| जिल्ला/क्षेत्रीय स्तर व्यवसायिक खेलाडी | संख्या | १ | १० | २० |
| पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने महिला | प्रतिशत | ४८% | ६०% | ९० % |
| जीवनपयोगी सीप प्राप्त तथा क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ५० | १०० | २५० |

**प्रमुख रणनीतिहरुः**

- सामाजिक विकास क्षेत्र (शिक्षा विकास, आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाई आदि) अन्तर्गत संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानुन बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गरिनेछ । यसका साथै संघीय र प्रादेशिक सरकारबाट प्राप्त सामाजिक विकाससंग सम्बन्धित नमूना कानुनका मस्यौदाको स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याइनेछ ।

### ६.२.१ शिक्षा विकास

**क) संभावना, अवसर र विद्यमान अवस्था**

गाउँपालिका क्षेत्रको कूल साक्षरता दर ८३% रहेको छ साथै विद्यालयमा निरन्तरता दर ७० प्रतिशत रहेको देखिन्छ । कूल ४९ वटा विद्यालयहरुमध्ये बालविकास केन्द्र ३५ विद्यालयमा रहेको देखिन्छ । संचालित विद्यालयहरुमा ५-१० % बालमैत्री विद्यालयका पूर्वाधारहरु रहेको, ५-१० % विद्यालय भवन बालमैत्री र भूकम्प प्रतिरोधी निर्माण रहेको, ५-१० % शौचालय भएको, स्वच्छ खानेपानी २५-३०% विद्यालयहरुमा उपलब्ध रहेको, ६०-७० % विद्यालयहरुमा विद्युत उपलब्ध भएको, खेलकुद मैदान भएको एवं सबै विद्यालयहरुमा काम चलाऊ कक्षाकोठा रहेको देखिन्छ ।

**ख) समस्या तथा चुनौती**

१३ वटा विद्यालयमा आवश्यकता अनुसार दरबन्दी नहुनु, उच्च शिक्षाका लागि कलेज र प्राविधिक शिक्षाका लागि प्राविधिक शिक्षालयको अभाव, ९०-९५ प्रतिशत बालमैत्री विद्यालयका पूर्वाधारहरु नहुनु, ६०-७० प्रतिशत विद्यालय भवन बालमैत्री र भूकम्प प्रतिरोधी नहुनुजस्ता समस्या विद्यमान रहेका छन् । मापदण्ड अनुसारको विद्यालयहरुको खेलमैदान, विज्ञान प्रयोगशाला, विषयगत शिक्षकहरुको व्यवस्था एवं शिक्षकहरुको क्षमता अभिबृद्धि गर्ने कार्यक्रम नहुनु पनि प्रमुख समस्याको रुपमा रहीआएको छ ।

**ग) उद्धेश्य**

सीपमूलक, रोजगारमुखी तथा गुणस्तरिय शिक्षाको सुनिश्चितता कायम हुने ।

**घ) सूचक तथा लक्ष परिमाण**

**तालिका १८: शैक्षिक विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | २२.११% | १०% | ० % |
| प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्ष सम्मका बालबालिका | प्रतिशत | ९९% | १०० % | १००% |
| कक्षा १० को उतिर्ण दर | प्रतिशत | ४% | १० % | १५ % |
| कक्षा १२ को उतिर्ण दर | प्रतिशत | ५% | ११ % | १६ % |
| कक्षा ८ सिकाई उपलब्धी दर | प्रतिशत | ८% | १५ % | २१ % |
| कक्षा १० को सिकाई उपलब्धी दर | प्रतिशत | १८% | २५ % | ३० % |
| कक्षा १२ को सिकाई उपलब्धी दर | प्रतिशत | १९% | २५% | ३०% |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ३०% | ४० % | ५० % |
| कक्षा १० को निरन्तरता दर | प्रतिशत | ३०% | ४५ % | ५५ % |
| कक्षा १२ को निरन्तरता दर | प्रतिशत | ३०% | ४० % | ५० % |
| बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | ० | ५ | १० |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, शौचालय, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध | विद्यालय | ० | ३ | ६ |
| छात्रवृत्ति पाउने विद्यार्थी संख्या | संख्या | ८५७ | ९१६ | १०२३ |
| वालक्लव गठन भएका विद्यालय | संख्या | १३ | ३० | ४८ |
| शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यमिक) | संख्या | ३५.५ | | |
| महिला शिक्षकको अनुपात | संख्या | ३.२३ | | |

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | विद्यालय | ० | ५ | १० |
| प्राविधिक विद्यालय | संख्या | ० | १ | २ |
| उच्च शिक्षा क्याम्पस | संख्या | ० | १ | २ |

**ङ) रणनीति/कार्यनीति**

***साक्षरता अभिवृद्धि गर्ने***

- अनौपचारिक शिक्षा विस्तारवाट साक्षरता अभिवृद्धि गर्दै जीवनोपयोगी बनाइनेछ ।
- शिक्षाको मूलधारवाट वन्चित समूहलाई गृहणी, प्रौढ एवं अभिभावक शिक्षाको माध्यमवाट साक्षर बनाइनेछ ।
- विद्यालय वाहिर रहेका तथा छोडेका विद्यार्थीलाई विद्यालय भर्नामा प्रोत्साहित गरिनुका साथै अनौपचारिक, वैकल्पिक शिक्षा र अपाङ्गता भएका बालबालिकाको लागि समाहित शिक्षा मार्फत शिक्षा आर्जनको अवसरहरु श्रृजना गरिनेछ ।
- अनिवार्य शिक्षा, निःशुल्क शिक्षा एवं वैकल्पिक शिक्षा लगायतका माध्यमहरुवाट गाउँपालिकालाई पूर्ण साक्षर बनाइनेछ ।
- प्रत्येक शैक्षिक सत्रको शुरुमा विद्यार्थी भर्नालाई अभियानको रुपमा संचालन गरी उमेर पुगेका सबै बालबालिकालाई विद्यालय भर्ना र टिकाउनमा प्रोत्साहन गरिने छ ।

***शिक्षाको गुणस्तरमा वृद्धि गर्नेः***

- विद्यालय नक्सांकन गरी मापदण्ड अनुसार समायोजन गरिने छ ।
- तालिम प्राप्त, विषयगत एवं दरबनदी अनुसार शिक्षकहरुको व्यवस्था गरी पठनपाठनलाई नियमित रुपमा संचालन गरी गुणस्तर कायम राखिनेछ ।
- शिक्षकहरुलाई तालिम, अन्तरक्रिया एवं अनुभव आदनप्रदानमा सहभागि गराई पेशागत दक्षतामा अभिवृद्धि ल्याउदै शिक्षण पद्धतिहरुलाई चुस्त बनाइनेछ ।
- मण्टेश्वरी एवं त्यस्तै प्रकारका व्यवहारिक, प्रयोगात्मक शिक्षण पद्धतिहरु अवलम्बन गरी शिक्षणलाई बालमैत्री बनाइनेछ ।
- बालबालिकाहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै बालबालिकाहरुको सिकाईमा अभिवृद्धि ल्याइनेछ
- शैक्षिक अनुगमन मूल्यांकन, विद्यालय अनुगमनलाई प्रभावकारी रुपमा संचालन गर्न मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- विषयगत, कक्षागत सिकाई उपलब्धी दर बढाउन नतिजामा आधारित मूल्यांकन प्रणालीको अवलम्बन गरी शिक्षामा गुणस्तर कायम राख्न पहल गरिनेछ ।
- आधारभूत तहसम्म स्थानीय मातृभाषामा पठनपाठन गरी बालबालिकाहरुको सिकाइ स्तरमा अभिवृद्धि ल्याइनेछ ।
- शिक्षणमा सूचना तथा संचार प्रविधिको प्रयोग, कम्प्युटर शिक्षालाई अनिवार्य, ई-लाइब्रेरी, इण्टरनेटको व्यवस्था मिलाई विद्यालय आधुनिक प्रविधिमैत्री बनाइनेछ ।
- महिला-पुरुष शिक्षकको अनुपात र शिक्षक-विद्यार्थी संख्याको अनुपातलाई एक निश्चित मापदण्डका निर्धारण गरी कक्षागत रुपमा अलग अलग व्यवस्था गरिनेछ ।
- उत्कृष्ट परिणाम ल्याउने, प्रभावकारी व्यवस्थापन भएका विद्यालयहरुलाई पुरस्कृत गरी प्रोत्साहित गरिनेछ ।

***शैक्षिक पूर्वाधारको व्यवस्था गर्नेः***

- विज्ञान प्रयोगशाला, पुस्तकालय, सन्दर्भ सामाग्री, विषयगत शैक्षिक सामाग्री तथा पाठ्यपुस्तकको व्यवस्था गर्दै शिक्षक एवं विद्यार्थीहरुको ज्ञान भण्डारलाई फराकिलो बनाउन सहयोग गरिनेछ ।
- सवै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण गर्दै निर्मित पूर्वाधारहरु बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री एवं भूकम्प प्रतिरोधात्मक बनाउदै विद्यालयमा एक सहजपूर्ण वातावरण श्रृजना गरिनेछ ।
- विद्यालयको चारैतर्फ सफा, सुग्घर र विरुवा/वृक्षारोपण गरी हरियाली वातावरण कायम राख्न जोड दिइनेछ ।

***शिक्षालाई सर्वसुलभ बनाउने :***

- प्रोत्साहनमूलक कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरी कक्षा छोड्ने दरमा न्यूनता ल्याउन पहल गरिनेछ
- अनिवार्य शिक्षा, निःशुल्क शिक्षा, छात्रवृत्ति जस्ता कार्यक्रमहरु संचालन गरी विद्यार्थी भर्नामा वृद्धि र पढाईमा निरन्तरता ल्याउन सहयोग गरिनेछ ।
- अपाङ्गता भएका विद्यार्थीलाई अपाङ्गताको किसिम हेरी तदअनुसारको विशेष विद्यालयमा समन्वय गरी पठनपाठनको व्यवस्था मिलाईने छ ।
- प्रारम्भिक बालबिकास शिक्षामा विपन्न, दलित र सिमान्तकृत समुदायका बालबालिकाको पहुँच विस्तार र सुनिश्चित गरिनेछ ।
- शिक्षामा महिला, दलित, आदिवासी जनजाति, अपांगता भएका व्यक्तिको समेत पहुँच सुनिश्चित गरिनेछ ।
- विद्यालय तथा शिक्षा क्षेत्र दण्ड र द्वन्द रहित बनाइनेछ ।
- उपयुक्त स्थानमा उच्च शिक्षा अध्यापनको व्यवस्था मिलाई गाउँपालिकामा सक्षम, दक्ष जनशक्ति बिकासमा जोड दिइनेछ ।
- प्राविधिक विद्यालय स्थापना गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको बिकास र विस्तार गर्न र दक्ष जनशक्ति उत्पादन गरी रोजगारीता सहयोग गरिनेछ ।

***आधारभूत शिक्षा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वियन गर्ने***

- आधारभूत एवं माध्यमिक शिक्षा क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानुन तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- शैक्षिक पूर्वाधार विकास कार्यक्रम ।
- शिक्षा गुणस्तर अभिबृद्धि कार्यक्रम ।
- विद्यार्थी भर्ना तथा निरन्तरता अभिबृद्धि कार्यक्रम ।

### ६.३.२ आधारभूत स्वास्थ्य

**क) संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिका क्षेत्रमा ७ वटा स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुँदै आईरहेको छ । गाउँपालिका क्षेत्रमा ३ वटा वर्थिङ सेन्टर संचालन भइरहेको, ७९ जना महिला स्वास्थ्य स्वयंसेविका क्रियाशील रहेको, प्रत्येक स्वास्थ्य संस्थासँग सडकको पहुँच भएको पोषण कार्यक्रम संचालन भैरहेको अवस्था विद्यमान छ । २ वर्ष सम्मको २ वटा बच्चालाई बाल पोषण भत्ता बापत महिनाको रु. १००० को दरले २ वर्षसम्म उपलब्ध गराउँदै आईरहेको ब्यबस्था एउटा नौलो असल अभ्यास रुपमा कायम भएको छ । स्वास्थ्य तथा पोषणको क्षेत्रमा जनचेतनामा क्रमशः बृद्धि हुँदै गएको देखिन्छ ।

**ख) समस्या तथा चुनौती**

गाउँपालिकामा प्राथमिक स्वास्थ्य केन्द्रको अभाव, विशेषज्ञ चिकित्सकहरु उपलव्ध नहुनु, वथिंङ्ग सेन्टरमा उपकरणहरुको अभाव, भौतिक संरचनाको कमी, पाठेघर खस्ने समस्याको ब्यापकता, अपाङ्गमैत्री स्वास्थ्य सेवा नभएको, किशोर किशोरीमैत्री स्वास्थ्य सेवा संचालन नहुनु तथा महामारी रोकथामको लागि आवश्यक जनशक्तिको अभाव लगायतका समस्या विद्यमान रहेका छन् ।

**ग) उद्धेश्य**

गुणस्तरीय तथा आधारभूत स्वास्थ्य सेवा तथा सुविधाको उपलब्धता तथा गुणस्तरमा अभिबृद्धि भएको हुनेछ ।

### घ) सूचक तथा लक्ष परिमाण

**तालिका १९: आधारभूत स्वास्थ्य सेवाको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | प्रतिशत | ५२ | ६० | ८० |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला ( गा.पा.भित्र मात्र) | संख्या | ७६ | १८० | २९० |
| भाडापखालाको संक्रमण दर (प्रति हजारमा) | प्रतिशत | ५.४९% | ३.२५% | १ % |
| स्वाशप्रश्वासको संक्रमण (ARI) दर (प्रति हजारमा) | प्रतिशत | १०.९८ % | ६3५% | २% |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | २९ | ३९ | ३९ |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० |
| सबै खोप लिएका बालबालिका | प्रतिशत | ७९ | ७५ | ८५ |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ३४ | ६० | ७५ |
| स्वास्थ्य विमा गर्ने परिवार | संख्या | १८५ | ३७५२ | ३७५२ |
| स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागी | जना | १३५०० | १४६०० | १४६०० |
| स्वास्थ्य शिविर पटक | जना | १ | १ | १ |
| मासिक रुपमा फलोअपमा आएका विरामी | संख्या | ७०९ | १०३७ | १३०५ |
| स्वास्थ्य संस्थामा उपलब्ध न्यूनतम सेवा सुविधा | प्रकार | ८ | ८ | ८ |
| क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ७९ | ७९ | ७९ |
| निजी तथा समुदायमा आधारित स्वास्थ्यकर्मी | संख्या | ० | ० | ० |
| आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | जना | १७०५ | १९००७ | २२३८७ |
| धुवारहित चुल्हो वा वैकल्पिक इन्धन प्रयोग गर्ने परिवार | संख्या | २२३८ | २५०० | ३७५२ |
| आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ३ | ७ | ७ |

### ङ) रणनीति/कार्यनीति

***स्वास्थ्य संस्था र सेवा विस्तार गर्ने***

- उपयुक्त स्थानमा कम्तिमा गाउँपालिकास्तरीय अस्पताल स्थापना गरी स्वास्थ्य सेवा सुविधा उपलव्ध गराइनेछ ।
- सबै स्वास्थ्य चौकीहरुमा वर्थिङ सेबालाई प्रभावकारी ढंगवाट संचालन गर्न आवश्यक सवै प्रकारका भौतिक पूर्वाधार एवं उपकरणहरुको व्यवस्था गर्दै मातृ मृत्यु र शिशु मृत्यु दरलाई शुन्य बनाइनेछ ।
- स्वास्थ्य चौकीहरुको क्षमता अभिवृद्धिका लागि न्यूनतम सवै प्रकारका औषधी, उपकरण जडान र दक्ष जनशक्तिको व्यवस्था गरी स्वास्थ्य सेवा सुविधालाई चुस्त बनाइनेछ ।
- उपयुक्त स्थान पहिचान गरी प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गरी स्वास्थ्य सेवाको प्रभावकारीताका लागि आवश्यक औषधी, उपकरण र दक्ष जनशक्तिको व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य सेबालाई विस्तार गर्दै हरेक विद्यालयहरुमा स्वास्थ्यकर्मी सहित आवश्यक औषधी उपकरणको व्यवस्था गरी विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ ।
- निर्धारित मापदण्ड पूरा गरेका सामुदायिक अस्पताल, स्वास्थ्य क्लिनिक, औषधी पसलहरुलाई आवश्यकताका आधारमा गाउँपालिकाको विभिन्न स्थानहरुमा संचालन व्यवस्था मिलाइनेछ ।

***स्वास्थ्य सेवामा गुणस्तर वृद्धि गर्ने***

- प्राथमिक स्वास्थ्य केन्द्र, चौकी लगायत अन्य स्वास्थ्य सेवामा कार्यरत जनशक्ति एवं महिला स्वयंसेविकाहरुलाई विभिन्न तालिम, शिविरहरुमा सहभागिता गराई उनीहरुको दक्षता र क्षमतामा अभिवद्धि गर्दै स्वास्थ्य सेबालाई भरपर्दो बनाइनेछ ।
- दरबनदी अनुसार कर्मचारी, दक्ष र अनुभवी स्वास्थ्यकर्मीहरुको व्यवस्थाका लागि प्राथमिकता दिइनेछ । जनशक्ति एवं औषधी उपकरणको अभाव हुन नसक्ने उपचारलाई न्यूनीकरण गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको स्तर र मापदण्ड अनुसार हुनुपर्ने न्यूनतम पूर्वाधारहरुको व्यवस्था गरी सुविधा सम्पन्न बनाइनेछ । त्यस्ता पूर्वाधारहरुको संरचना अपाङ्गता, लैङ्गिक र बालमैत्री हुनेछ ।

- स्वास्थ्य प्रयोगशाला, व्लड वैंक, र आपतकालीन सेवा संचालनका लागि आवश्यक पूर्वाधार एवं संयन्त्रको बिकास गरी असमायिक मृत्युलाई न्यूनीकरण गरिनेछ ।
- नसर्ने तर प्राणघातक रोगहरुवाट हुने अकाल, अल्पायु, असमायिक मृत्युलाई नियन्त्रण एवं निरोधात्मक उपायहरु अवलम्बन गर्दै बिशेषज्ञ अस्पताहरुबाट घुम्ती सेवा संचालन गरी स्वास्थ्य संस्थाहरुमा निःशुल्क स्वास्थ्य जाँचको व्यवस्था गरिनेछ । विशिष्टिकृत अस्पतालहरुसंग समन्वय गरी सन्दर्भ अस्पतालको रुपमा सूचीकृत गरिनेछ ।
- बालबालिकाहरुलाई विसिजि, पोलियो र आवश्यक सवै भिटामिनको उचित व्यवस्थापन र पोषण कार्यक्रम संचालन गरी पूर्ण खोपयुक्त गाउँपालिका बनाइनेछ ।

***स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने***

- ज्येष्ठ नागरिक एवं विविध कारणहरुवाट स्वास्थ्य सेवा उपलब्ध हुन नसकेको क्षेत्र, समुदाय र वस्तीहरुमा स्वास्थ्य शिविरहरु संचालन गरी स्वास्थ्य जाँच लगायतका सेवा सुविधाहरु उपलब्ध गराइ स्वास्थ्य सेबालाई विस्तार गरिनेछ ।
- निःशुल्क र सुरक्षित प्रसुति सेवा विस्तार गरी प्रसुति अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट शतप्रतिशत प्रसूति सेवा उपलब्ध गराउने गरी प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
- मातृ तथा शिशु स्वास्थ्य सेवाहरु, खोप सेवा, सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवाहरु विस्तार तथा सेवा सुदृढीकरण गरिनेछ यसका लागि आवश्यकता अनुसार समुदाय परिचालन गरिनेछ ।
- सरकारबाट निःशुल्क उपलब्ध गरिने सबै औषधीहरु गाउँपालिकाको आवश्यकता आुसार बर्गीकरण गरी सबै याममा उपलब्ध हुने बाताबरण श्रृजना गरिनेछ र औषधी वितरणलाई नियमित अनुगमन र नियमन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा दक्ष प्रसुतिकर्मी तथा अन्य जनशक्तिको सुनिश्चितता गरी चौविसै घण्टा सेवा प्राप्त गर्न सकिने वातावरण श्रृजना गरिनेछ ।
- स्वास्थ्य वीमालाई प्रभावकारी ढंगवाट परिचालन गरी स्वास्थ्य सेवा पहुँचमा सहजता ल्याइनेछ ।
- विपन्न तथा पछाडि परेका वर्ग, क्षेत्र र समुदायमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न घुम्ती शिविर र सामुदायिक स्वास्थ्य ईकाई, गाउँ घर क्लिनिक वृद्धि गरिनेछ ।
- दलित, अति विपन्न र ७० वर्ष माथिका नागरिकहरु स्वास्थ्य जाँच एवं उपचार व्यवस्था गाउँपालिकाका स्वास्थ्य चौकी, अस्पतालवाट निःशुल्क उपलव्ध गराइनेछ ।
- भौगोलिक अवस्था र सडक सुविधाका आधारमा आपतकालीन सेवाका लागि एम्वुलेन्स सेबालाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- घरेलु हिंसाबाट पिडित महिलाहरुको व्यवस्थापन तथा आवश्यकता सम्बोधन गर्न एकद्वार संकट व्यवस्थापन सेवा तथा सुचारु तथा व्यवस्थापन गरिनेछ ।
- महिनावारी स्वास्थ्य, यसको व्यवस्थापन कार्यक्रम र महिनावारीसँग सम्बन्धित अन्धविश्वासका विरुद्ध जनचेतना अभिवृद्धी गरिनेछ ।

***स्वास्थ्य सम्बन्धी जनचेतना विस्तार गर्ने***

- बाल विवाह, जन्मान्तर, परिवार नियोजन, मातृ शिशु कल्याणका वारेमा सचेतनामूलक अभियान संचालन गरिनेछ ।
- सरसफाई र पोषणयुक्त खानेकुरामा जनचेतनाको अभिबृद्धि गरी कुपोषणलाई र रोग लाग्ने दरलाई घटाउँदै मानव स्वास्थ्यता निर्माणमा सहयोग पुऱ्याइनेछ ।
- वढी समस्या देखिएका सर्ने तथा नसर्ने रोगहरु एचआईभी एड्स, लागुऔषध दुर्व्यसन, मधुमेह, उच्च रक्तचाप, मुटुरोग, क्यान्सर तथा मोटोपनाका वारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।
- योग, ध्यान, वैकल्पिक उपचार (आयुर्वेदिक, होमोप्याथिक, प्राकृतिक, फिजियोथेरापी, लेजरथेरापी, अकुपंचर, अकुप्रेसर, म्युजिकथेरापी) का वारेमा प्रचार प्रसार गरी त्यसमा अभ्यस्तताका लागि प्रयास गदै शारीरिक र मानसिक स्वास्थ्यतामा अभिवृद्धि ल्याइनेछ ।
- शरीर एवं स्वास्थ्यलाई हानी पुऱ्याउने रसायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य एवं जंक फुड, सूर्तीजन्य पदार्थ, मदिरा सेबन जस्ता विकृति विरुद्ध अभियान संचालन गरी नागरिकहरुमा चेतना अभिवृद्धि गरिनेछ ।

***स्वास्थ्य सेवा सम्बन्धी नीति तर्जुमा तथा योजनाको कार्यान्वियन गर्ने***

- आधारभूत स्वास्थ्य तथा पोषण सम्बन्धि स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको तर्जूमा, कार्यन्वयन तथा नियमन गर्ने र यससँग सम्बन्धित सेवाको सञ्चालन प्रवर्द्धन गरिनेछ ।

- संघीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धि लक्ष्य र गुणस्तर निर्धारण गरिनेछ ।
- स्वास्थ्य चौकी, अस्पताल आदिवाट निस्कने फोहोरमैला, प्रदुषण, रोग महामारी नियन्त्रण जस्ता स्वास्थ्य सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, अनुगमन र नियमन गरिनेछ ।

### च) प्रमुख कार्यक्रम

- स्वास्थ्य सेवा पूर्वाधार विकास कार्यक्रम ।
- उपकरण तथा उपचार व्यवस्थापन कार्यक्रम ।
- स्वास्थ्य सेवा विस्तार प्रोत्साहन कार्यक्रम ।
- जनशक्ति व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम ।

## ६.३.३ खानेपानी तथा सरसफाई

### क) संभावना, अवसर र विद्यमान अवस्था

गाउँपालिका क्षेत्रका करीव ५५ प्रतिशत घरधुरीमा खानेपानीका लागि धाराको पानी उपयोग हुने गरेको छ। हाल सम्ममा करिब ९६ प्रतिशत घरमा प्यान भएको शौचालय निर्माण भइसकेको देखिन्छ। धुवाँरहित चुलो निर्माण र उपयोग गर्ने घरपरिवारको संख्या पनि उल्लेखनीय रहेको छ।

### ख) समस्या तथा चुनौती

गाउँपालिकामा खानेपानीको श्रोतको संरक्षणको अभाव रहेको देखिन्छ। गाउँपालिकामा ३.११ प्रतिशत घरमा शौचालय निर्माण नभएको, निर्माण भएका शौचालयहरुमा पनि सरसफाईको अभाव हुनु मूख्य समस्याको रुपमा रहेको छ।

### ग) उद्धेश्य

सम्पूर्ण नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउने ।

### घ) सूचक तथा लक्ष परिमाण

**तालिका २०: खानेपानी तथा सरसफाईको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| निजी धारा उपलब्ध घर परिवार | संख्या | १०४१ | १५०० | ३७५२ |
| पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | संख्या | ३२४५ | ३३५० | ३७५२ |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | संख्या | ३२४४ (८६.४८) | ३४०० | ३७५२ |
| स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | संख्या | ७५५ | १५०० | २५०० |
| सार्वजनिक शौचालय | संख्या | ० | ४ | १० |
| जोखिमयुक्त अवस्थामा साबुनपानीले हात धुने | जनसंख्या | १७९०९ (८०% | २०००० | २१००० |
| फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | संख्या | ३८९ | ८०० | १५०० |
| सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | ८ | १५ | २१ |
| स्वच्छ खानेपानी उपयोग गर्न घरघुरी | प्रतिशत | ८६.४८% | ९०% | ९६% |
| शौचालय भएका जनसंख्या | प्रतिशत | ९६.८९% | ९८% | १०० % |
| दलको निकासाको अवस्थाबाट लाभान्वित घरघुरी | संख्या | ५०० | १००० | २००० |

### ङ) रणनीति/कार्यनीति

***स्वच्छ र सुरक्षित खानेपानीमा सवैको पहुँच वृद्धि गर्ने***

- पानी मुहानहरुको संरक्षण र सम्वर्द्धन र दीगो उपभोगका लागि लाभान्वित समुदायको सहभागितामा खानेपानी उपभोक्ता समिति बनाई समितिको पहलमा मुहान क्षेत्रमा वृक्षारोपण र पानी वितरणको व्यवस्थापन मिलाइनेछ ।

- पानी मुहान र खानेपानी संरचनाहरुको नियमित मर्मत सम्भार, स्तरोन्नति र वितरण प्रणालीलाई व्यवहारिक र व्यवस्थित गर्दै थप क्षेत्रहरुमा खानेपानी सेवा सुविधा उपलब्ध गराइनेछ ।
- परम्परागत पानीका श्रोतहरुको संरक्षण र दीगो व्यवस्थापन गर्दै थप सुविधा उपभोगका लागि विशेष जोड दिइनेछ ।
- सुख्खा क्षेत्रहरुमा आकाशे पानी संकलन जस्ता वैकल्पिक उपायहरु अवलम्बन गरी जीवनशैलीलाई सहज बनाइनेछ ।
- स्थानीयको सहभागितामा खानेपानी आपूर्तिलाई नियमित गर्दै एक घर एक धारालाई प्रभावकारी संचालन गर्दै उब्रेको तथा खेरजाने पानीवाट करेसावारी खेतीलाई प्रभावकारी बनाइनेछ ।
- स्थानीय गैसस लगायतका संस्थाहरुको समन्वय, सहकार्य एवं जवाफदेहितामा खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम प्रभावकारी ढंगवाट कार्यान्वयन गरिनेछ ।

***व्यवस्थित सरसफाई र फोहोरमैलाको सुरक्षित विसर्जन गर्ने***

- फोहोरलाई न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन जस्ता विधिवाट श्रोतमै फोहोर व्यवस्थापन गर्दै गाउँ वजारलाई प्लाष्टिकमुक्त, धुवामुक्त घर बनाई स्वच्छ, सफा एवं सवैप्रकारका प्रदुषणहरुवाट मुक्त बनाउन महिला समूहको भूमिकालाई प्रभावकारी बनाइनेछ ।
- अति विपन्न एवं सीमान्तकृत वर्गको श्रम लागत सहभागितामा घरघरमा खानेपानी र चर्पी निर्माणलाई प्राथमिकता दिदै सरसफाईलाई प्रभावकारी ढंगवाट परिचालन गरिनेछ ।
- स्थानीय समुदायको सहभागितामा पानी सुविधा सहितको सार्वजनिक शौचालय निर्माण एवं सरसफाईलाई व्यवस्थित गर्दै खुल्ला दिसामुक्त बनाइनेछ ।
- घर शौचालयवाट निष्कृत फोहोर पानीलाई व्यवस्थित गर्न वजार क्षेत्रहरुमा ढल निकासको व्यवस्था गरिनेछ
- स्थानीयहरुको सहभागितामा स्यानेटेरी ल्यान्डफिल साइटलाई व्यवस्थित गरी सम्भावित रोग महामारीको नियन्त्रण गर्दै गाउँवासीलाई सुरक्षित राखिनेछ ।

***खानेपानी तथा सरसफाई सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने***

- खानेपानी तथा सरसफाईसँग सम्बन्धित स्थानीय नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन गरिनेछ
- आयोजनाहरुको अनुगमन तथा नियमनलाई गाउँपालिकामा आवश्यक संयन्त्र निर्माण गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- स्वच्छ खानेपानी पूर्वाधार विकास कार्यक्रम ।
- खानेपानीको बैकल्पिक श्रोत व्यवस्थापन कार्यक्रम ।
- सुधारिएको चुलो प्रवर्द्धन कार्यक्रम ।
- सुख्खा क्षेत्रमा पानीको पुनः प्रयोग प्रोत्साहन कार्यक्रम ।
- सरसफाई पूर्वाधार विकास कार्यक्रम ।
- सरसफाई चेतना अभिबृद्धि कार्यक्रम ।

### ६.३.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

**क) संभावना, अवसर र विद्यमान अवस्था**

सामाजिक समावेशीकरण र लक्षित वर्गको हितका सम्बन्धमा लक्षित समुह विकास कार्यक्रम संचालन हुनुले यस क्षेत्रमा लक्षित वर्गमा अधिकार र अवसरका सम्बन्धमा चेतनाको बृद्धि हुँदै गएको छ । न्यायिक समितिको क्रियाशीलता, ६५ वर्षमाथिका जेष्ठ नागरिकहरुलाई गाँउपालिकाको क्षेत्रभित्र निःशुल्क यातायात सेवा, अपाङ्गता समन्वय समितिको क्रियाशीलता, अपाङ्गता परिचयपत्र कार्यविधि तर्जुमा जस्ता पहलहरुले समेत लक्षित वर्गको हितका निमित्त सकारात्मक कार्य हुँदै आईरहेको छ । गाउँपालिकामा महिला संजाल २ वटा र आमा समूह ७८ वटा क्रियाशील रहेको देखिन्छ । समूह समितिमा ५० प्रतिशत आवद्ध रहेको, महिलाको राजनैतिक आर्थिक, सामाजिक, सांस्कृतिक आदि तहमा महिला सहभागिता बढ्दो रहेको तथा किशोर किशोरी शिक्षा तुलनात्मक रुपमा बृद्धि हुँदै गरेको अवस्था देखिन्छ ।

### ख) समस्या तथा चुनौती

आफ्नो हक अधिकारप्रति चेतनाको पर्याप्त अभाव हुनु, शिक्षामा कमी, सम्पतिको अधिकारमा कमी, परिवारिक निर्णयमा महिलाहरुको भूमिका गौण हुनुजस्ता समस्या एकातिर रहेको देखिन्छ भने अर्कोतिर बालविवाह, बहुविवाह, महिला हिंसा लगायत विकृतिहरु कायमै रहनु र आर्थिक उपार्जनमा लक्षित वर्ग पछाडी परेकोजस्ता समस्या मूख्य चुनौतीको रुपमा रहेका छन् ।

### ग) उद्धेश्य

समाजमा पछाडी परेका वर्ग समुदायको सशक्तिकरण तथा क्षमता अभिबृद्धिबाट सामाजिक न्याय कायम गर्ने ।

### घ) सूचक तथा लक्ष परिमाण

**तालिका २१: सामाजिक समावेशीकरणको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) समिति, संयन्त्र तथा संजाल | संख्या | २३ आमा समूह, ७८ महिला विकास समिति, २२ दलित सन्जाल | सुदृढिकरण गर्ने | |
| लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | ५५ | २८ | ० |
| तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | २१ | ५० | १५० |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ९० | ११० | १८० |
| उद्दार, उपचार र सहयोग प्राप्त गर्ने हिंसाजन्य घटना पीडित, बहुविवाह | संख्या | १ | | |
| लक्षितवर्गबाट उजुरी गुनासो (बार्षिक) | संख्या | | | |
| सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग (बालपोषण समेत) | संख्या | २५०५ | ५००० | ७००० |
| घर व्यवहार तथा कारोबारसम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | ४४ | ७५ | १०० |
| महिला प्रहरी संख्या (पालिका स्तरीय) | संख्या | ० | २ | ४ |
| सुरक्षा आवास | संख्या | ० | १ | १ |
| अपाङ्गतामैत्री सार्वजनिक पूर्वाधार | प्रतिशत | ० | ३०% | ६०% |
| अपाङ्गता परिचयपत्र प्राप्त गरेको व्यक्ति | संख्या | १७० | ३४० | ५१० |
| अपाङ्गतामैत्री शिक्षण प्रणाली भएका विद्यालय | संख्या | ० | ३ | ७ |
| गरिबीको रेखामुनी NLSS2011 रहेका जनजाति | | राष्ट्रिय ४३.६३ | | |
| निर्णायक तहमा रहेका जेष्ठ नागरिक | जना | ५ | १० | १० |
| जातिय छुवाछुट जन्य व्यवहार | प्रतिशत | ९५% | ७५% | ५५% |
| बालबालिका विद्यालय बाहिर रहेका बालबालिका | प्रतिशत | २२.११% | १५% | ८% |

### ङ) रणनीति/कार्यनीति

***महिला सशक्तीकरण र समावेशीकरणमा जोड दिने***

- महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक रुपमा सशक्तीकरण गर्दै त्यस्ता क्षेत्रहरुमा अर्थपूर्ण सहभागिता वढाउदै लगिनेछ ।
- महिलाहरुको दक्षता, क्षमतामा अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सार्वजनिक लगायतका सवै निर्णायक तहमा महिलाहरुको सार्थक सहभागिता र समान पहुँचको व्यवस्था मिलाइनेछ ।
- महिला संगठन, समूह तथा संजालहरुको बिकास विस्तार र सशक्तीकरण गर्दै यस्ता संस्थाहरुको प्रभावकारी प्रतिनिधित्व सवै क्षेत्रमा गराइनेछ ।
- लैङ्गिक हिंसावाट पिडित महिलाहरुको संरक्षणका लागि अल्पकालीन वा दीर्घकालीन सेवा केन्द्रहरु स्थापना र संचालन गर्दै मनोसामाजिक विमर्श उपचार एवं कानुनी सहायताहरु उपलव्ध गरिनेछ ।
- कार्यस्थलमा हुने लैङ्गिक तथा यौनिक हिंसा, छुवाछुत एवं विभेदपूर्ण ज्यालादर लगायत सवैप्रकारका अन्याय र हिंसालाई निरुत्साहित र दण्डित गर्न स्थानीय कानुन बनाई र कडाइका साथ लागू गरी गाउँपालिकालाई महिला हिंसामुक्त बनाइनेछ ।

- सीप बिकास एवं उद्यमशीलता तालिमवाट रोजगारी, स्वरोजगारी तथा आय आर्जनका अवसरहरु श्रृजना गर्दै महिलाहरुलाई आर्थिक रुपमा सक्षम र सवल बनाइनेछ ।
- महिला सहकारी संस्थालाई बिकास विस्तार एवं आवद्ध सदस्यहरुको क्षमता अभिवृद्धिका लागि सहकारी व्यवस्थापन तालिमहरु प्रदान गर्दै संस्था सुचारु रुपले संचालन गर्न वीउ पूँजी कोष स्थापना गरिनेछ
- किशोरी तथा युवतीहरुलाई वजारको मागमा आधारित रोजगारीमूलक तालिमहरु प्रदान गरी क्षमता अभिवृद्धि गर्दै प्रतिस्पर्धी, सक्षम र सवल बनाइनेछ ।
- लैङ्गिग संवेदनशील वजेट र लैङ्गिक वजेट परीक्षण प्रणाली अवलम्बन गरी महिला सशक्तीकरणलाई विशेष प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाको आवधिक योजना एवं वार्षिक कार्यक्रम तर्जुमा एवं कार्यान्वयनमा महिलाहरुको सहभागितालाई प्रभावकारी बनाई कार्यक्रमहरु तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरिनेछ ।

***बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री बनाउने***

- स्थानीय समुदाय, विद्यालय, संचार जगत र बाल अधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरुसंग सहकार्य गरी बालबालिका र किशोर किशोरी माथि हुने दुर्व्यवहार, हिंसा, भेदभाव, बाल शोषण, बालश्रम, वेचविखनको अन्त्य गरिनेछ । यसका लागि नीतिगत व्यवस्था गर्दै आवश्यक कानुन कार्यान्वयनमा ल्याइनेछ ।
- बाल सहभागिता, बाल बिकास, बाल बचाउ र बाल संरक्षणका लागि गाउँपालिका लगायतका सवै सार्वजनिक कार्यालयहरुमा नीतिगत व्यवस्था गरीबालमैत्री शासन लागू गरिनुका साथै सोही अनुसार वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दै संस्थागत बिकास गरिनेछ ।
- गाउँपालिकाको आवधिक योजना तर्जुमा तथा वार्षिक नीति कार्यक्रम बिकासका चरणहरुमा बालवालिकाको सहभागितालाई अर्थपूर्ण बनाइनेछ ।
- बाल क्लव, बाल सञ्जालको क्षमता अभिवृद्धि गर्दै विभिन्न समितिहरुमा हुने बाल प्रतिनिधित्वलाई प्रभावकारी बनाइनेछ ।
- कानुनी विवाद परेका बालबालिकाका लागि बाल सुधार गृह संचालन गरी संरक्षण गरिने र अनाथ, अति विपन्न बाल वालिकाहरुको शिक्षा, स्वास्थ्यमा पहुँचको व्यवस्था मिलाइनेछ ।
- संविधान लगायत विभिन्न ऐन कानुनहरुद्वारा व्यवस्था गरिएको बाल अधिकारलाई क्रमिक रुपमा कार्यान्वयन गरिनेछ ।
- बालबालिकाहरुको शारीरिक र मानसिक बिकासका लागि आवश्यक सवैप्रकारका व्यवस्था गरी प्रतिभावान र सभ्य नागरिक बिकास बनाउन सहयोग गरिनेछ ।
- बालबालिका मैत्री गाउँपालिका घोषणा गर्न आवश्यक नीति तथा रणनीति तर्जुमा गरिनेछ ।

***ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षण गर्ने***

- ज्येष्ठ नागरिकका ज्ञान, सीप र अनुभवहरु नीति निर्माणमा उपयोगि हुने र भावि पुस्ताहरुका लागि एक मार्गदर्शन हुनसक्ने भएकोले त्यस्ता ज्ञान अनुभवहरुलाई पुस्तान्तरण गर्ने वातावरण श्रृजना गरिनेछ ।
- हिंसा, दुर्व्यवहार, भेदभावमा परेका, मानसिक तनावमा परेका, अशक्त, घरवारविहिन, विपन्न ज्येष्ठ नागरिकहरुको संरक्षणका लागि स्थानीय गैर सरकारी संस्थाहरुसंग सहकार्यमा वृद्धाश्रम स्थापना र संचालन व्यवस्था मिलाइनेछ । यसका लागि स्थानीय मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम, निःशुल्क स्वास्थ्य वीमा, स्वास्थ्य जाँच लगायत संविधान र अन्य ऐनहरुमा भएको प्रावधानहरुलाई प्रभावकारी ढंगवाट कार्यान्वयन गरिनेछ ।
- उपयुक्त स्थानमा सुविधा सम्पन्न ज्येष्ठ नागरिक भबन निर्माण गरी दिवा सेवा कार्यक्रम संचालन गर्दै ज्येष्ठ नागरिकहरुको जीवन यापनलाई सहज र सरल बनाइनेछ ।

***अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण गर्ने***

- उपयुक्त हुने सीप बिकास एवं उद्यमशीलता तालिम प्रदान गरी अपाङ्गता भएका नागरिकहरुको क्षमता अभिवृद्धि गर्दै स्वरोजगार एवं आय आर्जनका अवसरहरु श्रृजना गर्न सहयोग र सहजीकरण गरिनेछ ।
- आधारभूत शिक्षा, स्वास्थ्य सेवा लगायत ऐन कानुनद्वारा व्यवस्था गरिएका सवै प्रकारका सेवा सुविधाहरु प्रदान गर्दै अपाङ्गता भएका नागरिकहरुको जीवन यापनलाई सहजता बनाइनेछ ।
- स्थानीय स्तरमा अपाङ्गता भएका नागरिकहरुको समिति निर्माण गर्दै गाउँपालिकाको नीति, कार्यक्रम तर्जुमाका चरणहरुमा प्रतिनिधित्व गराई नीति कार्यक्रम तर्जुमामा प्रभावकारी सहभागिता गराइनेछ ।

***दलित समुदायको सशक्तीकरण गर्ने***

- सीप बिकास एवं उद्यमशीलता तालिम कार्यक्रमहरु संचालन गरी दलित समुदायको क्षमता अभिवृद्धि गर्दै रोजगार एवं आय आर्जनका अवसरहरु श्रृजना गर्न सहयोग गरिनेछ। दलितहरुको परम्परागत सीप र दक्षताको भरपूर उपयोग गर्न आधुनिकिकरण गरिनेछ ।
- दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक रुपमा सशक्तीकरणका लागि कार्यक्रमहरु संचालन गर्दै स्थानीय सरकार संचालनमा अर्थपूण सहभागि गराइनेछ।
- जातीय भेदभावको अन्त्यका लागि स्थानीय नागरिक समाजसंग सहकार्य गर्दै गाउँपालिकाकालाई छुवाछुतमुक्त घोषणा गरिनेछ।
- अति विपन्न दलित समुदायको वस्तीमा उत्थानका लागि सवै प्रकारका पूर्वाधारहरुको निर्माण, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रहरुमा निःशुल्क पहुँचको व्यवस्था मिलाइनेछ।

***जनजाति समुदाय सशक्तिकरण गर्ने***

- आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गरिनेछ।
- गापास्तरीय आदिवासी जनजाति समन्वय समिति/समूह, महिला समन्वय समिति/समूह, दलित समन्वय समिति/समूह, अपाङ्गता समन्वय समिति/समूह, एकल महिला समन्वय समिति/समूह तथा बाल क्लव समन्वय समिति/समूह को गठन गरि उपयुक्त कार्यक्रमहरू संचालन गरिनेछ।

***लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वियन गर्ने***

- लक्षित वर्ग तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण गर्दै लक्षित समूह, सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ।
- आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख तथा खण्डिकृत तथ्याकं राखी सामाजिक र आर्थिक उत्थान कार्यमकम लागू गरिनेछ।
- गाउँपालिका भित्र हुने नीति निर्माण, निर्णय प्रकृया र बिकासका सबै गतिविधीमा सबै लक्षित वर्गको अनिवार्य प्रतिनिधित्व र सहभागिता वृद्धि गरिनेछ।

**च) प्रमुख कार्यक्रम**

- सामाजिक सुरक्षा विशेष कार्यक्रम ।
- लक्षित समूह आर्थिक विकास कार्यक्रम ।
- लक्षित वर्गको क्षमता विकास कार्यक्रम ।
- लक्षित वर्ग औषधी उपचार सहयोग कार्यक्रम ।

### ६.३.५ युवा तथा खेलकूद

**क) संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिकामा खेलकुद सम्बन्धी क्रियाकलापहरुमा युवाहरुको आकर्षण बढ्दो रहेको छ । सामान्य खालका गतिविधिहरु गाउँपालिकामा संचालन भैरहने गर्दछन् । खेलकुदको अभ्यासका लागि समान्य खालका ८ वटा खेल मैदान रहेका छन् । यस क्षेत्रमा ५० वटा युवा क्लबहरु रहेका छन् । आय आर्जनका लागि बैदेशिक रोजगारी युवाहरुको आकर्षणको रुपमा रहेको छ ।

**ख) समस्या तथा चुनौती**

यस गाउँपालिकामा व्यवसायिक एवं प्राविधिक शिक्षाको कमी हुनु, उद्यमशिलता एवं स्वरोजगारको संदर्भमा युवाशक्ति आकर्षित नहुनु मूख्य समस्याको रुपमा रहेको देखिन्छ । यसैगरी खेलकुद सम्बन्धी संरचना एवं पूर्वाधारको अभाव, खेलाडीहरुलाई प्रशिक्षणको अभाव एवं खेल प्रतियोगिताहरु संचालन नहुनु जस्ता समस्या यस क्षेत्रमा विद्यमान रहेको देखिन्छ ।

**ग) उद्धेश्य**

स्वरोजगार बृद्धि गरी युवाहरुलाई आर्थिक क्रियाकलापमा मूलप्रवाहीकरण गर्दै खेलकुदको विकास गर्ने ।

**घ) सूचक तथा लक्ष परिमाण**

**तालिका २२: युवा तथा खेलकूद विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| वैदेशिक रोजगारीमा गएका युवा | संख्या | ११९४ | ५९० | ४०० |
| युवाक्लब, संजाल तथा संस्था | संख्या | ५० | ७५ | १३० |
| युवा संलग्न स्थानीय संरचना वा संयन्त्र | संख्या | ७ | १५ | ३५ |
| उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | ३ | ७ | १० |
| कवर्डहल तथा खेलकुद मैदान | संख्या | ८ खेलमैदान | १ कवर्डहल | २ कवर्डहल |
| पालिकामा संचालित खेलकुद प्रतियोगिता | संख्या | १ | ६ | १२ |
| प्रदेश तथा राष्ट्रियस्तर खेलाडी | संख्या | ० | ५ | १५ |
| राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी संख्या | संख्या | ० | २ | ५ |

**ङ) रणनीत/कार्यनीति**

***युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता बिकास गर्ने***

- क्षमता अभिबृद्धि कार्यक्रम मार्फत युवा उद्यमशीलता तथा स्वरोजगारीमा अभिबृद्धि गरिनेछ ।
- युवाका लागि सीप, प्रविधि, कर्जा, व्यवसाय परामर्श, बजार सुविधा सहित उद्यम बिकास सम्बन्धी एकीकृत कार्यक्रम संचालन गरिनेछ ।
- वैदेशिक रोजगारीवाट हासिल गरेका दक्षता, सीप, अनुभव, ज्ञान एवं पूँजीलाई सही सदुपयोगका लागि उपयुक्त वातावरण श्रृजना गर्दै औद्योगिक व्यवसायिक क्षेत्रमा लगानी गर्न युवाहरुलाई प्रोत्साहित गरिनेछ ।

***बिकास निर्माणमा युवाहरुको सहभागिता अभिवृद्धि गर्ने***

- स्थानीय योजना तर्जुमा, कार्यान्वयन तथा नतिजामापन प्रक्रियामा युवाहरुको संलग्न बृद्धि गर्न क्षमता अभिवृद्धि गरिनेछ ।
- युवा समूह, क्लब संजालको बिकास, विस्तार, सदृढीकरण क्षमता अभिवृद्धि गर्दै स्थानीय सरकार संचालनको विभिन्न क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व एवं सहभागिता गराइनेछ ।
- लागु औषध प्रयोग गर्ने युवाहरूको पुनर्स्थापना गर्न परामर्श तथा पुनर्स्थापना केन्द्रहरू सञ्चालन गरिनेछ ।

***खेलकुद बिकासका लागि पूर्वाधार निर्माण र संस्थागत बिकास गर्ने***

- युवाहरुको शारिरीक र मानसिक बिकासका लागि सानो उमेर देखि नै अभ्यस्त गराउदै बिद्यालयस्तरबाट नै खेल संस्कृतिको बिकास गरिनेछ ।
- खेलकुद बिकासका लागि आवश्यक पूर्वाधारहरु विद्यालय, वस्ती, वडाहरु र गाउँपालिका स्तरीयमा निर्माण गरी खेलकुदको प्रवर्द्धन गरिनेछ ।
- विद्यालय एवं अन्तर विद्यालयस्तरीय खेलकूदको आयोजना गरी खेलकूद विकासलाई प्रोत्साहित गरिने छ ।
- वडातह तथा गाउँपालिकास्तरीय खेलकूदको आयोजना गरी उत्कष्ट खेलाडीलाई प्रदेश एवं राष्टि«यस्तरमा पठाउन प्रोत्साहित गरिने छ ।
- गाउँपालिकाको उपयुक्त स्थानमा खेल मैदान तथा कभर्डहलको निर्माण गरिने छ ।
- खेलकुदमा महिला सहभागिता बढाउन उचित वातावरण सृजना गरिनेछ ।
- स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघ संस्थासँग समन्वय र नियमन गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- खेलकूद पूर्वाधार विकास कार्यक्रम ।
- युवा स्वरोजगार क्षमता विकास कार्यक्रम ।
- खेलकूद प्रतियोगिता संचालन ।

### ६.३.६ भाषा, साहित्य, कला र संस्कृति

#### क) संभावना, अवसर र विद्यमान अवस्था

गाउँपालिका क्षेत्रमा विभिन्न भाषाभाषी एवं रीतिरिवाज बोकेका विभिन्न जातजातिको वसोवास रहेको छ । मूख्यतया ब्राम्हण, क्षेत्री, राई, नेवार, तामाङ्ग, माफी, दलित, गुरुङ्ग, गिरी आदिको वसोवास यस क्षेत्रमा रहेको छ । गायन, नृत्य, साहित्य, बाद्यबादन, अभिनयमा संलग्न कलाकर्मीहरुको उपस्थिति रहेको एवं उल्लेखित विधामा राष्ट्रिय पहिचान समेत बनाएका कलाकारहरु रहेको पाईन्छ । विभिन्न संस्कार तथा संस्कृतिहरुमा साकेला नाच, देवाली, लोछार, लाखेनाच, बालन नाच र संगीनी नाच रहेको देखिन्छ ।

#### ख) समस्या तथा चुनौती

यहाँ रहेका जातजातिको पहिचान संकटमा पर्नु, विभिन्न संस्कार, भाषा, संस्कृति तथा कलाको पहिचान पनि संकटमा पर्नु एवं भाषा जगेर्ना एवं संवर्द्धनको प्रयाशमा न्यूनता हुनु, केही भाषा लोप हुने स्थितिमा पुग्नु तथा पश्चिमी संस्कृतिले बढ्दो नकरात्मक असर पर्नु चुनौतीका रुपमा देखिन्छन् । ऐतिहासिक, पुरातात्विक, धार्मिक महत्वका गुम्बा, मन्दिरको संरक्षण गर्न नसकिएको तथा चार्डपर्वहरुको अभिलेख एवं संरक्षण गर्न नसकिएको जस्ता समस्याहरु प्रमुख समस्याको रुपमा रहेको देखिन्छन् ।

#### ग) उद्धेश्य

कला, भाषा तथा संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने ।

#### घ) सूचक तथा लक्ष परिमाण

**तालिका २३: कला, भाषा, साहित्य तथा संस्कृति विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | जिल्ला स्तरीय ५० गायक | ८० | १०० |
| संरक्षित कला, सँस्कृति र सम्पदाका प्रकार | संख्या | ५ वटा धार्मिक स्थल | १५ | ३० |
| कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्बन गर्ने व्यक्ति | संख्या | ५ | १० | १५ |
| स्थानीय संस्कृति, कला, सम्पदा र साहित्यसंबन्धी अध्ययन तथा अनुसन्धान | संख्या | १० | २० | ३० |
| स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | ३ | ८ | १५ |

#### ङ) रणनीति/कार्यनीति

***मौलिक कला भाषा, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने***

- परम्परागत, मौलिक एवं लोपोन्मुख कला, संस्कृति, भाषा र साहित्यको संरक्षण एवं प्रवर्द्धनका लागि कलाकेन्द्र तथा प्रतिष्ठान स्थापना गरी प्रवर्द्धन गरिनेछ ।
- स्थानीय सम्पदा, संस्कृतिलाई विद्यालयको पाठ्यक्रममा समावेश गरी स्थानीय भाषामा पठनपाठनको व्यवस्था मिलाइनेछ ।
- स्थानीय भाषा, कला, संस्कृतिलाई प्रोत्साहन र प्रबर्द्धन गर्न बिभिन्न प्रतियोगितात्मक कार्यक्रम आयोजना गरिने छन् र समाजसवी तथा गाउँपालिकाका तर्फबाट त्यस्तो आयोजनाको लागि प्रोत्साही पुरस्कार कोष स्थापना गर्न परिचालन गरिने छ ।
- स्थानीय भाषा, संस्कृति र सम्पदालाई पर्यटन बिकाससंग जोड्दै यसको प्रवर्द्धन गरिनेछ ।

***कला, भाषा, साहित्य र सम्पादन सम्बन्धी नीति र योजना कार्यान्वयन गर्ने***

- भाषा, कला, साहित्य र संस्कृति संरक्षण सम्बन्धी नीति, कानुन तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ ।
- स्थानीय लोपोन्मुख एवं जातीय भाषा, संस्कृति तथा सम्पदाहरुको संरक्षण एवं प्रवर्द्धन सम्बन्धी दीर्घकालीन नीति तथा गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- सांस्कृतिक तथा पुरातात्विक पूर्वाधारको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम ।
- साँस्कृतिक तथा साहित्यिक क्षेत्र विकास प्रवर्द्धन कार्यक्रम ।
- प्रोत्साही पुरस्कार कोष स्थापना

# परिच्छेद ७
# पूर्वाधार विकास क्षेत्र

## ७.१ पृष्ठभूमि

समग्र सामाजिक आर्थिक विकास र सेवा सुविधा प्रवाहका लागि भौतिक पूर्वाधार विकासको भूमिका अग्रणी एवं महत्वपूर्ण हुन्छ । स्थानीय तहको समग्र विकासलाई सकारात्मक दिशातर्फ अघि बढाउन पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक, पुल निर्माण, परम्परागत गोरेटो बाटो, पक्की तथा झोलुङ्गे पुल, आवास, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना संचार र प्रविधि जस्ता विषयहरु पर्दछन् । गाउँपालिकाको सामाजिक आर्थिक अवस्था र सेवा प्रवाहमा समेत टेवा पुऱ्याउने यस क्षेत्रको संभावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ७.२ वर्तमान अवस्था

गाउँपालिकाभित्र जम्मा ५० किमि सडकमा बाह्रै महिना सवारी साधन चल्न सक्ने अवस्था रहेको छ । करीव २७ किमि धुले सडक, १७ वटा झोलुंगे पुल र २ वटा पक्की पुलले सवारी साधनको आवागमनमा सहजता ल्याएको देखिन्छ । गाउँपालिकाभित्र ३ वटा प्रमुख वजार केन्द्रहरु रहेको भएतापनि आवश्यक न्यूनतम वजार पूर्वाधारको विकासमा जोड दिनुपर्ने देखिन्छ । सवै वडामा राष्ट्रिय प्रसारण लाईनबाट विद्युत सेवा पुगेको देखिन्छ भने सोलार सुविधा जडान भएका घरधुरीहरु पनि रहेको देखिएको छ ।

## ७.३ पूर्वाधार विकासको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

आवधिक योजनाको लक्ष्य हासिल गर्न पूर्वाधार विकास क्षेत्रको लागि **सुरक्षित र भरपर्दो सडक, व्यवस्थित सार्वजनिक, प्रवद्धित बजार सहित विश्वसनीय संचार प्रणालीको विकास हुने** उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष/परिमाण सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ ।

**तालिका २४: पूर्वाधार विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ५० | ६० | १०० |
| स्थानीय बजारमा उपलब्ध एकीकृत सेवा र सुविधाका प्रकार (सरकारले परिभाषा गरेअनुसार) | संख्या | ० | १ | २ |
| प्रवर्द्धित तथा व्यवस्थित बजार | संख्या | २ | ५ | ७ |
| सुरक्षित र बसोबास योग्य वस्तीमा बसोबास गर्ने | परिवार | ७३ | ८५ | १०० |

**प्रमुख रणनीतिहरुः**

- पूर्वाधार विकास क्षेत्र (सडक, पुल तथा यातायात, आवास, वस्ति विकास, सार्वजनिक निर्माण, विद्युत तथा वैकल्पिक उर्जा, सूचना तथा संचार प्रविधि आदि) अन्तर्गत संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानुन बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गर्ने । यसका साथै संघीय र प्रादेशिक सरकारबाट प्राप्त पूर्वाधार विकाससंग सम्बन्धित नमूना कानुनका मस्यौदाको स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याइनेछ ।

### ७.३.१ सडक, पुल तथा यातायात

#### क) संभावना, अवसर र विद्यमान अवस्था

गाउँपालिकाभित्र स्थानीय ग्रामीण सडक २६.९ किमि, पक्की पुल २ वटा, झोलुंगे पुल १७ वटा, ट्रस पुल ४ वटा तथा काठे पुल ५ वटा रहेका छन्। हाल दैनिक रुपमा १ बस (दित्तेल-पञ्चमी) हिउँदमा मात्र र २ वटा बस (पञ्चमी-गाईघाट) हिउदमा मात्र संचालनमा रहेका छन्।

#### ख) समस्या तथा चुनौती

यस क्षेत्रमा सडकको अवस्था आकलन गर्दा सांगुरो, मोड नपुगेको, वर्षामा नचल्ने, नाला नभएको, कतिपय सडकमा ग्राभेल नभएको, सडकवाल आवश्यकता अनुसार नभएको, धेरै ठाउँमा ग्रेड नमिलेको जस्ता समस्या प्रमुख रुपमा रहेका छन्।

#### ग) उद्धेश्य

बाह्रै महिना चल्ने गरी सबै वडा तथा बस्तिसम्म सडकको सहज पहुँच कायम गर्ने।

#### घ) सूचक तथा लक्ष परिमाण

**तालिका २५: सडक तथा यातायात पूर्वाधार विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| यातायात सुचारु अन्तिम विन्दु (केन्द्र) | संख्या | ५ | ७ | ७ |
| कालोपत्रे सडक | किमी | ० | ५१ | १०० |
| ग्राभेल सडक | किमी | ५१ | ३५ | ७० |
| धुले सडक | किमी | ५६ | ३५ | ३५ |
| पक्की पुल (वेली समेत) | संख्या | २ | ३ | ७ |
| सुनकोशी, तामाकोशी तथा सहायक नदीमा झोलुङ्गे पुल | संख्या | १७ | १८ | १९ |
| कलात्मक काठे पुलको संरक्षण र मर्मत र निर्माण | संख्या | ५ | ५ | ५ |
| यातायात सुचारु सडक लम्बाई | किमी | १४२ | १७५ | २०५ |
| गाउँपालिकामा संचालित ४ पाँग्रे यातायातका साधन | संख्या | ४४ | ८० | १०० |
| सडक नालीको लम्बाई | किमी | १०७ | १४२ | २०५ |
| नियमित मर्मत संभार भएको सडकको लम्बाई | किमी | ० | १२१ | २०५ |
| वायोइञ्जिनिरिङ्ग प्रविधि र सडक साइड वृक्षारोपण | किमी | ० | १२१ | २०५ |
| ट्रस पुल | संख्या | ६ | ६ | ६ |

#### ङ) रणनीति/कार्यनीति

***यातायात पहुँचमा सुधार एवं सडक संजाल बिकास गर्ने***

- नेपाल ग्रामीण सडक मापदण्ड, २०७१ लाई आधार मानी सडक निर्माणमा गुणस्तर कायम राखिनेछ।
- सडक निर्माण, स्तरोन्नति र ट्र्याक खोल्ने काममा सन्तुलन मिलाउदै डाँडापाँखाहरु उजाड हुनेगरी गरिने सडक निर्माणलाई निरुत्साहित गरिनेछ।
- सडक निर्माण कार्यमा स्तरोन्नति तथा मर्मत सम्भारमा प्राथमिकता दिइनेछ र कोर नेटवर्कका मुख्य सडकहरुलाई बाह्रै महिना यातायात सञ्चालन योग्य अवस्थामा ल्याइनेछ।
- गाउँ कार्यपालिका कार्यालयसंग वडा कार्यालयहरु, स्थानीय सार्वजनिक कार्यालयहरु वीच सडक संजाल बिकास गरी सेवाग्राहीहरुलाई सहजता प्रदान गरिनेछ।
- जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवं राष्ट्रिय सडक संजालसंग जोडिने गरी सडक विस्तार गरी वाह्य क्षेत्रसंगको सम्बनधलाई सुदृढ बनाइनेछ ।
- सिंचाइ, पर्यटन, उद्योग व्यवसायलाई सहयोग पुग्ने एवं कृषि, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि हुनेगरी सडकको निर्माण एवं स्तरोन्नति गरिनेछ।
- सडक किनारा तथा तलमाथि वायोइन्जिनियरिङ्ग प्राथमिकता दिई वातावरणमैत्री सडक निर्माण गरिनेछ।

- सडक तथा पुलहरुको निर्माण पूर्व अनिवार्य रुपमा सर्भे, डिजाईन, ड्रोइङ, लागत इष्टिमेट, वातावरणीय प्रभाव मूल्यांकन/ प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको आधारमा निर्माण गरिने अभ्यासलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- सडक तथा भौतिक संरचना संरक्षणप्रति स्थानीयहरुलाई सचेत गराउदै वस्ती वस्तीमा समितिहरु गठन गरी मर्मत सम्भारको जिम्मेवारी दिइने छ । यसलाई व्यवस्थित गर्न कार्यविधि बनाइने छ ।

***सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने***

- सर्वसुलभ, नियमित, भरपर्दो र सुरक्षित यातायात सेवाका लागि निजी क्षेत्र तथा सहकारी संस्थालाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ । महिला, बालबालिका, बिरामी, असहाय, जेष्ठ नागरिक तथा अपाङ्गतामैत्री यातायात सेवा सञ्चालन गरिनेछ ।
- वस्तीहरु सम्म सार्वजनिक यातायात सेबालाई विस्तार गरी सेवा सुविधा पहुँचमा स्थानीयहरुलाई सहज बनाइने छ ।
- वाह्य क्षेत्रका प्रमुख गन्तव्य सम्म पुग्न दैनिक तथा नियमित रुपमा सार्वजनिक यातायात संचालन गरी सहजता ल्याइनेछ ।
- यातायात सुरक्षाका सबै मापदण्ड लागू गरी यातायातलाई सुरक्षित बनाइनेछ ।

***स्थानीय यातायात सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने***

- सडक यातायात तथा संचालन सम्बन्धी नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन र नियमन गरिनेछ ।
- स्थानीय सडक, झोलुङ्गे पूल, पूलेसा सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत संभार र नियमन गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- गाउँपालिकास्तरीय सडक गुरुयोजना तर्जुमा ।
- सडक पूर्वाधार विकास कार्यक्रम ।
- सडक सुरक्षा विशेष कार्यक्रम ।
- सडक मर्मत तथा सुधार कार्यक्रम ।

### ७.३.२ आवास, वस्ति विकास, सार्वजनिक निर्माण तथा वजार व्यवस्थापन

**क) संभावना, अवसर र विद्यमान अवस्था**

दिप्रुङ चुईचुम्मा गाउँपालिकाका सबै सडक पूर्वाधारहरु, विद्युत विकास, औद्योगिक क्षेत्र स्थापना, खुला स्थान, पर्यटन क्षेत्रको मापदण्ड तयार गरी व्यवस्थित शहरी विकासको सम्भावना रहेको देखिन्छ । गाउँपालिकामा भूकम्प प्रतिरोधी मापदण्ड अनुसार हालसम्म ५०० भन्दा बढी घरहरु निर्माण सम्पन्न भइसकेको अवस्था छ । गाउँपालिकाभित्र ५ वटा स्थानमा सार्वजनिक पाटी, पौवा तथा चौताराहरु, १७ वटा सामुदायिक भवन, ७ वटा खेल मैदान रहेका छन् भने ३ वटा प्रमुख वजारहरु पनि संचालनमा रहेका छन् ।

**ख) समस्या तथा चुनौती**

गाउँपालिका क्षेत्रमा अत्यावश्यक भौतिक संरचनाहरु निर्माण हुन नसक्नु, भएका संरचनाहरु पनि महिलामैत्री र अपाङ्गमैत्री हुनु नसक्नु, संरचनाहरु निर्माण गर्दा निर्धारित संहीता लागू नहुनु यस क्षेत्रको विकासका कमजोरी पक्षहरु रहन गएका छन् । यसैगरी भू उपयोग योजना नभएकोले व्यवस्थित रुपमा वस्ति बसाउने कार्य हुन नसकेको पाईन्छ । यसैगरी अव्यवस्थित बसोबासले गर्दा सामान ढुवानीमा पनि कठिनाई हुने गरेको छ ।

**ग) उद्धेश्य**

सुरक्षित एवं सबैको सहज पहुँच हुने सार्वजनिक संरचना, व्यवस्थित बस्ती एवं प्रवर्द्धित बजारको विकास गर्ने ।

### घ) सूचक तथा लक्ष परिमाण

**तालिका २६: आवास तथा वस्ति विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| सुरक्षित आवास क्षेत्र | संख्या | १६१ | १७० | १७५ |
| भूकम्पत प्रतिरोधी भवन निर्माणसंबन्धी दक्ष व्यक्ति | संख्या | ५० | १०० | १५० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | १७ | २५ | ३० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | संख्या | ५०० | ७०० | १००० |
| आधारभूत पूर्वाधारसहित व्यवस्थित बजार | संख्या | ३ | ५ | ७ |

### ङ) रणनीति/कार्यनीति

***आवास, वस्ती बिकास तथा सार्वजनिक निर्माण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वियन गर्ने***

- संघीय र प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक निर्माण, सुरक्षित वस्ती तथा वजार बिकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।
- भूउपयोग नीति बनाई सो अनुसारका योजनाहरु कार्यान्वियन गर्दै व्यवस्थित एवं नमूना गाउँपालिका बनाइनेछ ।
- भबन आचार संहिता तथा मापदण्ड लागू गरी प्रकोपवाट हुन सक्ने सम्भावित क्षतिहरुवाट मानव तथा धनजन सुरक्षित राखिनेछ ।
- आवास, वस्ति बिकास र सार्वजनिक निर्माणको बिकास र विस्तार योजना तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्दा विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिइनेछ ।

***सुरक्षित र व्यवस्थित आवास तथा वस्ती बिकास गर्ने***

- राष्ट्रिय पुननिर्माण प्राधिकरणबाट भूकम्प पिडितको सन्दर्भमा पहिचान गरिएका जोखिमयुक्त वर्गलाई थप अनुदान तथा ऋणको व्यवस्था गरी सुरक्षित वासस्थानका लागि सहयोग गरिनेछ ।
- अत्याधिक छरिएका वस्तीहरुलाई एकीकृत वस्ती बिकासको अवधारणा अनुसार एकीकृत गरी न्यूनतम पूर्वाधारको सेवा सुविधा उपलव्ध गराउदै सहज र सुविधायुक्त वस्ती बिकास गरिनेछ ।
- प्रमुख वजार क्षेत्रहरुमा पूर्वाधारहरुको निर्माण तथा व्यवस्थापन गर्दै क्रमशः साना शहरी क्षेत्रको रुपमा बिकास विस्तार गर्दै शहरीकरण गरिनेछ ।
- विद्यमान वस्ती तथा समुदायहरुमा सवैप्रकारका पूर्वाधारहरुको सेवा सुविधाहरु उपलव्ध गराई वसाइ सराइलाई न्यूनीकरण गर्नमा सहयोग पुऱ्याइनेछ ।
- आधारभूत भौतिक संरचनाहरु निर्माण गरी अति विपन्न समुदायको वस्तीहरुलाई सुविधा सम्पन्न बनाइनेछ ।

***सार्वजनिक संरचना निर्माण गर्ने***

- सुरक्षित आश्रय स्थल, ज्येष्ठ नागरिक, युवा तथा बाल क्लव, पुस्तकालय समेत हुने गरी सामुदायिक भवन निर्माण गरिनेछ ।
- गाउँपालिकाको उपयुक्त स्थानमा सभाहल निर्माण गरी सभा, सम्मेलन जस्ता कार्यक्रम संचालनमा सहजता ल्याइनेछ ।
- वडाहरु सवैको उपयुक्त स्थानमा खुल्ला क्षेत्र, खेल मैदान सहितका संरचनाहरु निर्माण गरी सुविधा सम्पन्न बनाइनेछ ।
- सार्वजनिक भौतिक संरचनाहरु बालमैत्री, आपङ्गतामैत्री, महिलामैत्री एवं वातावरणमैत्री बनाइनेछ ।

### च) प्रमुख कार्यक्रम

- भू उपयोग नीति तर्जुमा ।
- भवन आवास निर्माण मापदण्ड (Building code) कार्यान्वन ।
- सार्वजनिक पूर्वाधार विकास कार्यक्रम ।
- आवास तथा वस्ति सुरक्षा कार्यक्रम ।

- सुरक्षित आवास निर्माणका लागि क्षमता विकास कार्यक्रम ।
- एकिकृत वस्ति विकास कार्यक्रम ।

### ७.३.३ विद्युत तथा वैकल्पिक उर्जा

**क) संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिकाका सवै वडामा राष्ट्रिय प्रशारण लाईन विस्तार भएको छ तथा २ वटा लघु विद्युत आयोजना संचालनमा रहेका छन् । गाउँपालिका क्षेत्रमा उल्लेखनीय संख्यामा विभिन्न घरधुरीले सुधारिएको उर्जालाई खाना पकाउने प्रमुख ईन्धनको रुपमा प्रयोग गरिएको देखिन्छ ।

**ख) समस्या तथा चुनौती**

गाउँपालिका भित्रका बस्तीहरुमा विद्युत विस्तार हुने क्रममा रहेको छ । सार्वजनिक संरचना एवं भवनहरुमा पनि विद्युत सेवा उपलब्ध हुन नसकेको, कतिपय प्रमुख वस्तीहरुमा विद्युतीकरण हुन नसकेको, बैकल्पिक उर्जा एवं सुधारिएको चुलोको प्रयोगमा व्यापकता ल्याउन नसकिएको देखिन्छ ।

**ग) उद्धेश्य**

उज्यालो घर तथा बस्ती र धुवाँरहित भान्सा भएको गाउँपालिका भएको हुने ।

**घ) सूचक तथा लक्ष परिमाण**

**तालिका २७: बिद्युत तथा उर्जा विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| स्थानीय विद्युत उत्पादन | कि.वा | ४१ | ४१ | ४१ |
| सोलार प्रणालीसहित विद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | ९१.६३ | १०० | १०० |
| सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने परिवार | प्रतिशत | १ | २ | ५ |
| जडान सौर्य होम प्रणाली र संस्थागत प्रणाली | संख्या | १०४३+३ | १०४३+३८ | १०४३+३८ |
| सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | १८४४ | ३००० | ३७५२ |

**ङ) रणनीति/कार्यनीति**

***उर्जा बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने***

- उर्जा बिकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- सम्भावित जलश्रोतहरु पहिचान गर्दै दीगो उपयोग तथा व्यवसायिक उत्पादनका लागि ठूलो लगानीका लागि प्रोत्साहित गरिनेछ ।
- वातावरणीय वैकल्पिक ऊर्जाका माध्यमबाट स्थानीय नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दीगोपनामा सहयोग पुग्ने खालका एकिकृत कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- लक्षित र विपन्न वर्गबाट गरिने प्रयासलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

***उर्जालाई भरपर्दो र सुलभ बनाउने***

- वडाहरु सवैमा केन्द्रीय विद्युत प्रसारण ग्रिडबाट विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सेवा सुविधालाई भरपर्दो र नियमित आपूर्तिको व्यवस्था मिलाइनेछ ।
- अति विपन्न घरपरिवार तथा वस्तीहरुमा सौर्य उर्जाको व्यवस्था निःशुल्क गरी विद्युत सेवावाट लाभान्वित गराइनेछ ।
- उज्यालो सडक सुरक्षित आवागमन कार्यक्रम लागू गरिनेछ ।
- हटाउ पुरानो दियालो पुऱ्याऔं बस्ति बस्तिमा उज्यालो कार्यक्रम कार्यान्वयन गरिनेछ ।

***वैकल्पिक उर्जाको बिकास गर्ने***

- सडक छेउ, सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रहरुमा सौर्य उर्जा प्रयोग गरिनेछ ।

- घरघरमा सुधारिएको चुल्हो तथा वायोग्याँस प्रयोगलाई प्राथमिकता दिई दाउरा बालने अभ्यासलाई न्यूनीकरण गरिनेछ ।
- स्थानीय तहमा बैकल्पिक उर्जा विकास तथा एक मेगावाटसम्मका जलबिद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
- सवै वडामा राष्ट्रिय प्रसारण लाइन विस्तार गर्ने ।

**च) प्रमुख कार्यक्रम**

- लघु जलविद्युत संभाव्यता अध्ययन ।
- विद्युत विस्तार कार्यक्रम ।
- सार्वजनिक क्षेत्र तथा पूर्वाधारमा विद्युत तथा बैकल्पिक उर्जा व्यवस्थापन कार्यक्रम ।
- वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम ।
- विद्युत जडान कार्यमा विपन्न पिछडिएका वर्ग सहयोग कार्यक्रम ।
- संचालित आयोजना मर्मत सम्भार तथा संचालन व्यवस्थापन कार्यक्रम ।

### ७.३.४ सूचना तथा संचार प्रविधि

**क) संभावना, अवसर र विद्यमान अवस्था**

नेपाल टेलिकम तथा एनसेल मार्फत दिप्रुङ चुइचुम्मा गाउँपालिकामा विभिन्न दूर सञ्चार सेवाहरु उपलब्ध भैरहेका छन् । सञ्चार प्रणालीमा हुलाक, निजी टेलिफोन, इन्टरनेट जस्ता आधुनिक सञ्चार सुविधाहरु पनि दिप्रुङ चुइचुम्मा गाउँपालिकामा उपलब्ध रहेका छन् । सि.डि.एम.ए. फोन सेवा पनि सञ्चालनमा आएको छ । एनसेल मोबाइल फोन सेवा निश्चित भूभागमा मात्र सञ्चालनमा रहेका छन् । गाउँपालिका क्षेत्रमा मोबाइल फोन प्रयोग गर्ने जनसंख्या करीब ८८.५ प्रतिशत रहेको अनुमान गरिएको छ ।

**ख) समस्या तथा चुनौती**

गाउँपालिका भित्र रहेको हुलाक सेवा आधुनिक नहुनु, सवैको पहुँचमा इन्टरनेट सेवा नहुनु एवं टेलिफोन कभरेज सवै वडामा नभएको तथा सो सेवा गुणस्तरिय नहुनु यस गाउँपालिकामा प्रमुख समस्याको रुपमा देखा परेको छ ।

**ग) उद्धेश्य**

सूचना तथा संचार प्रविधिको पहुँच सम्पूर्ण गाउँपालिका क्षेत्रमा विस्तार गर्ने ।

**घ) सूचक तथा लक्ष परिमाण**

**तालिका २८: संचार तथा सूचना प्रविधि विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| संचारका कुनै एक साधन उपलब्ध परिवार | प्रतिशत | ८८.५३ | ९५ | १०० |
| इन्टरनेट सेवा प्रयोग गर्ने घरधुरी +संस्थागत | संख्या | ४+ १२ | ३०० +५० | ५००+ १० |
| मोबाइल प्रयोगकर्ता | संख्या | ३३२२ | ३५०० | ३७५२ |
| पत्रपत्रीका, टेलीभिजन र इन्टरनेट प्रयोग गर्ने | जना | ७५९ | १००० | १५०० |
| उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति/जना | जना | ४ | १५ | २५ |

**ङ) रणनीति/कार्यनीति**

***सूचना प्रविधि तथा संचार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने***

- संघीय तथा प्रदेश कानुनको अधिनमा रही सूचना प्रविधि तथा संचार क्षेत्रसंग सम्बन्धित संचालन र प्रसारणको अनुमति, नवीकरण, नियमन तथा खारेजी गरिनेछ ।
- सबै संचार माध्यम तथा प्रसारणका भाषा लैङ्गिक मैत्री बनाउने नीति अबलम्बन गरिनेछ ।

***सूचना संचार प्रविधि सेबालाई सरल र सुलभ बनाउने***

- भरपर्दो टेलिफोन नेटवर्कको व्यवस्था गर्दै दूरसंचार सेवामा आम नागरिकहरुको पहुँचमा सहजता ल्याइनेछ।
- दूरसंचार सेवा विस्तार र भरपर्दो बनाउन निजीक्षेत्रसंग सहकार्य गरिनेछ।

***प्रभावकारी व्यवस्थापनका लागि आइसिटि प्रयोग गर्ने***

- सामुदायिक विद्यालय, सरकारी कार्यालय एवं सार्वजनिक भबनहरुलाई सूचना प्रविधिमैत्री बनाइनेछ।
- सामुदायिक विद्यालयमा कम्प्युटर शिक्षा एवं आधुनिक प्रविधिहरुको प्रयोगवाट पठनपाठनमा सहजता ल्याइनेछ।
- सरकारी कार्यालयहरुमा अनलाईन मार्फत सेवा प्रवाह तथा आइसिटि प्रयोग गर्दै प्रशासनिक कार्य तथा सेवा प्रवाहलाई चुस्त तथा प्रभावकारी बनाइनेछ।
- स्थानीय स्तरमा अनलाईन टिभि तथा रेडियो संचालन गर्न निजी क्षेत्र, समुदायसंग सहकार्य गर्दै नागरिकहरुलाई अद्यावधिक खवर तथा सूचनाहरुवाट लाभान्वित गराइनेछ ।
- स्थानीय पत्रपत्रिकाको प्रकाशनलाई प्रोत्साहन गरिनेछ।

**च) प्रमुख कार्यक्रम**

- संचार प्रविधि तथा पूर्वाधार विकास कार्यक्रम।
- सूचना तथा संचार प्रविधिमा आधारित सेवा प्रवर्द्धन कार्यक्रम।

# परिच्छेद ८
# वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ८.१ पृष्ठभूमि

वातावरणीय जोखिम निरन्तर रुपमा बढ्दै गइरहेको सन्दर्भमा वातावरण संरक्षण गरी स्वच्छ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गर्नु सम्बन्धित सबैको अधिकार र कर्तव्य भएको छ । नेपालको संविधानको भाग ३, धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हक प्रदान गरेको छ भने प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान राखिएको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय नीति र कार्ययोजना २०७५ ले विपद् पूर्वतयारीसम्बन्धी अवधारणाहरूको तीन वटै तहमा प्रभावकारी कार्यान्वयनमार्फत् प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । वर्तमान संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षणलाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । वातावरण व्यवस्थापन, राष्ट्रिय वन नीति, कार्बन सेवा, वातावरण अनुकूलन संघको एकल अधिकार क्षेत्रभित्र राखेको छ भने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ ।

यस गाउँपालिकाले दीगो विकासको लक्ष्य सहितको दीर्घकालीन सोच कायम गरेर अगाडि बढिरहेको तथा संविधान तथा प्रचलित ऐन, कानुनले लिएका लक्ष्य तथा दीगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्यहरूसमेत हासिल गर्न वर्तमान संघीय व्यवस्थामा स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन, भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रका लागि आवधिक विकासको मार्गचित्र स्पष्ट गर्न आवधिक योजनाको विषय क्षेत्रगत योजनाका रुपमा यो योजना तर्जुमा गरिएको छ । यस योजनामा उल्लिखित क्षेत्रहरूमा यस गाउँपालिकाका संभावना तथा अवसर र समस्या तथा चुनौती सहित विद्यमान अवस्था तथा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरू समेत संलग्न गरी यो योजना तर्जुमा गरिएको छ ।

## ८.२ वर्तमान अवस्था

यस गाउँपालिका जैविक विविधता एवं वन सम्पदाको दृष्टिकोणले वातावरणीय महत्वका अतिरिक्त आयआर्जनको अवसर बृद्धिका दृष्टिकोणले समेत पर्याप्त सम्भावना बोकेको छ । यस गाउँपालिकामा रहेको वन क्षेत्रमा विद्यमान यस सम्भावनालाई यथार्थमा रुपान्तरण गर्न वन, जैविक विविधता र संरक्षणसम्बन्धी प्राविधिक ज्ञान, सीपमा बृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ८.३ वन, वातावरण तथा विपद व्यवस्थापनको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

आवधिक योजना अन्तर्गत वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लागि **दीगो विकास सम्वर्द्धन गरी सम्पदाहरुको संरक्षण तथा उपयोग गर्ने** उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष/परिमाण सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ ।

**तालिका २९: वन, वातावरण तथा विपद व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| वनको संचिती दर (मि$^3$/हेक्टर) | प्रतिशत | | | |
| वन प्रजाती प्रति हेक्टर | संख्या | | | |
| व्यवस्थित सामुदायिक तथा कबुलियती वन क्षेत्र | हेक्टर | ३७२०.८३ | ३७९४ | ३८६९ |

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| सरकारद्धारा व्यवस्थित वन क्षेत्र | हेक्टर | | | |
| सामुदायिक बन व्यवस्थापन समूह | संख्या | | | |
| निजी वन क्षेत्र | हेक्टर | | | |
| वृक्षारोपण क्षेत्र | हेक्टर | | | |
| आयमूलक कार्य संचालित वन क्षेत्र | हेक्टर | | | |
| जैविक विविधता युक्त क्षेत्र | हेक्टर | | | |
| कवुलियति वन | हेक्टर | १५५.०६ | ३७९४ | ३७९४ |

**प्रमुख रणनीतिहरुः**

- वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानुन बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गर्ने। यसका साथै संघीय र प्रादेशिक सरकारबाट प्राप्त सम्बन्धित नमूना कानुनका मस्यौदाको स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याइनेछ।

## ८.४.१ वन तथा जैविक विविधता

### क) संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिका भरिमा रहेका सामुदायिक वन तथा कवुलियती वनले ढाकेको क्षेत्र ३७२०.८३ हेक्टर रहेको छ। यस गाउंपालिकाको वस्तुस्थिति विवरणअनुसार वन तथा झाडीले पर्याप्त मात्रामा भरिएको यस गाउँपालिकामा सल्ला, कटुस, चिलाउने, गुँरास, खस्रु, बाँझ, सिमल आदि प्रजातीहरु पाइन्छन्। यस गाउँपालिकाको १२०० मिटर भन्दा तल समशितोष्ण सदावहार जंगलमा साल, खयर, कुसुम, जामुन जस्ता सालै भरी हरियो हुने बोटविरुवाहरु पाइन्छ भने १२०० मिटर देखि २१०० मिटर सम्मको पहाडी क्षेत्रमा हिउँदमा पात झर्ने सल्लो, चाँप, उत्तिस, लाकुँरी, ओखर, चिलाउने, कटुस जस्ता पतझर वनस्पतिहरु पाइन्छन्। २१०० मिटर भन्दा माथिको सल्लो, धुपी, गुराँस जस्ता कोणधारी वनस्पति पाइन्छ। वन क्षेत्रको व्यवस्थापन बैज्ञानिक ढंगले गर्न सकेमा यस क्षेत्रको दीगो विकास हुने विश्वास गर्न सकिन्छ।

### ख) समस्या तथा चुनौती

कुनैपनि क्षेत्रमा वातावरणीय सन्तुलन कायम राख्न सामान्यतया कुल क्षेत्रफलको ४० प्रतिशत भूमिमा वन क्षेत्र रहनुपर्ने मानिन्छ। यस गाउँपालिकामा कुल जमिनको ३८.१४ प्रतिशत वन क्षेत्र रहेको तथ्यांक उपलब्ध छ। विभिन्न सामुदायिक वन तथा सरकारी वन समेतको सीमाना कागजमा मात्र सीमित भएको र जमिनमा यकीन नहुँदा वनहरूबीच सीमा विवाद रहेको छ तथा सरकारी वन क्षेत्र निरन्तर रुपमा अतिक्रमित हुँदै गएका छन्। हरेक वर्षजसो डढेलोबाट वन र जैविक विविधताको क्षति हुन गरेको छ तर वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा पालिकास्तरीय कार्ययोजना समेतको अभाव रहेको छ। वन तथा वातावरण र सम्बन्धित सम्पदाप्रति स्थानीय नागरिकमा जिम्मेवारीबोध तथा जवाफदेहिताको बृद्धि गर्नुपर्ने खाँचो रहेको छ।

### ग) उद्धेश्य

वन श्रोतको संरक्षण तथा वैज्ञानिक व्यवस्थापन र वन पैदावरको अधिकतम उपयोग गर्ने ।

### घ) सूचक तथा लक्ष परिमाण

**तालिका ३०: वन तथा जैविक विविधता विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| वनको संचिती दर (मि$^3$/हेक्टर) | प्रतिशत | | | |
| वन प्रजाती प्रति हेक्टर | संख्या | | | |
| व्यवस्थित सामुदायिक तथा कबुलियती वन क्षेत्र | हेक्टर | ३७२०.८३ | ३७९४ | ३८६९ |

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| सरकारद्धारा व्यवस्थित वन क्षेत्र | हेक्टर | | | |
| निजी वन क्षेत्र | हेक्टर | | | |
| वृक्षारोपण क्षेत्र | हेक्टर | | | |
| आयमूलक कार्य संचालित वन क्षेत्र | हेक्टर | | | |
| जैविक विविधता युक्त क्षेत्र | हेक्टर | | | |
| गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेती गरिएको अद्यावधिक क्षेत्रफल | हेक्टर | | | |
| कवुलियति वन | हेक्टर | १५५.०६ | ३७९४ | ३७९४ |

**ङ) रणनीति/कार्यनीति**

***बन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वियन गर्ने***

- संघीय तथा प्रदेश कानुनको अधिनमा रही बन तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ।
- बन तथा जैविक विविधता संरक्षण प्रवर्द्धनका लागि विस्तृत अध्ययन, अभिलेख अद्यावधि एवं गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ।
- सहभागितामूलक, समावेशी र अधिकारमुखी पद्धतिमा आधारित अवधारणा बमोजिम पालिकास्तरीय बन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

***जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने***

- बनमा आधारित उपभोक्ता समितिहरु मार्फत मिचाहा प्रजातिको बोट विरुबालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरुवाट जैविक सम्पदाको संरक्षण गरिनेछ।
- बनयजन्तुहरुबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जंगल क्षेत्रमै उपयुक्त हुने घाँस, विरुवा, फलफूलहरु रोपण गरी बनयजन्तुको आहारा व्यवस्था मिलाइनेछ।
- लौठ सल्ला जस्ता व्यवसायिक मूल्य भएका जडीवुटी लगायतका वोट विरुवाहरुको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दीगो उपयोगमा जोड दिइनेछ।
- छाडा चरिचरन, बन फाडनी गरी वस्ती बिकास, आगलागी जस्ता क्रियाकलापहरुलाई पूर्ण बन्देज लगाई दण्ड जरिवानाको व्यवस्था गरिनेछ।

***बन पैदावरको दीगो उपयोग गर्ने***

- बन पैदावरमा आधारित जडीवुटी खेती तथा उद्यमशीलता बिकास गर्दै सहकारी संस्थाका सदस्यहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- बन आधारित सहकारी संस्था मार्फत बन पैदावर संकलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन, होमस्टे संचालन गरी बन पैदावरवाट रोजगारी तथा आय आर्जनका अवसरहरु श्रृजना गरिनेछ।
- सामुदायिक र कवुलियती बनको बिकास र विस्तारमा महिला, विपन्न, दलितहरुको सहभागिता वढाउदै जीविकोपार्जनमा जोड दिइनेछ।

**च) प्रमुख कार्यक्रम**

- वन पैदावार उत्पादन, प्रशोधन तथा वजारीकरण सहयोग कार्यक्रम।
- वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम।
- चरणक्षेत्र विकास तथा संरक्षण कार्यक्रम।
- वन सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम।
- सामुदायिक तथा कवुलिती वन उपभोक्ता क्षमता विकास कार्यक्रम।
- चिडियाखाना निर्माण तथा वन्यजन्तु व्यवस्थापन कार्यक्रम।

### ८.४.२ भू तथा जलाधार व्यवस्थापन

**क) संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिकाभित्र १५ वटा खोलाखोल्सा रहेका छन् जसका कारण सिंचाई सुविधा विस्तारमा टेवा पुगेको छ । यसका साथै दुधकोशी, टुवा खोला, तावा खोला, साप्सु खोला आदि यस गाउँपालिका आसपासमा रहेका प्रमुख नदीहरु हुन् । जैविक विविधताको दृष्टिकोणले समेत धनी क्षेत्र रहेको हुँदा पर्यापर्यटनको प्रवर्द्धन गरी स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

### ख) समस्या तथा चुनौती

यस गाउँपालिकाको छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम रहेको छैन र जमिन र जलाधार क्षेत्रको वैज्ञानिक तथा दीगो संरक्षण सुनिश्चित हुन सकेको छैन । भूसंरक्षणका लागि पर्याप्त बजेट आवश्यक पर्ने र सोअनुसार स्रोत उपलब्ध नभएको हुँदा आवश्यक सबै ठाउँमा भूसंरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न सकिने अवस्था रहेको छैन । सीमसार क्षेत्र सीमित मात्रामा रहेका छन् । जलाधार क्षेत्रको माथिल्लो क्षेत्रका गतिविधिबाट तल्लो तटीय क्षेत्रका गतिविधिमा असर पुग्न सक्ने अवस्था रहन्छ । यसर्थ माथिल्लो तथा तल्लो क्षेत्रका गतिविधिमा सामञ्जस्यता ल्याउनुपर्ने तथा यस्ता विषयसमेत मध्यनजर गरी जलाधार क्षेत्रको संरक्षणलाई उच्चतम महत्व प्रदान गरिएको भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने खाँचो रहेको छ ।

### ग) उद्धेश्य

भू संरक्षण तथा जलाधार व्यवस्थापन गरी व्यापक रुपमा वृक्षारोपण, भू क्षयको न्यूनीकरण, जलाधारको व्यवस्थापन तथा पानीका श्रोतहरुको संरक्षण गर्ने ।

### घ) सूचक तथा लक्ष परिमाण

**तालिका ३१: भूमि तथा जलाधार व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| संरक्षित पानी मुहान क्षेत्र | संख्या | १५ | २० | २५ |
| संरक्षित खेतबारीको क्षेत्रफल | रोपनी | | | |
| पुनर्स्थापित क्षतिग्रस्त भूमिको क्षेत्रफल | हेक्टर | | | |
| नदी नियन्त्रण र उकासबाट संरक्षित जमीन | हेक्टर | | | |
| नदी नियन्त्रण लम्बाई | किमी | | | |
| स्पर तथा बाँध, चेकड्याम | किमी | | | |
| उपचार गरिएको/संरक्षित गल्छी र पहिरो | संख्या | २ | ४ | ७ |
| संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ३ | २ | १ |
| संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | संख्या | ३ | ३ | ३ |
| वायोइन्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | | | |
| व्यवस्थित संरक्षण तथा Ridge पोखरी | संख्या | | | |

### ङ) रणनीति/कार्यनीति

***भूक्षय तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने***

- भूक्षय तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

***भूक्षय नियन्त्रण गर्ने***

- भूक्षय तथा वाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्शाङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव वसोवासका लागि बन्देज लगाइनेछ ।
- जोखिम क्षेत्रका वस्तीहरुलाई स्थानान्तरण गर्दै सो क्षेत्रमा वाँस, वावियो, अम्रिसो जस्ता वोट विरुवाहरुको वृक्षारोपण गरी भूक्षयलाई नियन्त्रण गरिनेछ ।
- जथाभावी सडक एवं अन्य भौतिक पूर्वाधार निर्माण गर्ने कार्यलाई पूर्णत निषेध गरी वातावरण प्रभाव मूल्यांकन एवं डिपिआर पश्चात वायो इन्जिनियरिङ्ग प्रविधि अपनाई सडक एवं अन्य भौतिक पूर्वाधार निर्माण गर्ने परिपाटिको बिकास गरिनेछ ।

- ढुङ्गा बालुवा गिटीको उपयोगलाई व्यवस्थित एवं किनारामा तटबनध निर्माण गरी नदीको प्रवाहलाई च्यानलाइजेशन गरिनेछ ।
- बगेर जाने पानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियोहारको व्यवस्था, गरासुधार व्यबस्थापन गरी सम्भावित भूक्षयलाई न्यूनीकरण गरिनेछ ।

***जलाधार क्षेत्रको संरक्षण एवं उपयोग गर्ने***

- लाभान्वित समुदायहरुसंगको सहकार्यमा पानी मुहान, सीमसार, पोखरी, तालतलैया संरक्षण गर्दै जलश्रोतको उपयोग गरिनेछ ।
- नदी तथा खोला किनाराहरुमा तटबनध निर्माण गरी जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।
- जलक्षेत्रको संरक्षण गर्दै वगरखेती सम्बन्धी सीप प्रदान गरी आय श्रोत वृद्धि गर्न अति विपन्न समुदायलाई प्रोत्साहित गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- जलश्रोत, सिमसार क्षेत्र तथा सार्वजनिक जमीन पहिचान, संरक्षण तथा विकास कार्यक्रम ।
- नदी तटवन्ध निर्माण कार्यक्रम ।
- सुरक्षित वस्ती विकास कार्यक्रम ।
- जलाधार संरक्षण तथा उपयोग सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम ।

### ८.४.३ वातावरण तथा स्वच्छता

**क) संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिका क्षेत्रमा ३ स्थानलाई मनोरञ्जनस्थल, पार्क वा हरित क्षेत्रको रुपमा लिन सकिने अवस्था विद्यमान छ यद्यपी ति स्थानहरुको उचित संरक्षण, प्रवर्द्धन गर्न भने बाँकी नै रहेको छ। वन तथा वातावरण र सम्बन्धित सम्पदाप्रति स्थानीय नागरिकमा जिम्मेवारीबोध तथा जवाफदेहिताको बृद्धि गर्नुपर्ने खाँचो रहेको छ। जलवायुजन्य अतिशय परिणाम (Climate extremities) तथा अनिश्चिततालाई सम्बोधन गर्न गाउँपालिका तथा स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ। अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा बृद्धि, प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन, वन वातावरणसम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वन क्षेत्रमाथि चाप बढ्न गएको छ।

**ख) समस्या तथा चुनौती**

ग्रामीण क्षेत्रमा प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरुको विसर्जन व्यवस्थित हुन नसक्दा र बजारीकरण हुँदै गएका क्षेत्रहरुमा प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरु लगायत संस्थागत रुपमा (स्वास्थ्य संस्था, विद्यालय, कार्यालयहरु आदि) बाट दैनिक उत्सर्जन हुने फोहोरको उचित व्यवस्थापन हुन सकेको छैन र कतिपय अवस्थामा नदी/खोलामा लगेर फाल्ने प्रवृत्ति रहेको छ । कृषि क्षेत्रमा रासायनिक मलको प्रयोग सिफारिश गरिएको परिणाम अनुसार हुन नसक्दा एकातिर उत्पादन र उत्पादकत्व अपेक्षा अनुरुप हुन सकेको छैन भने अर्कातिर माटोको गुणस्तर खस्किरहेको छ ।
छरिएर रहेको वस्ति रहेको हुनाले वस्तिबाट आउने फाहोरलाई वस्तिस्तरमा नै उत्सर्जन गर्ने, कुहिने फोहोरलाई कम्पोष्ट मल र नकुहिनेलाई जलाउने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई ईन्सुलेटरका माध्यमबाट जलाउने व्यवस्था गर्न सकिएको छैन । वजार एवं घनावस्तिबाट निस्कने फोहोर मैलालाई पनि उपयुक्त विसर्जनको माध्यमबाट व्यवस्थापन गर्न सकिएको छैन ।

**ग) उद्धेश्य**

हरियाली क्षेत्रको संरक्षण र प्रवर्द्धन तथा फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गर्ने ।

**घ) सूचक तथा लक्ष परिमाण**

**तालिका ३२: वातावरण व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ३ | ५ | ७ |
| प्रयोग भएका फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | १ | ३ | ३ |
| परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी (दाउरा) | संख्या | ३७३४ | ३३६१ | ३०२५ |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ३००१ | ३१८९ | ३३७६ |
| घरभित्रको धुवाँमुक्त घरधुरी | संख्या | १८४४ | २१२० | २४३८ |
| स्थानीय विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन कार्ययोजना तर्जुमा | पटक | | ३ | ५ |

**ङ) रणनीति/कार्यनीति**

***वातावरण तथा जलवायु अनुकूलन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वियन गर्ने***

- वातावरण संरक्षण तथा जलवायु अनुकूलन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वियन र अनुगमन तथा नियमन गरिनेछ ।
- वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिनेछ ।

***वातावरण संरक्षण तथा फोहोर व्यवस्थापन गर्ने***

- ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयहरुलाई अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी सचेतना बिकास गरिनेछ ।
- वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम राखिनेछ । यसका लागि आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरिनेछ ।
- सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरु अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरिनेछ ।
- वजार क्षेत्रहरुमा ढलहरु निर्माण र गाउँवस्तीका घर आँगनवाट निस्कने फोहोरपानीलाई नजिकको खेतवारीमा सुरक्षित निकास व्यवस्था गरिनेछ ।
- दलित, अति विपन्न समुदायको घरघरमा चर्पीको व्यवस्था गरी खुल्ला क्षेत्रमा हुने शौचलाई न्यूनीकरण, र सुधारिएको चुलो निर्माणमा सहयोग उपलव्ध गराउदै वातावरण संरक्षण गरिनेछ ।
- निजीक्षेत्रसंगको सहकार्यमा वस्तिवस्ति स्तरमा नै फोहोरमैला संकलन, प्रशोधन केन्द्र तथा वस्तिवस्ति स्तरमा नै व्यवस्थित र सुरक्षित बनाइनेछ ।
- स्थानीय समुदायसंगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरुमा फलफुल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरु निर्माण गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- फोहोरमैला व्यवस्थापन नीति तर्जुमा ।
- घरायसी फोहर व्यवस्थापन कार्यक्रम ।
- वातावरण संरक्षण प्रवर्द्धन कार्यक्रम ।
- सरसफाई पूर्वाधार विकास कार्यक्रम ।
- घरभित्रको धुवाँमुक्त घरधुरी प्रवर्द्धन कार्यक्रम ।

### ८.४.४ विपद व्यवस्थापन

**क) संभावना, अवसर र विद्यमान अवस्था**

वि.सं. २०७२ को भूकम्पपछि भूकम्प प्रतिरोधी घरहरुको निर्माण भएको हुँदा भूकम्पीय जोखिमका दृष्टिकोणले सोभन्दा अगाडिको तुलनामा गाउँपालिकाका वस्तीहरु बढी सुरक्षित भएको आँकलन गर्न सकिन्छ । प्राथमिक उपचारका लागि स्थानीय स्वयम्सेविकाहरु तथा स्वास्थ्यकर्मीको उपलब्धता रहेको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान, सीप रहेको छ । विद्यमान विपद् व्यवस्थापन समितिहरुको क्षमता विकास गर्दै स्थानीय समुदायलाई पहिलेभन्दा बढी उत्थानशील बनाउन सकिने आधार तयार भएको छ । आपत्कालीन प्रतिकार्यको लागि सामुहिक

आश्रयस्थल निर्माण गर्न पर्याप्त खाली जमिन रहेको छ। संघीयताको कार्यान्वयनसँगै स्थानीय तहमा आफ्नै तथा नियमित स्रोतहरुसहितको स्थानीय तहहरु कार्यान्वयन भइरहेको परिप्रेक्ष्यमा गाउँपालिकाको विपद् व्यवस्थापनमा स्थानीय आवश्यकता तथा परिवेश अनुरुप विपद् व्यवस्थापन योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउने तथा विपद् व्यवस्थापनलाई समग्र विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्ने अवसर समेत प्राप्त भएको छ।

### ख) समस्या तथा चुनौती

विगत केही दशकदेखि विश्वभरी नै जलवायुजन्य र अन्य विपद्हरु बढ्दै गएका छन्। बढ्दै गएको विपद्को आवृत्ति, प्रवृत्ति र सघनता अनुरुप स्थानीय तह तथा स्थानीय समुदायसँग आकस्मिक प्रतिकार्यको क्षमता र विपद् पूर्वतयारी रहेको देखिएको छैन। गाउँपालिकाका मूख्य प्रकोपहरुमा पहिरो, बाढी, भूकम्प, वन डढेलो, खडेरी, रोग कीरा, असिना, हुरी बतास रहेका छन्। भूमिको व्यवस्थित तथा वैज्ञानिक रुपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ। विभिन्न स्थानमा नांगाडाँडा रहेका हुँदा भूस्खलनको जोखिम रहेको छ। जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन।

### ग) उद्धेश्य

विपद जोखिमलाई न्यूनीकरण गर्दै जलवायु परिवर्तन अनुकुलित भएको हुने।

### घ) सूचक तथा लक्ष परिमाण

**तालिका ३३: विपद व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास क्षेत्र | संख्या | ० | १ | २ |
| वस्ती अयोग्य स्थानमा बसोबास गरेका परिवार | संख्या | ६८२ | ३०० | १०० |
| खुल्ला क्षेत्र र स्थान | संख्या | ७ | १० | १४ |
| तालिम प्राप्त स्वयंसेवक | जना | ८२ | | |
| विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) | रु. | १४ लाख | २१ लाख | २८ लाख |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | संख्या | १ | ४ | ७ |

### ङ) रणनीति/कार्यनीति

***विपद व्यवस्थापन सम्बन्धी नीति, योजना कार्यान्वियन गर्ने***

- विपद व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन एवं अनुगमन तथा नियमन गरिनेछ।
- विपद व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति तथा योजना बिकास गरी कार्यान्वयन गरिनेछ।

***विपद व्यवस्थापन पूर्वतयारी सुदृढीकरण गर्ने***

- विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र पूर्व सूचना प्रणालीको व्यवस्था गरी सम्भावित जीऊ धनको क्षतिवाट जोगिन सर्वसाधारणहरुलाई पूर्व तयारी अवस्थामा राखिनेछ।
- जोखिमयुक्त क्षेत्र पहिचान गरी जोखिम संवेदनशिल भू नक्सा तयार पार्दै जनचेतना अभिवृद्धि गरिनेछ ।
- विपद व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरी जनमानसमा विपद पूर्वतयारी, उद्धार, पुनस्थापन क्षेत्रमा क्षमता अभिवृद्धि गरिनेछ।
- भूकम्प तथा विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण गर्न प्रोत्साहन गरिनेछ। यसका लागि मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।
- विपद् पश्चातको उद्धार र राहत सहितको प्रभावकारी प्रतिकार्य र दीगो बिकासमूलक पुनर्स्थापना र पुनर्निर्माणका लागि तयारी हालतमा रहने गरी व्यबस्था गरिनेछ।
- विपद् व्यबस्थापन कोष स्थापना गरी संघ, प्रदेश तथा अन्य सरोकारवालाहरुबाट प्राप्त रकम समेत उक्त कोषमा राखी एकद्वार प्रणाली मार्फत राहत र उद्धार लगायतका विपद् व्यबस्थापन कार्य संचालन गरिनेछ।

- सबै सरोकारवालाहरु रहेको गाउँपालिका तहमा विपद् व्यबस्थापन समिति गठन गरिनेछ र वडा स्तरसम्म समन्वयको ब्यबस्था गरिनेछ तथा योजना तथा समूह निर्माण गर्दा जोखिममा पर्ने तथा लक्षित वर्गको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिनेछ ।
- आपतकालिन सहयोग, राहत, पुनर्स्थापना र पुनर्निर्माण कार्यक्रम लागू गर्दा अशक्त, असहाय, भूमिहीन, महिला, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका फरक आवश्यकतालाई विशेष ध्यान दिइ सम्बोधन गरिनेछ ।
- गाउँपालिकास्तरीय समिति गठन गरी त्यसको क्षमता समेत अभिबृद्धि गरिने छ ।

***क्षति न्यूनीकरणका प्रयास गर्ने***

- एकीकृत वस्ती बिकासको अवधारणा अनुसार जोखिमयुक्त क्षेत्रवाट बस्ती स्थानान्तरण गर्दै आवश्यक सवैप्रकारका भौतिक पूर्वाधारहरुको सेवा सुविधाहरु उपलब्ध गरी सुरक्षित वस्ती बिकास गरिनेछ ।
- भबन निर्माण आचार संहितालाई कडाइका साथ लागू गर्नुका साथै जुनसुकै पनि भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री हिसाबले गरिनेछ ।
- आपतकालीन उद्धारका लागि दमकल, एम्बुलेन्स, दक्ष जनशक्तिको व्यवस्था गरिने र उद्धार सामाग्रीहरुको व्यवस्थाका लागि स्थानीय रेडक्रस संस्थासंग सहकार्य गरिनेछ ।
- नजिकको अस्पताल तथा स्थानीय स्वास्थ्य चौकीहरुमा औषधी एवं उपकरणहरुको व्यवस्था गरी प्रारम्भिक तहको औषधोपचारलाई सहज बनाइनेछ ।
- विपद् पूर्व तयारीको कार्यलाई प्राथमिकता दिईने छ ।

**च) प्रमुख कार्यक्रम**

- प्राकृतिक विपद् न्यूनीकरण कार्यक्रम ।
- विपद जोखिम क्षेत्र नक्सांकन र विपद पूर्व सूचना उपकरण जडान कार्यक्रम ।
- आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन तथा उद्धारकर्मी क्षमता विकास कार्यक्रम ।
- जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रम ।
- विपद व्यवस्थापन कोष स्थापना ।

# परिच्छेद ९
# सुशासन तथा संस्थागत विकास क्षेत्र

## ९.१ पृष्ठभूमि

परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाह, स्थानीय शासनको प्रभावकारी सञ्चालनको लागि संस्थागत क्षमता विकास तथा सुशासनको आवश्यकता पर्दछ। यसको अर्थ स्थानीय शासनको संस्थागत विकास तथा सुशासनबाट मात्र विकास गतिविधि तथा सेवा प्रवाहबाट अपेक्षित नतिजा हासिल गर्न सकिन्छ। संघीय सरकारले समेत कानुनी शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिबृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सम्पादन गर्ने सम्पूर्ण गतिविधि तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई स्थानीय निकायलाई नागरिकप्रति उत्तरदायी बनाउनुपर्ने अपेक्षा गरेको छ। आवधिक गाउँ विकास योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत क्षमता विकास र सुशासनलाई यसभित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ।

## ९.२ वर्तमान अवस्था

राज्यको पुन:संरचना पश्चात् नयाँ गठन भएको गाउँपालिकाको संस्थागत विकास प्रयासको शुरुवात भएको छ। गाउँपालिकाको संगठन संरचनाको खाका निर्माण तथा जनशक्तिको व्यवस्था प्रमुख समस्याको रूपमा रहेको छ। सेवा प्रवाहको केन्द्रको रूपमा रहेका वडा कार्यालयहरूको भौतिक संरचना (भवन) र जनशक्तिको व्यवस्था, गाउँपालिकाको केन्द्रीय भवन, कर्मचारी, मेसिन औजारको व्यवस्था तत्कालका प्रमुख जिम्मेवारी हुन्। हालको अवस्थामा गाउँपालिकाभित्र रहेका सरकारी, गैरसरकारी निकाय र निजी क्षेत्रसँगको साझेदारी, समन्वय र सहकार्य चुनौतीको रूपमा रहेका छन्।

## ९.३ सुशासन तथा संस्थागत विकासको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

आवधिक गाउँ विकास योजना अन्तर्गत सुशासन तथा संस्थागत विकास क्षेत्रको लागि **गाउँपालिका र स्थानीय सरोकारवालाहरुको संस्थागत विकास गरी कार्य सम्पादनमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व तथा समावेशिमूलक सहभागिता अभिवृद्धि भएको हुने तथा सार्वजनिक सेवा प्रवाहमा सुधार भएको हुने** उद्धेश्य निर्धारण गरिएको छ। निर्धारित उद्धेश्यका लागि लक्ष/परिमाण सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ।

**तालिका ३४: सुशासन तथा संस्थागत विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| प्रति व्यक्ति बार्षिक बजेट लगानी (रु.हजारमा) | रु. | १३,८९० | २०,००० | ३०,००० |
| लक्षित वर्ग, सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न र पिछडिएको वर्ग | प्रतिशत | ३० % | ५०% | ७५% |
| गाउँपालिकामा उपलब्ध प्राविधिक मानव संशाधन | संख्या | ७१% | १०० % | |
| गाउँपालिकामा क्रियाशिल गैसस, अगैसस, विकास साझेदा | संख्या | ६ | १० | १५ |

**प्रमुख रणनीतिहरु:**

- संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानुन बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गर्ने। यसका साथै संघीय र प्रादेशिक सरकारबाट प्राप्त नमूना कानुनका मस्यौदाको स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याइनेछ।

### ९.४.१ सुशासन, ऐन नियम तथा जवाफदेहिता

#### क) संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकामा गाउँसभा र गाउँ कार्यपालिकाबाट १७ वटा विभिन्न ऐन, नियम तथा विनियम र कार्यविधि तर्जुमा भई कार्यान्वयनको अवस्थामा रहेका छन् । सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटी, नागरिक वडापत्र मार्फत सार्वजनिक गर्ने गरिएको छ ।

स्थानीय तहको योजना तर्जुमा नमूना दिग्दर्शनको व्यवस्था अनुसार गाउँपालिकाको विषयगत वस्तुस्थिति झल्कने विवरण सहितको वस्तुगत विवरण तयार भई गाउँपालिकाको समष्टिगत आर्थिक सामाजिक विकासको लक्ष्य, उद्देश्य, तथा रणनीतिक कार्यक्रम सहितको आवधिक योजना तर्जुमासँगै अद्यावधिक गरिएको छ । बार्षिक बजेट तथा योजना तर्जुमा टोलवस्तीबाट शुरु गर्ने योजना तर्जुमा प्रक्रियामा सेवाग्राही नागरिक र नागरिक समाजका प्रतिनिधिको समेत सहभागिताको व्यवस्था गरिएको छ । संचालित आयोजना तथा कार्यक्रमको प्रक्रिया अनुगमनको कार्य हुने गरेको छ ।

#### ख) समस्या तथा चुनौती

यस गाउँपालिकामा गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति नहुँदा सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाई देखिएको छ । नतिजामुखी योजना तर्जुमा अभ्यासको कमी, प्राथमिकता निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम धैरै संख्यामा रहेको कारण आयोजना तथा कार्यक्रमको गुणस्तर कायम गर्न सकिएको छैन । ज्ञान, सीप, ढाँचा तथा अनुभवको कमीको कारण आन्तरिक आयको शीर्षकगत अनुमान गरी राजस्व संकलन गर्न र सो अनुसारको अभिलेख राख्न नसकेको अवस्था छ । गाउँपालिकाको ध्यान राजस्व कसरी बृद्धि गर्ने भन्दा पनि खर्च गर्ने तिर बढी ध्यान गएको अवस्था विद्यमान छ ।

सेवा प्रवाह र कार्यसम्पादनमा गैसस, निजी क्षेत्र र समुदायको साझेदारी अपेक्षित रुपमा हुन सकेको छैन । यस गाउँपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिपिआर, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, भएका कार्यको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्य निजी र गैसस लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने व्यवस्था मिलाउन नसकेको अवस्था छ । प्रचुर संभावनाका बावजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई परिचालन गर्न सकिएको छैन ।

#### ग) उद्धेश्य

स्थानीय ऐन कानुनको निर्माणमा समावेशीमूलक सहभागिता अभिबृद्धि भई सोको प्रभावकारी कार्यान्वयन गर्ने ।

#### घ) सूचक तथा लक्ष परिमाण

**तालिका ३५: सुशासन तथा जवाफदेहिताको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| गाउँपालिकाले स्वीकृत गरेका कानुन तथा नीति | संख्या | १७ | ३० | ४५ |
| ● ऐन | संख्या | २ | १० | १५ |
| ● नियम तथा विनियम | संख्या | २ | ५ | ५ |
| ● निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ८ | १० | १५ |
| नीति तथा मार्गदर्शन | संख्या | ५ | ५ | १० |
| क्रियाशिल नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदि) | संख्या | ० | ६ | १२ |
| अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार ( क्षतिपूर्ति सहिको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदि) | संख्या | ३ | ५ | १० |

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यमहरु (संचार माध्यम, सूचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिक, सामाजिक सञ्जाल आदि) | संख्या | ० | ३ | ६ |
| गाउँपालिका पेश भएका सरकार संचालन तथा सेवा प्रवाहसम्बन्धी गुनासो सुनुवाई | संख्या | ० | ५ | १० |

**ङ) रणनीति/कार्यनीति**

***सुशासन तथा जवाफदेहिता प्रवर्धन सम्बन्धी नीति, योजना र कार्यान्वियन गर्ने***

- सुशासन तथा जवाफदेहिता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

***सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्ने***

- स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरका सभा र कार्यपालिकाका समिति, एवं कार्य प्रकृतिका आधारमा बनने समितिलाई पूर्णता दिदै कार्यक्षेत्र स्पष्टताका साथ कार्यसम्पादनमा प्रभावकारी ल्याइनेछ ।
- संविधान एवं स्थानीय सरकार संचालन ऐनमा गरिएको प्रावधान अनुसारको कार्यसम्पादनका लागि आवश्यक सवैप्रकारका ऐन, नियम, कार्यविधि एवं मापदण्डहरु बनाई सार्वजनिकीकरण गर्दै कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिकाको नीति कार्यक्रम, निर्णय, तथा प्रगति समीक्षाहरुका वारेमा सर्वसाधारण सवैलाई वेवसाइट एवं अन्य प्रकाशनहरु मार्फत जानकारी गराइनेछ ।
- जवाफदेहिता एवं पारदर्शिता अभिवृद्धिका लागि क्षतिपूर्ति सहितको नागरिक वडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरु अवलम्बन गरिनेछ ।
- सम्भव भए सम्मका गाउँपालिकाको काम कारवाही एवं सेवा प्रवाहलाई अनलाइन तथा आइसिटि मार्फत गर्ने गरिने व्यवस्था मिलाइ सेवा प्रवाहलाई चुस्त बनाइनेछ ।
- सूचनाको हक सम्बन्धी ऐनले व्यवस्था गरेको प्रावधानलाई व्यवहारमा ल्याउदै सूचना अधिकृत एवं गुनासो सुनुवाई संयन्त्रको बिकास गरिनेछ ।
- लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा गर्नुका साथसाथै सबै योजना तर्जुमा कार्यमा मूलप्रवाहीकरण गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- ऐन नियम तर्जुमा तथा क्षमता विकास कार्यक्रम ।
- सामाजिक जवाफदेहीता प्रवर्द्धन कार्यक्रम ।
- निर्मित कानुनको संचार माध्यमबाट प्रचार प्रसार ।

### ९.४.२ संस्थागत संरचना तथा मानव संसाधन विकास

**क) संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिकामा ७१ जना कर्मचारी कार्यरत रहेका छन् । गाउँ कार्यपालिकाले ६ वटा विषयगत समितिको व्यवस्था गरी ती विषयगत समितिको क्रियाशीलता क्रमशः बृद्धि भएको छ । पूर्वाधारका हिसावले गाउँपालिकाको प्रशासकीय भवन निर्माण भएको, विद्युतिय उपकरणहरुको प्रयोगमा बृद्धि संगै अन्य संस्थागत क्षमता सुदृढीकरण हुँदै गईरहेको छ ।

**ख) समस्या तथा चुनौती**

दरवन्दी अनुसार कर्मचारी नियुक्त नहुनु, वडा कार्यालयहरुमा आवश्यक सुविधा उपलव्ध नहुनु एवं गाउँ सभासंग सम्बन्धित समितिहरु गठन नहुनु मूख्य समस्याको रुपमा रहेका छन् । यसैगरी जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन नहुनु पनि समस्याको रुपमा देखा परेको छ ।

**ग) उद्धेश्य**

गाउँपालिका र वडा कार्यालयहरुको संस्थागत क्षमता विकास भई कार्यकुशलता तथा क्षमतामा अभिबृद्धि भएको हुने ।

### घ) सूचक तथा लक्ष परिमाण

**तालिका ३६: मानव संस्थागत विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | ७१ | | |
| गाउँपालिकाबाट प्रवाहित सेवा तथा सुविधा | प्रकार | ८० | ९० | १०० |
| गाउँपालिका तथा वडा कार्यालय भवन | संख्या | २ | ८ | १२ |
| सेवा सुचारु सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, कृषि, पशु सेवा, शिक्षा, सूचना) | संख्या | ११ | २३ | ३५ |
| गाउँपालिकामा संचालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रम एवं इकाई | संख्या | ० | ३ | ६ |
| संचालित स्थानीय शासन, योजना तर्जुमा तथा सेवा प्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम | विषय क्षेत्र | ० | ६ | १२ |
| क्षमता विकास र जवाफदेहिता अभिबृद्धि कार्यमा सहभागी जनप्रतिनिधि र नागरिक समाज | जना | ० | ५० | १५० |

### ङ) रणनीति/ कार्यनीति

***मानव संसाधन बिकास सम्बन्धी स्थानीय नीति निर्माण गर्ने***

- मानव संसाधन बिकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

***संस्थागत संरचना चुस्त बनाउने***

- सभाका सुशासन, लेखा तथा विधायन समिति समावशी रुपमा गठन गरी कृयाशील गराईने छ ।
- बिषयगत समिति एवं न्यायिक समितिको क्षमता बिकास गरी कार्यसम्पादन स्तरमा अभिबृद्धि ल्याइनेछ ।
- संगठन तथा व्यवस्थापन अध्ययन (O&M) गरी संगठनात्मक संरचना निर्माण गर्दै लैङ्गिकमैत्री एवं समावेशीका आधारमा कर्मचारी दरबनदी निर्धारण गरिनेछ ।
- कार्यवोझ विश्लेषणको आधारमा जनशक्ति व्यवस्थापन गरी कार्यसम्पादनस्तरलाई चुस्त दुरुस्त बनाइनेछ र कार्य सम्पादन करार प्रणाली लागू गरी कार्य उपलब्धिका आधारमा कर्मचारीको कार्य सम्पादन मूल्यांकन गरिने प्रणाली अवलम्बन गरिनेछ ।
- सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलव्ध बनाउन सम्भव भएका सेवा सुविधाहरु अनलाइन, वडा कार्यालय एवं सेवा केन्द्रवाट उपलव्ध गराउदै वडा कार्यलयहरुलाई भौतिक श्रोत साधन सुविधायुक्त बनाइनेछ ।

***मानव संसाधन बिकास***

- तालिम, तथा अभिमुखीकरणवाट गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी निर्णय प्रक्रिया र सेवा प्रवाहमा प्रभावकारी ल्याइनेछ ।
- शाखा तथा उपशाखागत रुपमा चाहिने विशिष्टिकृत प्राविधिकको सीपको विकास गर्न अल्पकालीन तथा लामो अवधीको तालीमको व्यवस्था गरी वैशिष्टता प्रदान गरिने छ ।
- कार्यसम्पादन सम्झौता गरी सूचकका आधारमा मुल्यांकन गर्ने परिपाटीको विकास गरिने र गाउँपालिकाका अन्तर्गत विद्यालय, विषयगत कार्यालय एवं सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरु मध्येवाट उत्कृष्टलाई मापदण्डका आधारमा पुरस्कृत गर्ने अभ्यासको थालनी गरिनेछ ।
- सरकारी, गैरसरकारी, निजी एवं सहकारीक्षेत्रसंग समन्वयको संस्थागत संयन्त्र स्थापना गरिने छ र त्यसका माध्यबाट सबै संचालन हुने कार्यक्रमलाई समन्वयित रुपमा संचालन गरिने छ ।
- गाउँपालिका अन्तर्गत सहकारी, गैसस, नागरिक समाज, सामुदायिक संस्था, निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई तालिम, अभिमुखीकरण मार्फत क्षमता अभिवृद्धि गरी दक्ष, सवल, सक्षम जनशक्ति बिकास गरिनेछ ।
- जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्ने र महिला तथा दलित वडा सदस्यको क्षमता बिकासमा जोड दिइनेछ ।

- जुनसुकै क्षमता बिकास कार्यक्रममा सहभागी छनौट गर्दा महिला, दलित, जनजाति र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**च) प्रमुख कार्यक्रम**

- जनशक्ति व्यवस्थापन कार्यक्रम ।
- विषयगत समिति क्षमता विकास विकास कार्यक्रम ।
- जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास कार्यक्रम ।

### ९.४.३ वित्तीय श्रोत परिचालन

**क) संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिकाको वार्षिक बजेट रु.३४ करोडको हाराहारीमा रहेको छ भने गाउँपालिकाको आन्तरिक आय मात्र रु. ८ लाख रहेको छ । गाउँपालिका क्षेत्रमा विविध क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी प्रयासको शुरआत भएको छ ।

**ख) समस्या तथा चुनौती**

यस गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा नहुनु, सार्वजनिक निजी साझेदारीको लागि स्पष्ट कार्यविधि नहुनु मूख्य समस्याको रुपमा रहेको छ। यसैगरी कम्प्यूटर लेखा प्रणाली नहुनु, वडा कार्यालयहरु कम्प्यूटर संजालमा नजोडिनु, लैगिक उत्तरदायी बजेट नहुनु तथा सार्वजनिक खरिद नियमावली तयार नहुनु मूख्य चुनौतीको रुपमा रहेका छन् ।

**ग) उद्धेश्य**

गाउँपालिकाको आन्तरिक तथा बाह्य स्रोतको पहिचान गरी उद्धेश्यमूलक ढंगले परिचालन गर्ने ।

**घ) सूचक तथा लक्ष परिमाण**

**तालिका ३७: वित्तीय श्रोत परिचालनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| गाउँपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | रु. | ८०० | २००० | ४००० |
| संघीय सरकारबाट राजस्व बाँडबाँड प्राप्त रकम ( हजारमा) | रु. | ५९७१४ | ८०,००० | १००००० |
| प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु.हजारमा | ४७५० | ६२०० | ८००० |
| गाउँपालिकाको कूल बार्षिक बजेट | रु. | ३३ करोड | ४४करोड | ५६ करोड |
| गाउँपालिकाको बार्षिक वास्तविक खर्च रकम (प्रतिशत) | प्रतिशत | ९० | ९५ | १०० |
| औषत वार्षिक वेरुजु रकम (हजारमा) | रु. | | | |
| गैसस, अगैसस, विकास विकासबाट संचालित आयोजना/ कार्यक्रमबाट लगानी रकम | रु. | ९० लाख | १८०लाख | ३६०लाख |
| समुदायको लगानी तथा योगदान रकम | प्रतिशत | १० | १५ | २० |
| निजी क्षेत्रको लगानी | प्रतिशत | | १० | २० |

**ङ) रणनीति/ कार्यनीति**

***वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति निर्माण गर्ने***

- वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

***वित्तीय श्रोत परिचालन गर्ने***

- राजश्व सुधार कार्ययोजना तयार पारी गाउँपालिकाको आन्तरिक आय श्रोतमा वृद्धि ल्याइनेछ ।
- स्थानीय राजस्व परामर्श समितिको क्षमता अभिबृद्धि गरी राजस्व सुधार कार्य योजना लागू गरिनेछ ।
- सार्वजनिक खर्चलाई पूँजी निर्माण (आय आर्जन) का क्षेत्रहरुमा लगानी गरी आन्तरिक आयलाई सुदृढ पारिनेछ ।

- सम्भावित करदाताहरुको पहिचान गर्दै वित्तीय साक्षरता कार्यक्रमहरु संचालन गरी कर तिर्ने अभ्यासलाई प्रोत्साहन गरिनेछ । करको दर भन्दा पनि आधारलाई बिस्तार गरिनेछ ।
- उपभोक्ता समितिहरुसंग लागत सहभागितामा आयोजनाहरु संचालन गरी गाउँपालिकाको लागत भारलाई न्यून गरिनेछ ।
- निजी क्षेत्रसंग सहकार्य र समन्वय गरी आयोजनाहरु कार्यान्वयनमा ल्याइने छ । यसका लागि सार्वजनिक निजी साझेदारी नीति ल्याइनेछ ।
- गाउँपालिकाको चल अचल सम्पत्तिहरु परिचालन गरी सेवा शुल्क संकलन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा कार्यरत सरकारी, निजी तथा गैरसरकारी संस्थाहरुसंग समन्वय गरी एकीकृत रुपमा श्रोत परिचालन गरिने छ ।
- संभाव्य योजना पहिचान र त्यसको बिस्तृत परियोजना प्रतिवेदन तयार गरी संघ, प्रदेश तथा बाह्य दातृसंस्थासंग समन्वय गरी समपूरक तथा विशेष अनुदान परिचालन गरिने छ ।

***वित्तीय सुशासन प्रवर्द्धन गर्ने***

- गाउँपालिकाको आर्थिक ऐनका प्रावधानहरुलाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।
- लेखा प्रणालीलाई आइसिटिमा आवद्ध गर्दै आन्तरिक लेखा परीक्षण तथा वित्तीय प्रशासनलाई सक्षम र प्रभावकारी बनाइनेछ ।
- वार्षिक खरिद योजना बनाउदै सार्वजनिक खरिदलाई पारदर्शि, ई-विडिङ्ग तथा प्रक्रियागत ढंगवाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।
- नियमित लेखापरीक्षण, पेश्की तथा वेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाई वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।
- निश्चित अवधि (मासिक, चौमासिक, वार्षिक) मा भएको आर्थिक कारोवारहरुलाई वेवसाइट तथा प्रकाशनहरु मार्फत आम नागरिकहरुलाई जानकारी हुनेगरी सार्वजनिकीकरण गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- राजश्व सुधार कार्य योजना तयारी ।
- सार्वजनिक निजी साझेदारी कार्यनीति तर्जुमा ।
- मध्यकालिन खर्च संरचना तयारी ।
- संस्थागत क्षमता तथा कर सचेतना अभिबृद्धि कार्यक्रम ।

### ९.४.४ योजना व्यवस्थापन

**क) संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिकाको आवधिक योजनाका आधारमा मध्यकालीन खर्च संरचना तयार गरी बार्षिक योजना सहभागितामूलक र समावेशी रुपमा तर्जुमा गरिंदै लगिने छ । संचालित योजनाहरुको नियमित अनुगमन तथा मूल्यांकन हुने गरेको छ । गाउँपालिकाले तर्जुमा गरेको वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक प्रगति विवरण प्रकाशन हुनु सकारात्मक पक्षको रुपमा रहेको छ ।

**ख) समस्या तथा चुनौती**

गाउँपालिकामा योजना तर्जुमाका लागि क्षमता विकास नहुनु, विषयक्षेत्रगत रणनीतिगत गुरुयोजना नबन्नु, वार्षिक योजना तर्जुमा प्रणालीबारे सबैलाई जानकारी नहुनु, उपभोक्ता समितिको क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन नहुनु मूख्य समस्याको रुपमा रहेको देखिन्छ ।

**ग) उद्धेश्य**

गाउँपालिकाको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रणाली समावेशीमूलक र नतिजामूलक भएको हुने ।

## घ) सूचक तथा लक्ष परिमाण

**तालिका ३८: योजना व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधारवर्ष (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| प्रति व्यक्ति बार्षिक बजेट लगानी (रु.हजारमा) | रु. | १३,८९० | २०,००० | ३०,००० |
| लक्षित वर्ग, सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभान्वित विपन्न र पिछडिएको वर्ग | प्रतिशत | ३० % | ५०% | ७५% |
| गाउँपालिकामा उपलब्ध प्राविधिक मानव संशाधन | संख्या | ७१% | १०० % | १०० % |
| गाउँपालिकामा क्रियाशिल गैसस, अगैसस, विकास साझेदार | संख्या | ६ | १० | १५ |

## ङ) रणनीति/ कार्यनीति

***योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण गर्ने***

- योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

***योजना तर्जुमा प्रक्रियामा सहभागिता सुनिश्चित गर्ने***

- स्थानीय सरोकारबालाहरुको सहभागितामा आवधिक गाउँ बिकास योजना तर्जुमा गरी निश्चित अवधि भित्र कार्यान्वयन हुने योजनाहरुको खाका तयार पारिनेछ ।
- मध्यमकालीन खर्च संरचनाका तयार पारी सोको आधारमा वार्षिक कार्यक्रम बिकास गरिनेछ ।
- आवधिक गाउँ बिकास योजना, मध्यकालीन खर्च संरचना र बार्षिक योजना बीच घनिष्ट अन्तर सम्बन्ध स्थापित गरिनेछ र आवधिक योजनाले लिएका लक्ष्य, उद्धेश्य । रणनीतिको प्रभावकारी कार्यान्वयन बार्षिक योजनाको माध्यमबाट गरिनेछ ।
- आवश्यकताका आधारमा दीर्घकालीन सोचलाई आधार मानी सवै सरोकारबालाहरुको वृहत सहभागितामा विषयगत क्षेत्रका गुरुयोजनाहरु बनाई बनाइनेछ ।
- सबै खाले योजना तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्दा विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिने र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।
- बहुबर्षीय योजना छुट्याई बजेट सुनिश्चित गर्ने परिपाटी अबलम्बन गरिने छ ।
- जटिल प्रकृतिका योजनाहरुलाई ठेक्काप्रथाबाट संचालन गरिने छ ।
- उपभोक्ता समितिमा लक्षित वर्गहरुको सहभागितालाई अर्थपूर्ण गराउन प्रोत्साहन गरिनेछ ।

***योजना कार्यान्वयनमा प्रभावकारीता बृद्धि गर्ने***

- गाउँपालिकाका आयोजनाहरुको लागत अनुमान स्वीकृती र सम्भाव्यता अनुमान सहित आयोजना बैंकमा समावेश गर्दै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।
- गाउँसभाबाट स्वीकृत योजनाको कार्यान्वयन योजना (Calender या Operation) अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई जिम्मेबारी तालिका समेत तोकी कार्यान्वयनमा ल्याइनेछ ।
- योजनाहरु कार्यान्वयनमा उपभोक्ता समूहको लागत सहभागितामा सम्पन्न गर्दै आयोजनको मर्मत सम्भार र दीगोपनमा अपनत्व श्रृजना गराइनेछ ।
- आयोजनाको प्रभावकारी अनुगमन तथा मूल्यांकनका लागि लैङ्गिक तथा समावेशी संयन्त्र एवं बिषयक्षेत्रगत सूचक निर्धारण र बिकास गरी सूचकका आधारमा नियमित अनुगमन गरिनेछ ।
- उपभोक्ता समितिमा महिलाहरुको सहभागितालाई अर्थपूर्ण गराउन योजना तर्जुमा सम्बन्धी क्षमता बिकास मार्फत सशक्तीकरण गरिनेछ ।

## च) प्रमुख कार्यक्रम

- कृषि गुरु योजना तथा सडक गुरु योजना तर्जुमा ।
- योजना कार्यान्वयन क्षमता विकास कार्यक्रम ।
- वार्षिक योजना तर्जुमा अभिमुखिकरण कार्यक्रम ।

# परिच्छेद १०

# वित्तीय व्यवस्थापन योजना

## १०.१ विषय प्रवेश

यस आवधिक गाउँ बिकास योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न वित्तीय व्यवस्थापनले उल्लेखनीय भूमिका निर्वाह गर्दछ । यसको अभाव, अपुग एवं निर्धारित समय भित्र उपलब्ध हुन नसकेमा तर्जुमा गरिएका उद्देश्य, नीति एवं कार्यक्रमहरुले मूर्तरुप लिन सक्दैन । यसर्थ, दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आन्तरिक स्रोत-साधन, संघ, प्रदेश बाट प्राप्त हुनसक्ने वित्तीय हस्तान्तरण, सशर्त अनुदान तथा राजश्व बांडफांड लगायत अन्य बाह्य स्रोतबाट प्राप्त हुने रकम समेतको अधिकतम उपयोग गरी आवधिक योजनाद्वारा अपेक्षित लक्ष्य वा प्रभाव तहको नतिजा, उद्देश्य वा असर तहको नतिजा र वार्षिक रुपमा प्राप्त गर्ने प्रतिफल तहको नतिजाहरु हासिल गर्नका लागि नतिजा उन्मुख वित्तीय व्यवस्थापन गरिनु आवश्यक हुन्छ ।

## १०.२ वर्तमान अवस्था

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वार्षिक आन्तरिक आय आर्थिक वर्ष २०७६/७७ को लागि रु ८ लाख ४३ हुने अनुमान गरिएको छ । आन्तरिक श्रोत संकलन एवं त्यसको परिचालनवाट यस गाउँपालिकाले खासै उल्लेखनीय बिकास कार्य गर्न सक्ने अवस्थामा छैन तापनि प्राकृतिक श्रोतहरुको सही सदुपयोग गर्न सकेको खण्डमा आन्तरिक श्रोतहरु संकलन हुन सक्ने संभावनाहरु प्रवल रहेको छ । विद्यमान अवस्थामा संघ र प्रदेश सरकारवाट प्राप्त अनुदान सहयोगवाट मात्र यस गाउँपालिकाले बिकास कार्यहरु संचालन हुन सक्छ । आर्थिक वर्ष २०७६/७७ का लागि ४० करोड ६५ लाख ८८ हजारको बजेट अनुमान रहेकोमा समानीकरण अनुदान करीव २१.१० प्रतिशत, सशर्त अनुदान ३७.५१ प्रतिशत, राजस्व वाँडफाडवाट करीव १५.८५ प्रतिशत अनुमान गरिएको छ ।

## १०.३ अवसर तथा चुनौतीहरु

गाउँपालिकाको विद्यमान आर्थिक तथा सामाजिक स्थितिका सूचकहरु कमजोर रहेकाले आगामी वर्षहरूका वित्तीय व्यवस्थापन गर्न चुनौतीपूर्ण हुने देखिन्छ । बढ्दो जनअपेक्षाको तुलनामा गाउँपालिकाको न्यून श्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुने देखिन्छ । गाउँपालिकाको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले सहज पहुँच पुऱ्याउनका लागि आवश्यक पर्ने पूँजीगत लगानी लगायतको कार्यक्रम खर्च र सामाजिक सुरक्षा तथा चालु खर्च गरी कुल व्ययको व्यवस्थापन गर्नुपर्ने हुन आउँछ । यसैगरी उपलब्ध श्रोत साधनको ठूलो अंश उपभोगमा (चालु) खर्च गर्नुपर्ने बाध्यताले बिकास कार्यका लागि थोरै मात्र खर्च गर्न सकिने अवस्था विद्यमान रहेको छ ।

संघीयताको कार्यान्वयनको क्रममा स्थानीय सरकार सञ्चालन ऐन र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐनले गाउँपालिकालाई आन्तरिक राजस्व र संघ तथा प्रदेशबाट प्राप्त हुने गरी थप श्रोत तथा साधनहरू जुटाउन सक्ने कानुनी अवसरहरू प्राप्त भएको छ । यसैगरी स्थानीय स्तरमा निजी, सहकारी, गैरसरकारी क्षेत्र र नागरिक समाजको सहकार्यमा पूरक वित्तीय श्रोतहरू जुटाउन सक्ने थप अवसरहरूसमेत विद्यमान रहेका छन् ।

प्रविधिमैत्री राजश्व प्रशासन तथा प्रभावकारी बित्तीय व्यवस्थापनको माध्यमबाट आन्तरिक र बाह्य श्रोतको उच्चतम परिचालन गर्दै वित्तीय सुशासन प्रत्याभूत गर्न सकिने विश्वास लिईएको छ ।

## १०.४ वित्तीय श्रोत परिचालन रणनीति

- कर तथा गैरकर राजस्वको विद्यमान संरचनाको पुनरावलोकन गरी राजस्वको नयाँ संभावनाहरूको पहिचान गर्दै दायरा वृद्धि सहित राजश्वका आधारलाई विस्तार गरिनेछ ।

- राजस्व प्रशासनलाई प्रक्रियागत सरलीकरण गरी करदाताहरूलाई सहज हुने गरी गाउँपालिकाको कर प्रशासनलाई प्रविधि उन्मुख एवं करदातामैत्री बनाइनेछ ।

### १०.५ वजेट खर्च रणनीति

- गाउँपालिकाको बजेट निर्माण गर्दा आवधिक योजनाको लक्ष्य, उद्देश्य, मध्यमकालीन खर्च संरचना, प्रदेश र केन्द्र सरकारबाट प्राप्त मार्गदर्शन एवं गाउँकार्यपालिकाले तोकेको प्राथमिकताको आधारमा वित्तीय श्रोतहरूको व्यवस्था गरिनेछ ।
- बिकास कार्यक्रमहरूमा सार्वजनिक, निजी, सहकारी, गैरसरकारी, साझेदारी, उपभोक्ता एवं सामुदायिकको सहभागिता सुनिश्चित गरिनेछ
- गाउँपालिकाको कार्यक्रमहरू सार्वजनिक खरिद ऐन, आर्थिक कार्यविधि ऐन, सार्वजजिक निजी साझेदारी नीति अनुसार कार्यान्वयन गरिनेछ ।

### १०.६ आय प्रक्षेपण

आवधिक गाउँ बिकास योजना कार्यान्वयनका लागि लगानी योजना तर्जुमा गर्दा गाउँपालिकाको आन्तरिक श्रोत, अन्तरसरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड, ऋण परिचालन, गैसस तथा समुदायमा आधारित सस्था र समुदाय एवं निजी क्षेत्र, प्रदेश सरकार तथा संघीय सरकारबाट विशेष तथा समपूरक अनुदान लगानी समेतको आधारमा प्रक्षेपण गरिन्छ । यस आवधिक गाउँ बिकास योजनाको लागि श्रोत अनुमान गर्दा संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, राजश्व वांडफांड र गाउँपालिकाको आन्तरिक श्रोतलाई मात्र समावेश गरिएको छ । यसमा संघ तथा प्रदेश सरकारबाट उपलब्ध गराइने विशेष अनुदानहरु, स्थानीय सरकार मार्फत परिचालन हुन सक्ने ऋण, अन्तराष्ट्रिय/गैसस, समुदायमा आधारित सस्था र समुदायको लागत सहभागिता एवं निजी क्षेत्रबाट परिचालन हुने रकम समावेस गरिएको छैन ।

यस आधारमा गाउँपालिकाको आगामी ५ आ.व.का लागि आय अनुमान गर्दा चालु आ.व. २०७५।०७६ लाई आधार वर्ष मानी चालु आ.व.का लागि स्वीकृत आय अनुमानका शिर्षकहरु मध्ये अन्तर सरकारी बित्त हस्तान्तरण अन्तर्गत संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण र राजश्व वांडफांड, सशर्त अनुदान १५ प्रतिशतले वृद्धि अनुमान प्रस्ताव गरिएको छ भने आन्तरिक आयमा वार्षिक ५० प्रतिशतका दरले वृद्धि अनुमान गरिएको छ । यस हिसाववाट हेर्दा ५ वर्ष भरीको कूल अनुमानित आय रु. ३ अर्व १३ करोड २ लाख हुने अनुमान गरिएको छ ।

प्रक्षेपण अनुसार ५ वर्षको कूल आय रु. ३ अर्व १३ करोड २ लाख ९५ हजार अनुमान गरिएको छ । चालु आव २०७५/७६ मा रु ४० करोड ६५ लाख ८८ हजार रहेकोमा आव २०७६/७७ मा रु. ४३ करोड ८२ लाख ८३ हजार श्रोत परिचालन हुने अनुमान गरिएको छ । त्यसैगरी आव २०७७/७८ मा रु ५० करोड ४४ लाख ६९ हजार आय हुने अनुमान गरिएको छ भने आव २०८०/८१ मा रु ६५ करोड ७० लाख ३० हजार राजश्व परिचालन हुने अनुमान रहेको छ । यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ३९: प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट**

| बजेटका श्रोतहरु | आर्थिक वर्ष (रु हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | कूल |
| आन्तरिक आय : वार्षिक | १२,६४ | १८,९६ | २५,२९ | २,८४५ | ३,७९३ | **१,३१,७१** |
| राजस्व वाँडफाँड : संघीय सरकार | ६,८६,७१ | ९०,८१७ | ९०,८१७ | १०,४४,४० | १२,०१,०६ | **५२,२७,२०** |
| राजस्व वाँडफाँडः प्रदेश सरकार | ५,४६२ | ६२,८१ | ७२,२४ | ८३,०७ | ९५,५३ | **४,१५,८०** |
| वित्तीय समानीकरण : संघीय सरकार | ९,४८,२९ | १०,९०,५३ | १२,५४,११ | १४,४२,२३ | १६,५८,५६ | **७२,१८,३३** |

| बजेटका श्रोतहरु | आर्थिक वर्ष (रु हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | कूल |
| वित्तीय समानीकरण : प्रदेश सरकार | ३८,२४ | ४३,९८ | ५०,५८ | ५८,१७ | ६६,८९ | **२,९१,१४** |
| सर्शत अनुदान : संघीय सरकारवाट | १७,५३,६६ | २०,१६,७१ | २०,१६,७१ | २३,१९,२२ | २३,१९,२२ | **१,१९,५०,४९** |
| सामाजिक सुरक्षा सहित अन्य आय | ८,८८,४९ | ९,०३,५३ | १०,२९,२६ | ११,७६,३५ | ११,९१,११ | **६०,६८,२८** |
| **जम्मा** | **४३,८२,८३** | **५०,४४,६९** | **५३,५६,३६** | **६१,५१,८९** | **६५,७०,३०** | **३,१३,०२,९५** |

## १०.७ व्यय प्रक्षेपण

कूल आय अनुमान रु. ३ अर्व १३ करोड २ लाख ९५ हजार मध्ये गाउँपालिकाको नियमित प्रशासनिक खर्च रु २५ करोड (५ वर्षका लागि हुने खर्च), सामाजिक सुरक्षाका लागि प्राप्त हुने सत प्रतिशत रकम र शिक्षा, स्वास्थ्य र कृषि जस्ता बिषयगत क्षेत्र तथा कुल सशर्त अनुदानको करिव ७० प्रतिशत रकमले बिकास तर्फको चालु खर्च हुने रकम रु १ अर्व १५ करोड भएकोले आवधिक गाउँ बिकास योजना अवधिमा गाउँपालिकाको रु.१ अर्व ४० करोड ४४.७२ प्रतिशत) चालु खर्च गर्नुपर्ने देखिन्छ भने पूजिगत तर्फ रु.१ अर्व ७३ करोड २ लाख (५५.२७) मात्र पूंजिगत खर्च गर्न सकिने अवस्था देखिन्छ ।

आवधिक गाउँ बिकास योजना तर्जुमा कार्यशालाको क्रममा निर्धारण गरिएको आवधिक लक्ष्य (न्यबी) अर्थात प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य (इदवभअतष्खभक) अर्थात असर तहको नतिजा र बिषय क्षेत्र तथा उपक्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हासिल प्रस्ताव गरिएका मुख्य मुख्य कार्यक्रमहरु अन्तर्गत आर्थिक क्षेत्र बिकास तर्फ रु. १ अर्व १२ करोड २४ लाख, सामाजिक क्षेत्र बिकास तर्फ रु २ अर्व १२ करोड ३२ लाख, पूर्वाधार क्षेत्र बिकास तर्फ रु. ६ अर्व ५६ करोड ४७ लाख, बन, वातावरण तथा विपद व्यवस्थापन तर्फ रु.४३ करोड ५८ लाख र सुशासन तथा संस्थागत बिकास तर्फ रु. ५ करोड ९५ लाख गरी कूल रु. १० अर्व ३० करोड ५६ लाख खर्च आवश्यक देखिन्छ ।

आवधिक गाउँ बिकास योजना अवधिमा गाउँपालिकाले पूँजीगत तर्फको खर्च क्षमता रु.१ अर्व ७३ करोड २ लाख मात्र रहेको छ । आवधिक योजनाले लिएको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तीका लागि १० अर्व ३० करोड ५६ लाख खर्च आवश्यक देखिन्छ । यसरी खर्च क्षमता र आवश्यक रकम बीच रु ८ अर्व ५७ करोड ५३ लाख अर्थात कूल आय अनुमानको ८३.२१ प्रतिशत रकम अपुग हुने देखिन्छ ।

यसका अतिरिक्त देहाय बमोजिमको गाउँ गौरवको आयोजनाहरुका लागि आवश्यक श्रोत यसमा समावेस गरिएको छैन । यसका लागि गाउँपालिकाले संघ, प्रदेश तथा अन्य दातृ निकाय, निजी क्षेत्र परिचालन वा ऋण परिचालन जस्ता श्रोत परिचालनको माध्यमबाट कार्यान्वयन गर्ने रणनीति अवलम्बन गरिनेछ ।

### तालिका ४०: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट

| विषय क्षेत्र | कुल अनुमानित लागत रु. | प्रतिशत |
|---|---|---|
| **१. आर्थिक विकास** | **१,१२,२४,३१,०००।००** | **१०.८९** |
| कृषि विकास | ११०,०८१,०००।०० | १.०७ |
| सिंचाई | २२०,०००,०००।०० | २.१३ |
| पशु विकास | २८,५००,०००।०० | ०.२८ |
| उद्यम तथा व्यवसाय | ४३२,७००,०००।०० | ४.२० |
| पर्यटन विकास | २८१,०००,०००।०० | २.७३ |
| बैंक तथा वित्तीय संस्था | ५०,१५०,०००।०० | ०.४९ |
| **२. सामाजिक विकास** | **२,१२,३२,२०,०००।००** | **२०.६०** |
| शिक्षा | १,२०३,६५०,०००।०० | ११.६८ |
| स्वास्थ्य | २२६,६२०,०००।०० | २.२० |

| विषय क्षेत्र | कुल अनुमानित लागत रु. | प्रतिशत |
|---|---|---|
| खानेपानी तथा सरसफाई | १४२,०००,०००।०० | १.३८ |
| लक्षित वर्ग तथा समावेशीकरण | १९,३५०,०००।०० | ०.१९ |
| युवा तथा खेलकूद | १९,५००,०००।०० | ०.१९ |
| कला संस्कृति | ५१२,१००,०००।०० | ४.९७ |
| **३. पूर्वाधार विकास** | **६,५६,४७,००,०००।००** | **६३.७०** |
| सडक तथा यातायात | ५,७९७,५००,०००।०० | ५.।२६ |
| आवास तथा वस्ती | ५७३,३००,०००।०० | ५.५६ |
| विद्युत तथा बैकल्पिक उर्जा | १४६,४००,०००।०० | १.४२ |
| सूचना तथा संचार | ४७,५००,०००।०० | ०.४६ |
| **४.वन, वातावरण तथा विपद व्यवस्थापन** | **४३,५८,००,०००।००** | **४.२३** |
| वन तथा जैविक विविधता | ११४,५००,०००।०० | १.११ |
| जलाधार तथा भूमि संरक्षण | १८८,५००,०००।०० | १.८३ |
| वातावरण तथा स्वच्छता | ५९,०००,०००।०० | ०.५७ |
| विपद व्यवस्थापन | ७३,८००,०००।०० | ०.७२ |
| **५. सुशासन तथा संस्थागत विकास** | **५,९५,००,०००।००** | **०.५८** |
| ऐन, नियम तथा कार्यविधि र जवाफदेहिता | १२,०००,०००।०० | ०.१२ |
| संस्थागत तथा मानव संसाधन क्षमता | ४०,०००,०००।०० | ०.३९ |
| श्रोत परिचालन | ४,०००,०००।०० | ०.०४ |
| योजना व्यवस्थापन | ३,५००,०००।०० | ०.०३ |
| **कुल बजेट** | **१०,३०,५६,५१,०००।००** | **१००.००** |

## तालिका ४१ : स्थानीय गौरवका आयोजनाको अनुमानित वजेट रकम

| आयोजनाको नाम | कुल अनुमानित लागत (रु. हजार) |
|---|---|
| १. घिप्लुङ झरना पर्यटकीय क्षेत्र आयोजना | १००००० |
| २. भुर्चुङमा डाँडा पाराग्लाइडिङ आयोजना | ५०००० |
| ३. कृषि तथा पशु विकास पकेट आयोजना | १५०००० |
| ४. टुवा खोला देखि तावा खोला सडक कालोपत्रे आयोजना | १०००००० |
| ५. पञ्चमी दुघिले भंज्याङ पुर्मा खोला सडक स्तरोन्नती | ५०००० |
| ६. रेग्मीटार देखि लिलिमा रात्माटा सढक स्तरोन्नती | १००००० |
| ७. तावा, घिप्लुङ, टेम्वा, याम्खा, डाडागाउँ हुदै छोरम्वु सिंचाई आयोजना | ५००००० |
| ८. साप्सु मुहान भई - वुल्कु, वडारे, पन्थे, कटहरे हुदै जगनटार सम्म सिंचाई आयोजना | १००००० |
| ९. टुवाखोला मुहान भई छितापोखरी, वातिखुम झातिके, पुवारगाउँ, मानदत्ता, इजारा, वालिङखा, मुलवारी सिंचाई आयोजना | ६०००० |
| **जम्मा** | **२११००००** |

# परिच्छेद ११
# कार्यान्वयन योजना

## ११.१ आवधिक योजना कार्यान्वयन

आवधिक योजना मध्यकालीन खर्च संरचनामा आधारित भई वार्षिक योजना तथा बजेट तर्जुमा गरी कार्यान्वयन गरिने छ । यसरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषयक्षेत्रगत उद्धेश्य तथा कार्यक्रमलाई आधार लिईने छ ।

आवधिक योजनाको स्वीकृति पछि गाउँ कार्यपालिकाले सवै विषयगत समिति एवं शाखा र सवै वडा कार्यालयहरुलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमा प्रयोजनका लागि पठाईनेछ । अनुमानित वजेट एवं योजना तर्जुमा मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया मार्फत वार्षिक योजनाको तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गरिने छ ।

वार्षिक रुपमा तर्जुमा गरिने कार्यक्रम तथा आयोजनाको एकीकृत योजना तथा बजेट तर्जुमाको ढाँचा ***अनुसूची १*** मा दिईएको छ ।

## ११.२ मार्गदर्शन तयारी

आवधिक योजनाको कार्यान्वयनका लागि संघ, प्रदेशबाट प्राप्त मार्गदर्शन, आवधिक योजनाले लिएका नीति, रणनीति, वार्षिक वजेट, नीति तथा कार्यक्रममा उल्लेखित विभिन्न विषय क्षेत्रगत नीति, रणनीति अनुसार कार्यक्रमहरुको संचालन/कार्यान्वयन गरिने छ। ऐनमा व्यवस्था भए अनुसार बजेट पूर्वानुमान र मार्गदर्शन निर्धारण समितिबाट कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन हुनु पूर्व सम्वन्धित पक्षलाई मार्गदर्शन तथा आवश्यकता अनुसार बजेट पूर्वानुमान समेत प्रदान गरिने छ ।

## ११.३ कार्यान्वयन विधिको छनोट

आवधिक योजनाले परिलक्षित गरेको लक्ष तथा उद्धेश्य प्राप्तिका लागि तर्जुमा गरिएका कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन वार्षिक वजेट मार्फत नै कार्यान्वयन गरिने हुँदा स्थापित विधि तथा सार्वजनिक खरिद ऐनको परिधिभित्र रही ठेक्कापट्टा, उपभोक्ता समिति, करार वा अमानत, गैरसरकारी संस्थासँगको साझेदारी मध्ये कार्यक्रमको प्रकृति हेरी कुनै प्रक्रिया अवलम्बन गर्न सकिने छ । यसरी स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन कार्ययोजना निर्माण गर्दा समष्टिगत लक्ष, विषयक्षेत्रगत उद्धेश्य एवं उपलब्धि सूचकसमेत उल्लेख गरी सोको उपलव्धिले पुर्‍याउन सक्ने योगदान समेत निर्धारण गरिने छ । गाउँपालिकाले सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचक बमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली स्थापना गरिने छ ।

योजना कार्यान्वयनमा सम्बन्धित निकाय र व्यक्तिलाई दिईने कार्य जिम्मेवारी सहित विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्य योजनासमेत तर्जुमा गर्नेछ। कार्यान्वयन गर्ने सबै निकायबाट ***अनुसूची २*** बमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि गाउँपालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नेछ ।

## ११.४ अख्तियारी

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि वार्षिक कार्यक्रम र बजेट गाउँसभाबाट पारित भएपछि अध्यक्षले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्दछ । प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई चौमासिक विभाजनसहितको कार्यक्रम माग गर्नुपर्नेछ । उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रमअनुसार आवश्यक परिमार्जनसहित स्वीकृत वार्षिक कार्यक्रम

कार्यान्वयनका लागि मार्गदर्शनसहित प्रमुखबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ ।

## ११.५ अनुगमनको प्रतिवेदन र समीक्षा

गाउँसभाबाट स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन योजना वनाईसकेपछि संचालन गरिने क्रियाकलापहरूको आधारमा अनुगमन योजना समेत बनाई उपाध्यक्षको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ । यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन नियमित रुपमा प्राप्त गर्ने परिपाटी निर्माण गरिने छ । उपाध्यक्षको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन गाउँ कार्यपालिकाको नियमित बैठकमा छलफल गरी योजनाको अनुगमन तथा कार्यालयको समष्टि भौतिक र वित्तीय प्रगति एवं समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा गरिने छ ।

# परिच्छेद १२
# अनुगमन तथा मूल्याङ्कन योजना

## १२.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्रको समग्र विकासका लागि निर्धारित लक्ष, उद्धेश्य तथा अपेक्षित प्रतिफलहरु प्राप्तिमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीले महवपूर्ण भूमिका निर्वाह गर्दछ । आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन अनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ भएको प्रगति सुनिश्चित गर्नुपर्ने देखिन्छ । कार्यान्वयनका दौरान आईपर्ने समस्याहरुको समस्या समाधान एवं गरिएको लगानी तथा साधनको प्रवाह आशातित ढंगबाट भए नभएको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । तसर्थ गाउँपालिकाले आवधिक गाउँ विकास योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने एवं सोका लागि वार्षिक योजना कार्यान्वयन तालिका समेत तयार गर्नेछ । यसरी तयार भएको कार्यान्वयन तालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरूसमेत निर्दिष्ट गर्ने एवं सो अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनेछ ।

## १२.२ वर्तमान अवस्था

गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक वजेटको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी प्राथमिकतामा खासै परेको देखिएको छैन । अनुगमन कार्यलाई सामान्य स्थलगत निरीक्षण एवं वजेट खर्चसंगको तादात्म्यतासंग मात्र जोडेर हेर्ने गरेको पाइन्छ । केही योजना तथा कार्यक्रमहरुको हकमा प्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा अनुगमन हुने गरेको एवं चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ । तथापी स्पष्ट ढंगले कार्यतालिका तयार गरी सूचकहरूको आधारमा अनुगमन हुने गरेको भने देखिँदैन । अनुगमन तथा मूल्याङ्कन कार्य योजना चक्र व्यवस्थापनमा महत्वपूर्ण कार्यको रूपमा ग्रहण गर्ने तथा यसका लागि बजेट विनियोजन समेत हुने गरेको परिस्थिति विद्यमान छ ।

## १२.३ अवसर र चुनौती

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम उपाध्यक्षको संयोजकत्वमा अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ, जस अनुसार यस गाउँपालिकामा समेत उपाध्यक्षको अध्यक्षतामा अनुगमन समितिको गठन भएको देखिन्छ । त्यस्तै, ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमन सम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

गाउँपालिकाको संस्थागत संरचना तथा मानव संसाधनको विकास पर्याप्त भइनसकेको वर्तमान अवस्थामा नियमित अनुगमन प्रभावकारी हुन सकिरहेको छैन । अनुगमनसम्बन्धी संयन्त्रहरू क्रियाशील नहुनु तथा गाउँपालिकाका विभिन्न विषयगत कार्य जिम्मेवारीहरू अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, चुनौतीको रूपमा रहेको छ । कार्यक्रम अनुसार आयोजना चक्रको प्रत्येक चरणमा अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन प्रभावकारी अनुगमन प्रणाली स्थापित हुन आवश्यक देखिन्छ ।

## १२.४ उद्देश्य

आवधिक योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत भएको हुने ।

## १२.५ रणनीति

- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ।
- आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ।
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ ।
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने तथा नियमित बैठकमा छलफल गरी देखिएका समस्या समाधान गरिनेछ ।
- प्राप्त अनुगमन प्रतिवेदन अनुगमन समितिमा र चौमासिक र बार्षिक प्रतिवेदन को चौमासिक र बार्षिक समीक्षा नियमितरुपमा गापामा सबै सरोकारवालाको संलग्नतामा  गरिने छ र तत्काल समस्याको समधान गरी योजना समयमानै सम्पन्न गर्न तदारुखता लिइनेछ।
- चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ ।
- योजना को आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकाय मा तोकिएको समयमा पठाइने छ। यस्का लागि संघ र प्रदेश संग समन्वय गरी कम्प्युटरमा आधारित एकिकृत सुचना प्रणालीका फर्म्याट विकास गरि आबद्ध गरिने छ।
- आवधिकविकास योजना को मध्यावधि तेस्रो वर्षमा र अन्तिम मुल्ल्यांकन आवधिक योजना समाप्ति पछि गरिने छ
- अनुगमनको प्रतिवेदन गाउँपालिकाको वेबसाइटमा राखी सार्वजनिक गरिनेछ ।

## १२.६ कार्यक्रम

- संस्थागत संयन्त्रका स्थापना र क्षमता विकास कार्यक्रम ।
- अनुगमन कार्यान्वयन कार्यक्रम ।

## १२.७ अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवार निकाय

आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउ कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्यांकनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेकाछन् :

- गाउँ कार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक योजनाको अनुगमन तथा मूल्यांकनका साधन तथा विधि देहायअनुसार रहनेछ ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना (लक्ष्य) र प्रगति वीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समीक्षा ।
- सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) ।

आवधिक योजनाको अनुमान तथा मूल्यांकन प्रक्रिया देहाय वमोजिम हुनेछ ।

**तालिका ४२: आवधिक योजनाको अनुमगन तथा मूल्यांकन प्रक्रिया**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | स्थलगत अनुगमन गर्ने,<br>चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, |
| प्रतिफल अनुगमन | गाउँकार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने,<br>बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | सहभागितामूलक छलफल गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>नमूना सर्वेक्षण गर्ने, |
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>सहभागितामूलक छलफल गर्ने,<br>अध्ययन तथा सर्वेक्षण गर्ने, |

## अनुसूची १: एकीकृत वार्षिक योजना तर्जुमाको ढाँचा

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| आर्थिक विकास | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| वातावरण तथा विपद व्यवस्थापन | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| संस्थागत विकास तथा सुशासन | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसूची २: विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम

| विषयगत शाखा/शाखा उपशाखा/निकाय/संस्थाको नाम/वडा नं : | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | प्रमुख कार्यक्रम | मूख्य क्रियाकलापहरू | इकाइ | वार्षिक लक्ष्य | वार्षिक बजेट | प्रमुख जिम्मेवार पदाधिकारी | सहयोगी निकाय शाखा | सम्पन्न गर्ने समयावधि | आवधिक योजना कार्यक्रम संकेत नं | कैफियत |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |
| १३ | | | | | | | | | | |
| १४ | | | | | | | | | | |
| | **जम्मा कार्यक्रम खर्च** | | | | | | | | | |
| | **जम्मा चालु खर्च** | | | | | | | | | |
| | **कूल जम्मा** | | | | | | | | | |

**अनुसूची ३: आवधिक विकास योजना तर्जुमा कार्यमा संलग्न विषयगत समितिको विवरण**

| क.सं. | समितिको नाम | सदस्यको नाम र थर |
|---|---|---|
| क. | **समष्टिगत** | १. भूपेन्द्र राई (अध्यक्ष - संयोजक)<br>२. सपना राई (उपाध्यक्ष)<br>३. दिपक पाण्डे (नेकपा)<br>४. बसन्त राई (नेका)<br>५. नरेन्द्र राई<br>६. केशवराज कार्की<br>७. हरि नारायण राई<br>८. इन्द्र कुमारी भुजेल राई<br>९. भूपराज कटुवाल<br>१०. बुद्धमाया बि.क.<br>११. भीम प्रसाद दाहाल (प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव) |
| ख. | **आर्थिक विकास**<br>थप सदस्यहरु:<br>• उद्योग, व्यापार, व्यवसायमा संलग्न व्यक्तिहरु, कृषक समूह, सहकारी, बैंक, वित्तीय संस्था, सहकारीका प्रतिनिधिहरु, कृषि, पशु सेवा विषयमा विशेष दक्षता हासिल गरेका व्यक्तिहरु | १. इन्द्र बहादुर बस्नेत (संयोजक)<br>२. चन्द्रकला राई<br>३. नारायण प्रसाद श्रेष्ठ<br>४. भिम बहादुर राउत<br>५. सुवास खड्का<br>६. युवराज तामाङ<br>७. जय प्रकाश राई<br>८. रमा बि.क.<br>९. मात्रिका प्रसाद डाँगी (सदस्य सचिव) |
| ग. | **सामाजिक विकास**<br>थप सदस्यहरु:<br>• शैक्षिक विकासका लागि क्रियाशील संस्थाका प्रतिनिधिहरु, स्वास्थ्य संस्थाका प्रतिनिधिहरु, खानेपानी तथा सरसफाईका प्रतिनिधिहरु, वालवालिका, युवा तथा महिला संजाल एवं दलित, अल्पसंख्यक, आदिवासी जनजाती संघ संस्थाका प्रतिनिधिहरु, कला, भाषा र संस्कृतिको जगेर्नामा संलग्न व्यक्तिहरु, विभिन्न सामाजिक संस्था एवं गैससका प्रतिनिधिहरु | १. केशव कुमार खड्का<br>२. पवन राई<br>३. सरिता आङ्देम्बे (अनुपस्थित)<br>४. शरण राई<br>५. उद्धव कुमारी राई<br>६. राजेन्द्र राई<br>७. ओमसरा राई (सदस्य सचिव) (अनुपस्थित) |
| घ. | **पूर्वाधार विकास**<br>थप सदस्यहरु:<br>• गाउँपालिका क्षेत्रमा भौतिक निर्माणमा संलग्न संस्थाका प्रतिनिधिहरु, निर्माण व्यवसायीहरु, सूचना तथा संचार प्रविधिमा संलग्न व्यक्तिहरु, विद्युत तथा वैकल्पिक उर्जा प्रवर्द्धनमा संलग्न प्रतिनिधिहरु | १. पूर्ण बहादुर खड्का (संयोजक)<br>२. सत्यवती राई<br>३. ज्ञान बहादुर माझी<br>४. गन्धमान थापा मगर<br>५. तुलस राई<br>६. रमेश खड्का<br>७. बिन्द्र बहादुर राई<br>८. धन कुमारी राई<br>९. मुकेश कुमार यादव (इन्जिनियर - सदस्य सचिव) |
| ङ. | **वन, वातावरण तथा विपद् व्यवस्थापन**<br>थप सदस्यहरु:<br>• सामुदायिक वन, कबुलियती वन एवं वन उपभोक्ता महासंघका प्रतिनिधिहरु, भूमि व्यवस्था | १. शमशेर बहादुर कार्की (संयोजक)<br>२. सिता राई<br>३. विरेन्द्र राय<br>४. अमृत खड्का |


| क.सं. | समितिको नाम | सदस्यको नाम र थर |
|---|---|---|
| | तथा जलाधार संरक्षणमा क्रियाशील संघ संस्थाका प्रतिनिधि, वन सम्पदा, वन्यजन्तु संरक्षण तथा जैविक विविधता प्रवर्द्धनमा संलग्न व्यक्तिहरु, विपद व्यवस्थापनमा संलग्न संघ संस्थाका प्रतिनिधिहरु (सुरक्षाकर्मी, एम्बुलेन्स सेवा, रेडक्रस लगायत) | ५. राजन खड्का<br>६. शान्ता राई (सदस्य सचिव) |
| **च.** | **सुशासन तथा संस्थागत विकास**<br>थप सदस्यहरुः<br>• ऐन, कानुन तथा नीति नियम तर्जुमा कार्यमा अनुभवी व्यक्तिहरु, पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धिमा क्रियाशील संघ संस्थाका प्रतिनिधिहरु, राजस्व तथा वित्तीय श्रोत परिचालनमा अनुभवसिद्ध व्यक्तित्वहरु | १. अमृत गिरी<br>२. हरि बहादुर क्षेत्री<br>३. लक्ष्मी कुमार थापा<br>४. ललित जंग थापा मगर<br>५. सुमन खड्का<br>६. यजमान राई<br>७. धनुका राई<br>८. मणिचन्द्र राई (सदस्य सचिव) |

## अनुसूची ४: आवधिक विकास योजना तर्जुमा गोष्ठीका सहभागीको विवरण

| क्र.सं. | नाम | पद | निकाय |
|---|---|---|---|
| १ | भुपेन्द्र राई | अध्यक्ष | गाउँपालिका |
| २ | माननिय रामकुमार राई | सभासद | संसद (प्रमुख अतिथि) |
| ३ | सपना राई | उपाध्यक्ष | गाउँपालिका |
| ४ | भीम प्रसाद दहाल | प्रमुख प्रशासकिय अधिकृत | गाउँकार्यपालिका |
| ५ | सम्सेर ब. कार्की | वडा अध्यक्ष | गाउँपालिका |
| ६ | भीम ब. खत्री | वडा अध्यक्ष | गाउँपालिका |
| ७ | इन्द्र ब. बस्नेत | वडा अध्यक्ष | गाउँपालिका |
| ८ | लोकेन्द्र राई | वडा अध्यक्ष | गाउँपालिका |
| ९ | पूर्ण ब. खडका | वडा अध्यक्ष | गाउँपालिका |
| १० | मिलन राई | वडा अध्यक्ष | गाउँपालिका |
| ११ | धन बहादुर थापा | वडा अध्यक्ष | गाउँपालिका |
| १२ | भगवती प्रधान | वडा सदस्य | जिल्ला समन्वय समिति |
| १३ | सत्यवती राई | वडा सदस्य | गाउँपालिका |
| १४ | सिता राई | वडा सदस्य | गाउँपालिका |
| १५ | चन्द्रकला राई | वडा सदस्य | गाउँपालिका |
| १६ | ज्ञान ब.माझी | वडा सदस्य | गाउँपालिका |
| १७ | बुधीमाया बि.क | वडा सदस्य | गाउँपालिका |
| १८ | रमा खड्का | वडा सदस्य | गाउँपालिका |
| १९ | हरी ब. क्षेत्री | वडा सदस्य | वडा |
| २० | नारायण प्र.श्रेष्ठ | वडा सदस्य | वडा |
| २१ | शान्तामाया मुग्राती | वडा सदस्य | वडा |
| २२ | यधुनन्दन सिग्देल | वडा सदस्य | वडा |
| २३ | रमेश कुमार खड्का | वडा सदस्य | वडा |
| २४ | इन्द्र कु.भुजेल (राई) | वडा सदस्य | वडा |
| २५ | मनमाया वि.क | वडा सदस्य | वडा |
| २६ | लिला ब. तामाङ | वडा सदस्य | वडा |
| २७ | सिता रम्तेल | वडा सदस्य | वडा |
| २८ | तुलसी राई | वडा सदस्य | |
| २९ | राज ब. राई | वडा सदस्य | |
| ३० | रमा माया वि.क | वडा सदस्य | |
| ३१ | अमृत गिरी | वडा सदस्य | |
| ३२ | छत्र ब.खडका (कवित) | वडा सदस्य | |
| ३३ | रेनुका कु.वि.क | वडा सदस्य | |
| ३४ | चन्द्र ब. तामाङ | वडा सदस्य | |
| ३५ | स्वस्तीका भुजेल | वडा सदस्य | |
| ३६ | सुनिता वि.क | वडा सदस्य | |
| ३७ | युवराज तामाङ | वडा सदस्य | |
| ३८ | गन्धमान थापा | वडा सदस्य | |
| ३९ | जानुका राई | वडा सदस्य | |
| ४० | हरि नारायण राई | | टेम्वा ७ |
| ४१ | बसन्त राई | | बतासे ४ |
| ४२ | मेरु कु. राई | | स.छितापोखरी - ५ |
| ४३ | सुर्य तामाङ | | वि.स. न.पा. खार्मी - ११ |

| क्र.सं. | नाम | पद | निकाय |
|---|---|---|---|
| ४४ | प्रेम चन्द्र | | वि.स. न.पा. खार्मी - ११ |
| ४५ | वि.के.महर्जन | सहजकर्ता | हेल्भेटास नेपाल परामर्शदाता |
| ४६ | शरण कुमार राई | | |
| ४७ | नरेन्द्र राई | | छिता पोखरी, गोर्गु |
| ४८ | राजेन्द्र राई | | यास्खा |
| ४९ | कुमार परियार | | डाँडागाउँ |
| ५० | सरगम बुढाथोकी | | कृषि जे.री र याम्खा |
| ५१ | भोजराज कार्की | | श्री सेतीदेवी प्र. वि |
| ५२ | जिवनराम गुरागाई | | |
| ५३ | बसन्त रम्तेल | | छोरम्बु सापातेल |
| ५४ | विरेन्द्र राय | | याम्खा - १ |
| ५५ | भगवती प्र. आचार्य | | याम्खा - १ |
| ५६ | तिर्थ कुमारी राई | | याम्खा - १ |
| ५७ | जिवन राई | | घोरम्ब |
| ५८ | उद्धव कुमार राई | | याम्खा - १ |
| ५९ | कल्पना राई | | याम्खा - १ कृषि प्राविधिक |
| ६० | रमेश निरौला | | याम्खा - १ पशु प्रविधिक |
| ६१ | लेखनाथ घिमिरे | | महेन्द्रतारा मा.वि - ४ |
| ६२ | सुवास खडका | | दि.चु. गा.पा- २ |
| ६३ | अशोक राई | | दि.चु. गा.पा- १ याम्खा |
| ६४ | दुर्गा प्रसाद गुरागाई | | श्री महेन्द्रादेय आ.वि. लि.लि |
| ६५ | राजन खड्का | | श्री सिहदेवी प्रा.वि.दि.चु.२ |
| ६६ | भिम ब. राउत | | दि.चु. गा.पा- २ डाँडागाउँ |
| ६७ | रिता बस्नेत | | श्री साप्खु निकेतन प्रा.वि. |
| ६८ | बम ब. थापा | | डाडाँगाउँ २ |
| ६९ | अम्बर देवकोटा | | श्री सावित्रा प्रा.वि.छि.च १ |
| ७० | मोहन राई | | दि.चु. गा.पा- १ छोरम्बु |
| ७१ | विना राई | | दि.चु. गा.पा- १ छोरम्बु |
| ७२ | नैनकला खड्की | | दि.चु. - १ याम्खा |
| ७३ | कल्पना राई | | दि.चु. - १ याम्खा |
| ७४ | रमेश खड्का | | दि.चु. - ५ छितापोखरी |
| ७५ | सम्भु रोका | | दि.चु. - २ |
| ७६ | डेनि कला राई | | दि.चु. - ४ |
| ७७ | उद्धव प्रसाद आचार्य | वडा सचिव | दि.चु. - ४ |
| ७८ | केशव कुमार खत्री | | दि.चु. - १ |
| ७९ | दिपक पौडेल खत्री | | दि.चु. - २ |
| ८० | विमानन्द चाम्लिङ | | दि.चु. - ५ |
| ८१ | भूमिराज राई | | पञ्चकन्या प्रा.वि.दि.चु ५ |
| ८२ | पवन राई | | ज.मा.वि.वतारि रि.चु ४ |
| ८३ | सुनिल राई | | जनविकास आ.वि.५ |
| ८४ | विष्णु ब. कार्की | | श्री म.मा.वि.याम्खा |

| क्र.सं. | नाम | पद | निकाय |
|---|---|---|---|
| ८५ | मुस्ताक अहमद मंसुरी | | स्वास्थ्य संयोजक |
| ८६ | प्रकाश चन्द्र | सचिव | ७ नं.वडा |
| ८७ | गंगाधर कार्की | | डाँडागाउँ २ |
| ८८ | पदम केशर राई | | श्री स.मा.वि.कुलागाउँ |
| ८९ | अशोक मेहता | | SIP |
| ९० | महेश प्रसाद श्रीवास्तव | | NASDP Helvetas |
| ९१ | शहरमान राई | | SaMi |
| ९२ | समिर वि.क | | EFSR – Helvetas / Nepal |
| ९३ | निर्मला सुब्बा | | SDC |
| ९४ | मण्डु बाबु अधिकारी | सहजकर्ता | हेल्भेटास नेपाल परामर्शदाता |
| ९५ | मनोज चौधरी | | हेल्भेटास नेपाल |
| ९६ | जनक सुवर्णकार | | SAHAJ – Swiss contact |
| ९७ | दिपेन्द्र घिमिरे | सहजकर्ता | हेल्भेटास नेपाल परामर्शदाता |
| ९८ | स्मृति आर.डि.एन | | हेल्भेटास नेपाल |
| ९९ | बद्री मानन्धर | | हेल्भेटास नेपाल |
| १०० | सृजना श्रेष्ठ | | हेल्भेटास नेपाल |
| १०१ | सम्भु कार्की | | डाँडा गाउँ |
| १०२ | लक्ष्मीदेवी बस्नेत | | कृषि प्राविधिक वडा नं.४ |
| १०३ | शम्भु तामाङ | | दि.चु.३ |
| १०४ | इन्द्रकला राई | | दि.चु.५ स.छि.पा |
| १०५ | निर ब. वि.क | | डाँडा गाउँ |


Diprung Gaunpalika
Khotang District
Overview Map
Sakela Gaunpalika
Rupakot Majhuwagadhi Nagarpalika
Halesi Tuwachung Nagarpalika
Sunkoshi Gaunpalika
Rautamai Gaunpalika
Khotehang Gaupalika
Diprung Gaunpalika
Legend
Settlement
Rivers/Stream
Nagarpalika/Gaupalika Border
Ward Border
Land Cover
Cultivation
Forest
Water Body
Barren Land
Grass
Bush
Sand
Strategic Roads
Black Top
Gravelled
Earthen
Under Construction
Planned
District Roads
Black Top
Gravel
Earthen
New Proposed
Local Roads
Local Roads Bridge Support Unit (LRBSU)
Manbhawan, Lalitpur
0
1.25
2.5
5 km